# परिच्छेद : एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक **मकवानपुरको राईगाउँका पहरीजातिमा प्रचलित लोकसाहित्यको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

पहरी नेपालका सीमान्त जातिहरूमध्ये अति पिछडिएको र प्रायः लोपको सङ्घारमा पुगेको जाति हो । नेपालमा यस जातिको जनसङ्ख्या ११ हजार ५ सय ५ रहेको छ ।[१] मकवानपुर जिल्लामा १ हजार १ सय र राईगाउँ गा.वि.स. का मुख्यतः १, ४, ५, ६ र ७ नं. वडाहरूमा यिनीहरूको जनसङ्ख्या ८ सय ९८ छ ।[२] राईगाउँ गा.वि.स. मा बसोबास गर्ने पहरीहरूको मुख्य पेसा माछा मार्ने र खेतीपाती गर्ने हो ।[३] डोरी बाट्नु, दाम्लोनाम्लो बनाउनु र बाँसको चोयाबाट विभिन्न सामानहरू बनाउनु र बङ्गुर पालन गर्नु यिनीहरूका

[१] कान्छाकाजी पहरी, **पहरी जातिको चिनारी पुस्तक**, ललितपुर : ने.प.वि.सं. (२०६२) पृ. ७ ।

[२] शुक्रमान राई, सचिव, राईगाउँ गा.वि.स., वर्ष ४८, सँगको अन्तरवार्ताअनुसार ।

[३] ऐजन ।

सहायक पेसा हुन् ।[४] यिनै पेसाहरूलाई यहाँका पहरीहरूले आफ्नो जीविकाको माध्यम बनाएका छन् । पहरी जातिको आफ्नै मौलिक मातृभाषा छ तथापि राईगाउँका अधिकांश पहरीहरू आफ्नो मातृभाषा जान्दैनन् । अहिले यहाँ यिनीहरूको मातृभाषा अर्थात् बोलिचालीको भाषा 'नेपाली भाषा' नै हो । अन्यत्र बसोबास गर्ने पहरीहरू बौद्ध धर्म मान्ने तथा अन्य धर्म मान्न थालेको भेटिए तापनि यहाँका ८० प्रतिशत पहरीहरू हिन्दू धर्म मान्ने र २० प्रतिशतले क्रिश्चियन धर्म अङ्गालेको पाइन्छ ।[५] राईगाउँका पहरीरुले मनाउने चाडपर्व र साँस्कृतिक गतिविधिहरूमा हिन्दूधर्मकै प्रभाव बढी भेटिन्छ । आफ्ना अनुभव र सुखदुःखका अनुभूतिहरूलाई लोकअभिव्यक्तिमा प्रकट गर्ने क्रममा यिनीहरूमा पनि लोकसाहित्यिक सम्पदा सुरक्षित र प्रचलित छ । **मकवानपुरको राईगाउँका पहरीजातिमा प्रचलित लोकसाहित्यको अध्ययन** शीर्षकको यस शोधपत्रमा राईगाउँ गाविसका पहरी जातिमा प्रचलित लोकसाहित्यिक अभिव्यक्तिको खोज, सङ्कलन, वर्गीकरण र विश्लेषणलाई अध्ययनको मुख्य विषय बनाइएको छ ।

## १.४ शोध समस्या

नेपालको मध्य भागमा पर्ने मकवानपुर जिल्लाको पूर्वी भागमा अवस्थित गाविस नै राईगाउँ हो । यस गाविसका पहरी जातिमा प्रचलित लोकसाहित्य यस शोध-कार्यको मुख्य समस्या हो । मुख्य समस्यासित सम्बन्धित यस शोधकार्यका आधारभूत समस्याहरू निम्नलिखित छन् :-

क) मकवानपुर जिल्लाको राईगाउँ गाविसका पहरीजातिको सामाजिक, सांस्कृतिक अवस्थितिका सन्दर्भमा त्यस जातिमा प्रचलित लोकसाहित्यको अवस्था कस्तो छ ?

ख) राईगाउँका पहरीजातिमा प्रचलित लोकसाहितयको सङ्कलन र तिनको विधागत वर्गीकरण के-कसरी गर्न सकिन्छ ?

ग) राईगाउँका पहरीजातिमा के-कस्ता लोकगीतहरू प्रचलनमा छन् ?

घ) राईगाउँका पहरीजातिमा के-कस्ता लोककथाहरू प्रचलनमा रहेका छन् ?

---

[४] छत्रबहादुर पहरी, वर्ष-५४, राईगाउँ-४, शाखाटारको अन्तरवार्ताअनुसार ।

[५] ऐजन ।

ङ)	राईगाउँका पहरीजातिमा के-कस्ता गाउँखाने कथाहरू प्रचलनमा रहेका छन् ?

च)	राइगाउँका पहरीजातिमा के-कस्ता कथ्य विषयसँग सम्बन्धित उखान र टुक्काको प्रयोग परम्परा छ ?

यसरी स्थानीय पहरी जातिमा प्रचलित लोकसाहित्यको अध्ययन, विश्लेषण र समस्याहरूको समाधानतर्फ यो शोधकार्य केन्द्रित रहेको छ ।

## १.५ शोधको उद्देश्य

मकवानपुर जिल्लाको राईगाउँ गाविसका पहरीहरूमा प्रचलित लोकसाहित्यको अध्ययन गर्नु नै यस शोधको मुख्य उद्देश्य हो । राईगाउँका पहरीहरूको लोकसाहित्यलाई प्रमुख विषयवस्तु बनाई त्यसैको सीमाभित्र यो शोधपत्र तयार पारिएको छ । मुख्यतः यस शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :-

क)	मकवानपुर जिल्लाको राईगाउँ गाविसका पहरीजातिको सामाजिक, साँस्कृतिक अवस्थितिका सन्दर्भमा त्यस जातिमा प्रचलित लोकसाहित्यको पहिचान गर्नु ।

ख)	राईगाउँका पहरीजातिमा प्रचलित लोकसाहित्यको सङ्कलन र तिनको विधागत वर्गीकरण गर्नु ।

ग)	राईगाउँका पहरीजातिमा प्रचलित लोकगीतको सङ्कलन, अध्ययन र विश्लेषण गर्नु ।

घ)	राईगाउँका पहरीजातिमा प्रचलित लोककथाहरूको सङ्कलन र अध्ययन गर्नु ।

ङ)	राईगाउँका पहरीजातिमा प्रचलित गाउँखाने कथाहरूको सङ्कलन र अध्ययन गर्नु ।

च)	राईगाउँका पहरी जातिमा प्रचलित उखान र टुक्काहरूको सङ्कलन गरी तिनका कथ्य विषय पहिल्याउनु ।

यिनै उद्देश्यहरूको परिपूर्तिमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

नेपालमा पहरीजातिसम्बन्धी खोज अनुसन्धान धेरै कम भएको छ । अझ मकवानपुरे पहरी र राईगाउँ गाविसमा बसोबास गर्ने पहरीहरूको इतिहास खोतल्ने काम आजका मितिसम्म भएकै छैन । यस जातिका बारेमा उल्लेख गरिएका भनाइ र प्रकाशित भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रकाशन तथा लेखकका कृति, लेख, रचना र अनुसन्धानलाई समेट्दै यहाँ त्यसको छोटो समीक्षा प्रस्तुत गरिएको छ ।

बालकृष्ण पोखरेल (नि.) ले **नेपाली बृहत् शब्दकोश**मा डाला, नाङ्ला आदि बुन्ने पेसा भएको एक जाति र त्यस जातिको भाषा भनी पहरी जाति र तिनले बोल्ने भाषालाई चिनाएका छन् ।[६]

हेमाङ्गराज अधिकारीले **प्रयोगात्मक नेपाली शब्दकोश**मा पहरा गर्ने व्यक्ति, पहरी तथा उपत्यकाको दक्षिणपूर्वतिर बसोबास गर्ने एक पहाडी जाति भनेर यस जातिको परिचय खुलाएका छन् ।[७]

वसन्तकुमार शर्माले **नेपाली शब्दसागर**मा नाङ्ला, डाला बुन्ने एक पहाडिया जाति र त्यस जातिको बोली भनी यस जातिको परिचय दिँदै बालकृष्ण पोखरेलकै चिनारी अघि सारेका छन् ।[८]

ह्यान्डर्फ एम् र ग्रिस्टोफर बोरफ्युमले **काष्ट एण्ड किंग अफ् नेपाल** नामक पुस्तकमा यस जातिको उत्पत्ति र धर्मका बारेमा उल्लेख गर्दै भनेका छन्, “शारीरिक संरचना तथा आर्थिक, सामाजिक अवस्था तामाङ जातिसँग मिल्दोजुल्दो हुने पहरीहरू मंगोल जातिको समुदायमा पर्ने भोट-बर्मेली भाषा बोल्ने गर्छन् साथै यिनीहरूले बौद्ध धर्म मान्दैनन् ।”[९]

जर्ज ग्रियर्सनले **द लिङ्ग्विस्टिक सर्भे अभ इण्डिया** नामक पुस्तकमा आफ्नो थर पही, पाइ, पहाडी, पाढी आदि लेख्ने पहरी र त्यस जातिको भाषा ‘पहरी भाषा’ नेवारी भाषाकै एउटा उप-भाषिका हो भनी चर्चा गरेका छन् ।[१०]

---

[६] बालकृष्ण पोखरेल (नि.) **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : ने.रा.प्र.प्र. (२०६०) पृ. ७५५ ।

[७] हेमाङ्गराज अधिकारी, **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. (२०६१) पृ. ६०२ ।

[८] वसन्तकुमार शर्मा, **नेपाली शब्दसागर**, काठमाडौं : भाभा प्रकाशन (२०५८) पृ. ८१८ ।

[९] ह्यान्डर्फ एम्, ग्रिस्टोफर बोरफ्युम, **कास्ट एन्ड किंग अफ् नेपाल**, इण्डिया : बम्बै एशिया प्रकाशन (सन. १९६६) पृ.१६ ।

[१०] जर्ज ग्रियर्सन, **द लिङ्ग्विस्टिक सर्भे अफ इन्डिया**, दिल्ली : मोतीलाल बनारसीदास (सन् १९६७) पृ. ४९८ ।

गोपालसिंह नेपालीले आफ्नो पुस्तक **द नेवार्समा** पहरीजातिलाई नेवारहरूको जातिगत विभाजनमा हिन्दू नेवारअन्तर्गत पर्ने एक जाति हो र उपत्यकाबाट लोप हुँदै गएको साथै पूर्वी पहाडको तल्लो भागमा पाइने पहरीहरूको नेवारसँग जातीय सम्बन्ध रहेको अनि ज्यापूको 'पिही र पही' शाखा नै पहरीका पुर्खा भएको अनुमान गर्न सकिन्छ भनी यस जातिको पुर्खाको परिचय दिँदै यिनीहरूको परिचय खुलाएका छन् ।[११]

विभिन्न जातिको जातीय पहिचानका बारेमा उल्लेख गर्दै डोरबहादुर विष्टले आफ्नो पुस्तक **सबै जातको फुलबारीमा** पहरी जातिको परिचय दिँदै भनेका छन्, "परम्परागत रूपमा तामाङहरूसँग अन्य जाति पनि बस्ने गर्छन् ती हुन् थामी र पहरी । यी दुई जातिको धार्मिक, सामाजिक, आर्थिक एवम् बानी बेहोरा, कामकाज, बसाइ, लवाइखवाइ तामाङसँग मिल्दोजुल्दो भए तापनि भाषा र उत्पत्ति अलग-अलग भएका जाति हुन् ।"[१२]

लेखक रोशन सुवेदीले **गोरखापत्रमा** आफ्नो लेख प्रकाशति गर्दै भाषा, वेशभूषा, चाडपर्व, विवाह-पद्धति, मृत्युसंस्कार, तन्त्रमन्त्र र भूतप्रेतमा विश्वास राख्ने जाति तथा गरिबी र अज्ञानताका सिकार भएका प्रायः लोपको सङ्घारमा उभिएको नेपालको एक जाति भनी चिनाउने प्रयास गरेका छन् ।[१३]

ज्ञानेश्वर भट्टराईले **बृहत् ज्ञानकोशमा** यस जातिको चर्चा गर्दै भनेका छन्, "बागमती अञ्चलको काभ्रेपलाञ्चोक जिल्लाको खोपासी, सातघारी र पलाञ्चोक गाविसमा २ सय घर परिवारमात्र भएका अन्यत्र नपाइने अल्पसंख्यक जाति पहरी हो । यो जातिको पारिवारिक तथा सामाजिक संरचना मातृसत्तात्मक रहेको छ । यस जातिको परम्परागत पेसा कृषि, पशुपालन, राडीपाखी बुन्नु, डाला-नाङ्ला बनाउनु हो ।"[१४] त्यसैगरी सोही पुस्तकमा, "कुनै राजाको भान्सेले खाना बनाई चाख्ने गरेको र सो थाहा पाई राजाले उसलाई दरबारबाट निष्काशित गरी पहाडको पहरा-पखेरामा निर्वासित गरेकाले उसलाई 'पहरे' वा 'पहरी' भनियो भने उसका सन्तान वा वंशज पहरी कहलिए पनि भनिएको छ ।"[१५] "तिब्बतबाट नेपाल प्रवेश गरेका परिवारलाई पाल्ने पहराको काममा खटाइएकाले त्यसरी खटाइएका सबै

---

[११] गोपालसिंह नेपाली, **द नेवार्स**, इण्डिया : बम्बै युनाइटेड एशिया पब्लिकेशन (सन् १९६५) पृ. ३२ र १५० ।

[१२] डोरबहादुर विष्ट, **सबै जातको फुलबारी**, ललितपुर : सा.प्र. (२०५२) पृ. ४९ ।

[१३] रोशन सुवेदी, *पिछडिएका पहरीको उत्थान कहिले ?* **गोरखापत्र**, २०६५ भदौ २६ ।

[१४] ज्ञानेश्वर भट्टराई, **बृहत् ज्ञानकोश**, काठमाडौं : आशिष पुस्तक भण्डार, पन्धौ संस्क. (२०५६) पृ. ३६९ ।

[१५] ऐजन ।

पहरे वा पहरी कहलिए"[१६] भन्दै आफ्नो मूल थलो दैलेख जिल्लाको डुल्लु क्षेत्रको पहरी गाउँ भएको र त्यहींबाट यिनीहरू बसाइँ सरी अन्यत्र गए पनि आफ्नै पैतृक थलो पहरीको सम्झनामा आफूलाई 'पहरी' भन्न रुचाउने कुरा ज्ञानेश्वर भट्टराईले उक्त पुस्तकमा बताएका छन् ।[१७] यस जातिको थर, भाषा, संस्कृति, पेसा आदिका बारेमा उल्लेख गर्दै ज्ञानेश्वर भट्टराईले "आफूलाई वैश्यजातिका मान्ने यी जातिहरू कालिञ्चोके, माथरथोके, करजंगे र गरगने गरी चार थर भएका छन् । थामी र हायूभन्दा माथिल्लो श्रेणीमा मानिने पहरीको नेवारी भाषासँग सामीप्यता रहेको छुट्टै पहरी भाषा छ । हिन्दू धर्म र संस्कृतिबाट दीक्षित पहरीहरू माछामार्ने, ज्याला मजदुरी गर्ने, भारी बोक्ने गर्छन् ।" भनेका छन् ।[१८]

नेपालमा पहरी विकास संघका केन्द्रीय संयोजक कान्छाकाजी पहरीले लेखेको पुस्तक **पहरी (पिही) जातिको चिनारीमा** तालुकी प्रथा कायम हुँदा जिम्मुवाललाई मिजार गग्रुङ भन्ने चलन थियो । दशैंमा रैतीहरू प्रसादस्वरूप बोका तथा राँगाको टाउको लिएर आफ्ना मिजार तथा गग्रुङ मान्न तथा टीका थाप्न जान्थे । तालुकी प्रथा हटी पगरीहरण भएकाले 'पहरी' हुन गएको हो र यस जातिका पुरुषले शिरमा अहिले पनि पगरी वा फेटा विवाह तथा मांगलिक कार्यहरूमा लगाउनुले सो कुराको पुष्टि भएको भनी चर्चा गरिएको छ ।[१९] "सिन्धुपाल्चोक जिल्लाको धुस्कुन गाविसका गोल्मा राजारानीका सन्तान नै हालका पहरी हुन् । पश्चिमेली ख्याली गीत गाउने हुनाले यिनीहरू पश्चिमबाटै आएको हुनुपर्छ ।" भनी सो पुस्तकमा उलेख गरिएको छ ।[२०]

कुनै राजाका पालामा पहरीहरू भान्से थिए । भान्सेले भान्सामा परिकार स्वादिष्ट बनाउने र त्यो बनाउनाको कारण के होला भनी एकदिन राजाले चियो चर्चा गर्दा तिउन चाखेको देखेर पहरामा बस्ने फोहरी भनी गाली गर्दा पछि सोही शब्द अप्रभंश भई 'पहरी' हुन गएको हो ।[२१]

---

[१६] ऐजन ।

[१७] ऐजन ।

[१८] ऐजन ।

[१९] कान्छाकाजी पहरी, **पहरी जातिको चिनारी**, ललितपुर : ने.प.वि.सं. (२०६२) पृ. ४ ।

[२०] पूर्ववत्, पृ. ३ ।

[२१] पूजन पोखरेल, **बडीखेलका पहरीहरूको एक समाजशास्त्रीय अध्ययन**, अ.प्र. शोधपत्र, समाजशास्त्र विभाग, त्रि.वि.वि. केन्द्रीय क्याम्पस (२०५६) ।

यस जातिको उत्पत्तिसम्बन्धी ठोस प्रमाण र विवरणहरू हालसम्म पनि प्राप्त नभएको र कतै-कतै यस जातिको उत्पत्तिका बारेमा किंवदन्तीहरू फेला परेकोले त्यसलाई छोटकरीमा यहाँ समेट्ने प्रयास गरिएको छ । "परापूर्व कालमा भादगाउँको नेवार राजाको दरबारमा भान्से थिए रे ! एक दिन ती नेवार भान्सेले प्रत्येक परिकार बनाउँदै चाख्दै धोतीमा हात दलेको राजाले देखेछन् र 'फोहोरी' भनी गाली गर्दै देश निकाला गरेछन् । यसरी देश निकाला गरिएका ती जातिहरू जंगलमा गएर बस्न थाले रे ! देश निकालाको समय सकिएपछि जंगली स्वरूपमै शहर आए र तिनै राजाले गोदावरीको 'कोइकू' भन्ने ठाउँमा उनीहरूलाई बस्ने अनुमति दिए । त्यहाँका स्थानीय बासिन्दाले राजाद्वारा राखिएका ती व्यक्तिलाई 'फोहरी-फोहरी' भनी गिल्ला गर्न थाले र कालान्तरमा त्यो 'फोहरी' शब्द अपभ्रंश भएर 'पहरी' भनिन थालियो, जुन यस जातिको उत्पत्तिको स्रोत हो ।[२२]

"पहरी जाति नेपालको आदिम जाति हो । यस जातिका पुर्खाहरू ललितपुरको बडीखेल, टीकाभैरव, लेले, टोखेल, चापागाउँ र काभ्रेको खोपासी, राङ्घाट, तल्लोगाउँ, माथिल्लो गाउँ र पलाञ्चोकमा बसोबास गर्दै आएका हुन् ।"[२३]

भक्तपुरको तलेजु भैरवस्थानको शिलापत्रमा यस जातिको उत्पत्तिका बारेमा भनिएको छ, "यिनीहरू नेवार वर्गकै उच्च जातिको रूपमा रहेका र पछि कुनै समयमा पतन भएर 'पहरी' हुन गएको हो ।"[२४] राईगाउँका धेरै पहरीहरू आफ्नो भाषा बोल्न जान्दैनन् । आफ्नो रीतिरिवाज, चालचलन, धर्मसंस्कृतिका बारेमा पनि उनीहरूलाई थाहा छैन । पुर्ख्यौली थलोका बारेमा पनि अनभिज्ञता जाहेर गर्छन् । पेसाका बारेमा पनि अन्यत्र बस्ने पहरीसँग यिनीहरूको मत मिल्दैन तरपनि उनीहरूका बूढापाकाका भनाइअनुसार राईगाउँका पहरीहरू यस गाविसमा काभ्रे, ललितपुर, सिन्धुली हुँदै आएर बसेका हुन् र उपत्यकाका पहरीहरूकै पुर्खा उनीहरूका पनि हुन् ।[२५]

यसप्रकार पहरीजातिको कथ्यभाषा, पहरी जाति, पहरी धर्मसंस्कृति, जातिगत उत्पत्ति, जातिगत पेसा आदि पक्षमा चर्चा परिचर्चा भए पनि राईगाउँका पहरीजाति र त्यस जातिमा प्रचलित लोकसाहित्यको सङ्कलन र अध्ययन भने भएको छैन । त्यसैले प्रस्तुत

---

[२२] मधुसूदन पाण्डे, **नेपालका जनजातिहरू**, तेस्रो संस्करण, काठमाडौं : पैरवी प्रकाशन (२०६३) पृ. ६४।

[२३] नगेन्द्र शर्मा, **नेपाली जनजीवन**, ललितपुर : सा.प्र., दोस्रो संस्करण (२०५२) पृ. ८३ ।

[२४] मधुसुदन पाण्डे, **नेपालका जनजातिहरू** काठमाडौं : पैरवी प्रकाशन (२०६३) पृ. ६४ ।

[२५] छत्रबहादुर पहरी, पूर्ववत् ।

शोधपत्र राईगाउँका पहरीहरूमा प्रचलित लोकसाहित्यको सङ्कलन, वर्गीकरण र त्यसको अध्ययनमा केन्द्रित छ ।

## १.७ शोधको औचित्य र महत्त्व

मकवानपुर जिल्लाको राईगाउँ गाविसमा रहेका पहरीहरूको लोकसाहित्यको अध्ययन अनुसन्धान नभएको र सो कार्यमा यो शोध अघि बढेकाले यसको महफ्व अझ बढी छ । राईगाउँ गाविसमा रहेका पहरीहरूको लोकसाहित्यिक अवस्थालाई नजिकबाट नियाल्दै त्यसका विविध पक्षमाथि जानकारी प्रस्तुत गरी यसका बारेमा जान्न खोज्नेहरूलाई नवीन ढोका खोल्नु यस शोधको औचित्य र महफ्व हो । यस शोधको औचित्य र महफ्वलाई बुँदामा निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

क) मकवानपुर जिल्लाको राईगाउँ गाविसका पहरी जातिको सामाजिक, सांस्कृतिक अवस्थितिका सन्दर्भमा त्यस जातिमा प्रचलित लोकसाहित्यको चिनारी दिनु ।

ख) राईगाउँका पहरीजातिमा प्रचलित लोकसाहित्यको सङ्कलन र वर्गीकरण गर्दै त्यसका बारेमा जान्न खोज्नेहरूलाई त्यससम्बन्धी नयाँ जानकारी दिनु ।

ग) राईगाउँ गाविसका पहरीजातिमा प्रचलित लोकगीतहरूको सङ्कलन गर्दै त्यसमा अध्ययन गर्न चाहनेहरूलाई सहयोग पुऱ्याउनु ।

घ) राईगाउँ गाविसका पहरी जातिमा प्रचलित लोककथाहरूको सङ्कलन र अध्ययन गर्दै त्यसका बारेमा जान्न चाहनेहरूलाई सहयोग पुऱ्याउनु ।

ङ) राईगाउँ गाविसका पहरी समाजमा प्रचलित गाउँखाने कथाहरूको सङ्कलन गरी त्यसको अध्ययन गर्नेहरूलाई नवीन ढोका उघार्नु ।

च) राईगाउँका पहरीहरूमा प्रचलित उखान र टुक्काहरूको सङ्कलन र तिनका कथ्यविषय पहिल्याई त्यसका बरोमा जान्न र अध्ययन गर्न चाहने जिज्ञासुहरूलाई नयाँ-नयाँ कुराहरूको जानकारी प्रस्तुत गर्नु ।

यसरी माथि उल्लिखित बुँदाहरूका आधारमा पनि के कुरा प्रस्ट गर्न सकिन्छ भने यो शोधकार्य एउटा पिछडिएको प्रायः लोपको सङ्घारमा पुगेको जातिको लोकसाहित्यका विभिन्न विधामा केन्द्रित रहेकाले र यस जातिका बारेमा अहिलेसम्म विस्तृत अध्ययन-अनुसन्धान नभएकाले यसका बारेमा जान्न र बुझ्न चाहनेहरूलाई सहयोग पुग्ने हुनाले तथा

लोकसाहित्यका क्षेत्रमा नेपाली वाङ्मयको श्रीवृद्धिसमेत हुने भएकाले यसको औचित्य र महफ्व स्पष्ट रहेको छ ।

## १.८ प्राक्कल्पना

यस प्राक्कल्पनाले मकवानपुर जिल्लाको सुदूरपूर्वमा अवस्थित राईगाउँ गाविसका पहरी जातिको प्रचलित लोकसाहित्यको क्षेत्र र सीमा निश्चित गर्ने, शोधकार्यलाई उचित दिशा प्रदान गर्ने, शोधकार्यलाई सामान्यीकरण गर्दै निष्कर्षमा पुऱ्याउने, सामग्री सङ्कलनमा सरल, सजिलो र सुगम तरिका र बाटो देखाउने काम गरेको छ । शोधको पूर्वानुमानमा सहयोग पुऱ्याएको यस प्राक्कल्पनालाई निम्नानुसारका बुँदामा समेटिएको छ :-

क) राईगाउँमा बसोबास गर्ने पहरी जातिको आफ्नै सामाजिक, सांस्कृतिक पहिचान छ र यस जातिमा लोकसाहित्यको प्रचलन-परम्परा छ ।

ख) राईगाउँका पहरीजातिमा प्रचलित र सङ्कलित लोकसाहित्यलाई लोकगीत, लोककथा, गाउँखाने कथा, उखान र टुक्कामा वर्गीकरण गरिएको छ ।

ग) राईगाउँका पहरी जातिमा भ्याउरे, चुड्का, सङ्गिनी, शिशु, कर्म, पर्व, सामान्य र संस्कारजन्य लोकगीतअन्तर्गतका चौबीसवटा गीतहरू प्रचलनमा रहेका छन् ।

घ) राईगाउँका पहरी जातिमा किंवदन्तीमूलक, सामाजिक, पशुपक्षी तथा अतिप्राकृतिक विषयसँग सम्बन्धित चारवटा लोककथाहरू प्रचलनमा छन् ।

ङ) राईगाउँका पहरीजातिमा कृषि व्यवसायसम्बन्धी, घरेलु जीवनसँग सम्बन्धित, शरीरसँग सम्बन्धित, प्रकृतिसम्बन्धी र विविध विषयसँग सम्बन्धित गाउँखाने कथाहरू प्रचलनमा छन् ।

च) राईगाउँ गाविसमा सामाजिक तथा नीति चेतनासम्बन्धी, ज्ञान-विज्ञानसम्बन्धी, कृषिसम्बन्धी, लोकविश्वाससम्बन्धी र विविध विषयमूलक उखानहरू प्रचलनमा छन् भने क्रियापदयुक्त र क्रियापदमुक्त गरी दुईप्रकारका टुक्काहरूको प्रचलन छ ।

यस शोधपत्रमा यिनै प्राक्कल्पनाहरूको परीक्षण गरिएको छ ।

## १.९ शोधकार्यको सीमा

मकवानपुर जिल्लाको राईगाउँ गाविसका पहरी जातिको सामाजिक, सांस्कृतिक सन्दर्भमा त्यस जातिमा प्रचलित लोकसाहित्यका विभिन्न विधाहरूको सङ्कलन, वर्गीकरण र अध्ययन नै प्रस्तुत शोधको सीमाङ्कन हो, यी बाहेकका अन्य कुरा यस शोधको सीमाभित्र परेका छैनन् ।

## १.१० सामग्री सङ्कलन र शोधविधि

लोकसाहित्य मुख्यतः क्षेत्रकार्यसित सम्बन्धित भएको हुँदा क्षेत्रगत अध्ययन भ्रमण र सङ्कलनलाई सामग्री सङ्कलनको मुख्य आधार बनाइएको छ ।

प्राथमिक स्रोतका रूपमा यसै जिल्लाका पहरीहरूसँग सोधखोज गरिएको, साथै यसका बारेमा भनिएका कुराहरूको विश्वसनीयता र तथ्यलाई बढाउन राईगाउँ गाविसको स्थलगत भ्रमण गरी त्यहाँका प्रत्येक वडाहरूका पहरीहरूसँग भेटघाट गरी नवीन कुरा खोतल्ने प्रयास गरिएको छ । यस जिल्लाको जिविस कार्यालय, शाखा तथ्याङ्क कार्यालय, राईगाउँ गाविस कार्यालय, पहरी राष्ट्रिय मुक्तिमोर्चा, पहरी विकास सङ्घ आदिबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ । सङ्कलनका क्रममा सङ्कलित सामग्रीहरूका बारेमा उठेका प्रश्न र जिज्ञासाहरूलाई सम्बन्धित जातिसँग भेट गरी विभिन्न प्रश्नावली, अन्तर्वार्ता आदिद्वारा समाधान गरिएको छ । पहरी जातिका सम्बन्धमा सन्दर्भ सामग्रीको उपयोगका निम्ति सम्बद्ध व्यक्ति, अध्येता, सूचनाकेन्द्र, गाविस कार्यालय, जिविस कार्यालय, पुस्तकालय आदिलाई सामग्री सङ्कलनको माध्यम स्रोत बनाइएको छ ।

## १.११ शोध विश्लेषण विधि

सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका निम्ति पुस्तकीय विधिलाई उपयोग गरिएको छ । वर्गीकरण मापदण्ड, अध्ययन-विश्लेषणको पद्धतिका निम्ति लोकसाहित्यको विधागत सिद्धान्त, वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक पद्धतिलाई अपनाइएको छ ।

## १.१२ शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई निम्नलिखित छ परिच्छेदहरूमा विभाजन गरिएको छ :

**परिच्छेद : एक**

यो परिच्छेद शोध परिचयका रूपमा रहेको छ । यस अन्तर्गत विषय परिचय, समस्या कथन, उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, प्राक्कल्पना, शोधकार्यको सीमा, सामग्री सङ्कलन विधि, शोध विश्लेषण विधि र शोधको रूपरेखा रहेका छन् ।

**परिच्छेद : दुई**

यस परिच्छेदअन्तर्गत राईगाउँ गा.वि.स. र पहरी जातिको चिनारी दिँदै उनीहरूको सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक सन्दर्भ र लोकसाहित्य तथा यससँग सम्बद्ध विषयको विश्लेषण गरिएको छ ।

**परिच्छेद : तीन**

यस परिच्छेदमा लोकसाहित्यको सैद्धान्तिक परिचय विभिन्न विद्वान्हरुका मतमतान्तरसहित यसका विधा र उपविधाको अध्ययन गरिएको छ ।

**परिच्छेद : चार**

यस परिच्छेदअन्तर्गत राईगाउँ गाविसका पहरी जातिमा प्रचलित लोकसाहित्यको सङ्कलन र वर्गीकरण गरिएको छ ।

**परिच्छेद : पाँच**

यस परिच्छेदअन्तर्गत राईगाउँ गाविसका पहरीजातिमा प्रचलित लोकसाहित्यको अध्ययन र विश्लेषण गरिएको छ ।

**परिच्छेद : छ**

यो परिच्छेद उपसंहार वा निष्कर्षका रूपमा रहेको छ । यसमा हरेक परिच्छेदको सारांश दिँदै अन्त्यमा निष्कर्षको निष्कर्ष प्रस्तुत गरिएको छ ।

अन्तमा भावी अध्ययन र अध्येताका लागि सम्भावित शीर्षकहरू पनि दिइएका छन् । यसरी शोधपत्रको मुख्य भागका अन्त्यमा सन्दर्भ सामग्री र परिशिष्टसमेत समावेश गरी सर्वाङ्गपूर्ण शोध प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# राईगाउँ गाविसका पहरीजातिको सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक सन्दर्भ र लोकसाहित्य

## २.१ राईगाउँ गाविसको परिचय

मकवानपुर जिल्लाको ४३ गाविसमध्येको एक गाविस राईगाउँ हो । मकवानपुर जिल्लाको निर्वाचन क्षेत्र नं. १ मा यो गाविस पर्दछ । सदरमुकाम हेटौंडाबाट ६५ कि.मी. पूर्वमा अर्थात् २२ कोस पैदलयात्रा तय गरेपछि यस गाविसमा पुगिन्छ । उत्तरमा फापरबारी, दक्षिणमा रौतहट जिल्ला, पूर्वमा वागमती नदी र सिन्धुली जिल्ला तथा पश्चिममा धियाँल गाविससँग यसको सिमाना जोडिएको छ । यस गाविसका प्राचीन एवम् आदि जाति दनुवार राईहरू रहेको र उनीहरूकै थरबाट यस गाविसको नाम राईगाउँ रहेको हो ।[२६] यस राईगाउँ गाविसमा क्षेत्री-बाहुनको भन्दा जनजातिहरूको जनसङ्ख्या धेरै बढी छ ।[२७]

तामाङ, दनुवार, राई, माझी, पहरी, मगर, कामी, दमाई, क्षेत्री, बाहुन, नेवार, भोटे, तेली, सुँढी यादव, थारु, धिमाल लगायतका अन्य २४ जातजातिहरूको बसोबास रहेको यस गाविसमा तेस्रो धेरै जनसङ्ख्या पहरीहरूको हो ।[२८] १० हजार ७ सय ८५ जनसङ्ख्या रहेको यस गाविसमा तामाङहरू सबैभन्दा बढी छन् । आधा जनसङ्ख्या तामाङहरूले ओगटेको यस गाविसलाई वरिपरि खहरेखोला र जङ्गलले घेरेको छ । उष्ण हावापानी रहेको यस गाविसका अधिकांश जनता कृषिमै निर्भर छन् भने शिक्षामा अति पछि परेको र आर्थिक विपन्नतामा यहाँका जनता बाँच्न विवश छन् ।[२९] करौंजे, भैंसे, माझगाउँ, बोटेगाउँ, हात्तीढुङ्गा,

---

[२६] **जिल्ला वस्तुगत विवरण**, जिल्ला तथ्याङ्क कार्यालय, हेटौंडा (२०६२) पृ. ४-६५ ।

[२७] शुक्रमान राई, वर्ष-४७, सचिव, राईगाउँ गाविसको अन्तर्वार्ता अनुसार ।

[२८] ऐजन ।

[२९] ऐजन ।

शाखाटार, राईगाउँ, भुर्कुसटोल, पूर्वीटोल, टाँडी, डोटेगाउँ, गडन, तीनतले, शल्यनी र तीन भङ्गाले यस गाविसका मुख्य मानव बस्ती हुन् ।[३०]

## २.२ पहरी जातिको परिचय र राईगाउँमा यिनीहरूको उपस्थिति

नेपालमा ११ हजार ५ सय ५ कुल जनसङ्ख्या रहेको र मकवानपुरको राईगाउँ गाविसमा मात्र कुल जनसङ्ख्याको ७.८० प्रतिशत जनसङ्ख्या रहेको नेपालको अति पिछडिएको र प्रायः लोपको सङ्घारमा उभिएको पुरानो जाति 'पहरी' हो ।[३१]

उपत्यकाका केही जिल्ला र काभ्रे, रामेछाप, सिन्धुली हुँदै वागमती खोलाको तिरैतिर राईगाउँ गाविसमा यिनीहरूको आगमन आजभन्दा करीब १/२ सय वर्ष अघिबाट भएको अनुमान गरिन्छ ।[३२] राईगाउँ गाविसका विभिन्न वडाहरूमा यस 'पहरी' जातिको बाक्लो बसोबास रहेको छ । प्रायः सबै वडाहरूमा यिनीह्रूको बसोबास भएको कुरा बताइए तापनि राष्ट्रिय जनगणना २०५८ ले यस गाविसका १, ४, ५, ६, ७ मा मात्र यिनीहरूको बसोबास रहेको तथ्याङ्क अघि सारेको छ । साथै सोही तथ्याङ्कले यिनीहरूको जनसङ्ख्या ८ सय ९८ रहेको जनाएको छ ।[३३]

राईगाउँ गाविसका आदिम र पुरानो जातिमा पर्ने पहरीहरूको वडागत जनसङ्ख्या र घरधुरीलाई तालिकामा निम्नानुसार देखाइएको छ :

क) वडागत विवरण

तालिका सङ्ख्या-१

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जनसङ्ख्या | १९८ | - | - | ३०० | ३५ | ३११ | ५४ | - | - | ८९८ |

ख) वडागत घरधुरी सङ्ख्या

तालिका सङ्ख्या-२

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| घरधुरी | ३३ | - | - | ५६ | ५ | ५४ | ९ | - | - | १५७ |

[३०] ऐजन ।

[३१] जि.व.वि., पूर्ववत् ।

[३२] छत्रबहादुर पहरी, पूर्ववत् ।

[३३] जि.व.वि., पूर्ववत्, पृ. ३३ ।

माथिका दुई तालिकाले प्रस्ट पारेको छ राईगाउँ गाविसका १, ४, ५, ६ र ७ नं. वडा पहरीको बाक्लो जनसङ्ख्या रहेको वडाहरू हुन् ।[३४] जहाँ यिनीहरूको कुल जनसङ्ख्या ८ सय ९८ रहेको छ । राईगाउँ गाविसका करौँजे, भैंसे, शाखाटार, भुर्कुसटोल, राईगाउँ, पूर्वीटोल, टाँडी र डोटेगाउँ पहरीहरूको उपस्थिति रहेका गाउँहरू हुन् ।[३५] मुख्य पेसा माछा मार्नु, सहायक पेसा खेतीपाती र पशुपालनलाई अपनाउने यहाँका पहरीहरूले आफ्नो जातिको मौलिक संस्कृति, भाषा, साहित्य बिर्सदै गएका छन् ।[३६] १/२ सय वर्षदेखि यस गाविसमा बसोबास गर्दै आएका पहरीहरूको पुर्ख्यौली थलो काठमाडौं उपत्यका हो ।

## २.३ राईगाउँका पहरीहरूको सामाजिक जीवन

यहाँ राईगाउँ गाविसका पहरीहरूको सामाजिक जीवनका विविध पक्षलाई सङ्क्षेपमा प्रकाश पारिएको छ ।

### २.३.१ घरको बनोट

राईगाउँ गाविसमा बसोबास गर्ने पहरीहरूको कुनै-कुनै वडाहरूमा बाक्लो बस्ती छ भने कहीँ-कतै एक्ला-एक्लै घरहरू रहेका छन् । कतै-कतै काठको एक-दुई तले घरहरू छन् भने धेरैजसो खरले छाएका झुपडीहरू छन् । झुपडी घर विपन्नताको परिचायक हो भने केही राम्रा घरहरू हुनेखाने र जानेबुझेका पहरीहरूका छन् । घरको पछिल्तिर गाईगोठ, सुँगुरखोर, कुखुराखोर, परेवाको खोर, बाख्राखोर तथा अघिल्तिर आँगन तथा प्रायः घरमा पिँढीको व्यवस्था गरिएको छ । रातो, पहेँलो र कमेरो माटोले लिपपोत गरिएका राम्रा गाउँले घरहरू यहाँ देखिन्छन् साथै यहाँका पहरीहरूले इष्टदेवका रूपमा भीमसेनको पूजा गर्छन् ।[३७] माझीहरूको इष्टदेव भीमसेन हो । यहाँका पहरीहरू माझीहरूसँग आदिकालदेखि नै घुलमिल गरी बसेकाले उनीहरूले पनि भीमसेनलाई नै आफ्नो इष्टदेव मानेका हुन् ।[३८]

---

[३४] शुक्रमान राई, पूर्ववत् ।

[३५] ऐजन ।

[३६] छत्रबहादुर पहरी, पूर्ववत् ।

[३७] ऐजन ।

[३८] ऐजन ।

यहाँका पहरीहरू शिक्षामा पनि पछि परेका छन् । सानै भए पनि समूह-समूहमा मिलेर बसेको देखिनुले यस जातिमा सामूहिक भावना छ भन्ने स्पष्ट हुन्छ ।

## २.३.२ खानपिन

गास, बास र कपास हरेक व्यक्तिका अनिवार्य र अत्यावश्यक आवश्यकता हुन् । राईगाउँ गाविसका पहरीहरूले पनि आफ्नो आर्थिक अवस्था अनुसारकै खानपिनलाई अघि बढाएको देखिन्छ । आफ्ना इष्टदेवलाई जाँडरक्सी चढाउनु पर्ने यस जातिको पाहुना सत्कारको साधन पनि त्यही नै हो । ढिंडो, भात, दाल, तरकारी, माछा, मासु यस जातिको मुख्य खाना हो भने दूध, दही, मही, घ्यू, रोटी (विशेष गरी कोदाको) सहायक खाना हुन् । चाडबाड राम्रोसँग मनाउनु पर्ने र 'जिउ रहे घ्यू खाइन्छ' भन्ने मान्यताले यिनीहरूले आफ्नो कमाइको धेरै अंश प्रायः खानपिनमै खर्च गरेको देखिन्छ ।

## २.३.३ वेशभूषा

राईगाउँका पहरीहरूको समाजमा लोग्ने मानिसले पाइन्ट, सर्ट, कमिज, सुरुवाल, टोपी, हाफपाइन्ट, लुंगी आदि वस्त्रको प्रयोग गर्छन् भने स्वास्नी मानिसहरूले सारी, चोलो, पटुका, सुरुवाल, कुर्ता, म्याक्सी र अविवाहित केटीहरूले घाँघर, फराक, सुरुवाल, कुर्ता आदिको प्रयोग गरेको भेटिन्छ । नेवार वर्गकै जाति भनिए तापनि पहरी महिलाहरूले नाक छेड्छन् र सामान्य पहिरनमा रमाउँछन् ।

## २.३.४ बानीबेहोरा

कर्मशील र कर्मयोगी हुनु यस जातिको पहिचान हो । ठूलालाई आदर, सानालाई माया, मित्रवत् व्यवहार, मेलमिलाप तथा सहिष्णुता राईगाउँ गाविसका पहरीहरूको अर्को चिनारी हो । सकेसम्म आफूले गल्ती नगर्ने र गल्ती गर्नेलाई सामाजिक दण्ड दिनुपर्ने मान्यता यस जातिमा छ । *पितृदेवो भव* तथा *अतिथि देवो भव* यस जातिको मूलमन्त्र रहेको छ ।

## २.३.५ पारिवारिक संरचना र प्रथा

परिवारको संरचना आ-आफ्नै तरिकाले बनेको हुन्छ । कुनै परिवारमा संयुक्त पारिवारिक संरचना पाइन्छ भने कुनैमा एकात्मक । राईगाउँ गाविसका पहरीहरूमा पनि संयुक्त र एकात्मक दुवै पारिवारिक संरचना भेटिन्छ । तर यहाँ संयुक्त पारिवारिक संरचना भएका परिवार धेरै छन् । नारीलाई उच्च सम्मान दिने यो जाति पहिला मातृसत्तात्मक पारिवारिक प्रथा अपनाउँदै आएको र पछिल्लो समयमा बाबुलाई घरमुलीका रूपमा स्वीकार गरी पितृसत्तात्मक पारिवारिक प्रथा अँगालेको देखिन्छ । अन्यत्र बस्ने पहरीहरूमा मामाचेला फुपूचेलाबीच वैवाहिक सम्बन्ध गाँसिदैन तर यहाँका पहरीहरूले त्यसको सुरुवात गरेका छन् ।[३९] आफ्ना पुर्खाहरूका बारेमा र धर्म, संस्कृति, रीतिरिवाज, पेसा, वैवाहिक सम्बन्ध, न्वारान, भातख्वाइ आदिमा फरक मत राख्नुले अन्यत्र बस्ने पहरीहरू र राईगाउँका पहरीहरूमा केही भिन्नताहरू छन् ।

## २.४ राईगाउँ गाविसका पहरीहरूको धार्मिक गतिविधि

सदाचार, सद्‌गुण, नैतिक चेतना, ईश्वरप्राप्ति तथा मानव हितका असल र राम्रा कार्यहरू नै धर्म हुन् । धर्म प्राप्त गर्न गरिने गतिविधि वा कार्य नै धार्मिक गतिविधि हुन् । राईगाउँ गाविसमा बसोबास गर्ने पहरीहरूले पनि धर्ममा आस्था प्रकट गरेको देखिन्छ । काम बिग्रिंदा देवीदेवताको नाम लिनु, दुःख पर्दा कर्मलाई दोष दिनु, कुनै कामबाट प्रशस्त लाभ भएमा ईश्वर दाहिना भएको सम्झिनु आदिले यस जातिले पनि धर्म मान्ने र धार्मिक गतिविधि अँगाल्ने गरेको देखिन्छ । स्थानीय पहरीहरू हिन्दू धर्मावलम्बी छन् र त्यसै अनुसारका धार्मिक संस्कार र परम्परा अँगालेका छन् ।[४०] यहाँका २० प्रतिशत पहरीहरू क्रिश्चियन धर्मावलम्बी छन् र उनीहरूले त्यसै धर्म अनुसारका गतिविधिहरू अगाडि बढाएका छन् ।

## २.५ राईगाउँका पहरीहरूले मान्ने देवीदेवता र चाडपर्वहरू

विभिन्न जातजातिले जस्तै यहाँका पहरीहरूले पनि विभिन्न देवी देवता र चाडपर्वहरू मान्ने गरेको पाइन्छ, तिनको विवरण यहाँ दिइन्छ ।

---

[३९] ऐजन ।

[४०] पूजन पोखरेल, पूर्ववत्, पृ. ३६ ।

### २.५.१ राईगाउँका पहरीका देवीदेवताहरू

अप्ठ्यारो तथा सजिलो दुवै समयमा आ-आफ्ना देवता गुहार्ने चलन सबैमा हुन्छ । राईगाउँ गाविसमा रहेका पहरीहरू पनि यसबाट अछुता छैनन् । धार्मिक गतिविधिमा संलग्न रहँदै चरित्र निर्माणमा यहाँका पहरीहरू लागेका छन् । बढी मात्रामा हिन्दू धर्म मान्ने पहरीहरू यस गाविसमा छन् जसले गणेश, भैरव, महादेव, विष्णु, भीमसेन आदिलाई आफ्ना आराध्य देवका रूपमा स्वीकार गरेका छन् । त्यसैगरी सरस्वती, काली, लक्ष्मी, वनदेवी आदि देवीहरूको पूजाआजा उनीहरू गर्छन् । भूमिपूजा, गोठपूजा, विभिन्न देवदेवीका पूजा त्यसका उदाहरणहरू हुन् । ज्यादै अल्पसङ्ख्यक रूपमा धर्म मान्ने पहरीहरू पनि छन् र क्रिश्चियन धर्मका जिसस क्राइस्टलाई परमेश्वरका रूपमा स्वीकार गर्नेहरूको सङ्ख्या २० प्रतिशत छ ।[४१]

### २.५.२ राईगाउँका पहरीहरूले मान्ने चाडपर्वहरू

चाडपर्वलाई साधारण दिनचर्याभन्दा भिन्दै विशेष परिस्थिति र सामाजिक वातावरण सिर्जना गरी मनाइने दिनका रूपमा लिइन्छ । चाडपर्वमा घरका सम्पूर्ण परिवार जम्मा भई खुसियाली बाँड्ने चलन राईगाउँ गाविसका पहरीहरूमा रहेको छ । यहाँ राईगाउँका पहरीहरूले मान्ने पर्वहरूको उल्लेख गरिन्छ ।

#### २.५.२.१ साउने सङ्क्रान्ति

प्रत्येक वर्ष साउन १ गते यो पर्व राईगाउँका पहरीहरू मनाउँछन् । यस पर्वमा जङ्गली वनस्पति कुरिलो, भलायो, कुकुरडाइनाका हाँगा तथा पातहरूलाई अगुल्टामा बेरेर 'लुतो' जाओस् भनी त्यस अगुल्टालाई फ्याँक्ने चलन यहाँका पहरीहरूमा छ । तर क्रिश्चियन धर्म मान्नेहरूले यो पर्व मनाउँदैनन् । यस पर्वमा माछामासु, जाँडरक्सी र मीठोमसिनो खाने गरिएको छ ।

#### २.५.२.२ तीज

हिन्दूधर्मावलम्बीहरूको महफ्वपूर्ण यस पर्वलाई हिन्दू परम्परा र मान्यताअनुसार नै राईगाउँका पहरी महिलाहरू मनाउँदछन् । माइत जाने, आफ्ना श्रीमान्को दीर्घायुको कामना

[४१] छत्रबहादुर पहरी, पूर्ववत् ।

गर्दै शिवको आराधना गर्ने र विभिन्न शिवालयमा पूजापाठ गर्ने चलन राईगाउँका महिलाहरूमा पनि छ । यहाँका महिलाहरू पनि गीत गाउँदै र नाच्दै धुमधामसँग तीज पर्व मनाउँछन् ।

### २.५.२.३ दसैं र तिहार

देशभरिका नेपालीहरूले मनाउने यो महान् पर्व राईगाउँका पहरीले पनि आ-आफ्नो आर्थिक स्थितिअनुसार मनाउने गर्छन् ।[४२] कालीका थानमा भाले, राँगा, बोका, खसी आदि चढाउँदै जाँडरक्सी, माछामासु, मीठोमसिनो यसबेला यहाँका पहरीहरू खान्छन् । ठूलासँग आशीर्वाद थाप्ने गर्दछन् । त्यसैगरी आम नेपालीहरूले मनाएझैँ उनीहरूले तिहार पर्व मनाउँछन् ।

### २.५.२.४ माघेसङ्क्रान्ति

प्रत्येक वर्षको माघ १ गते आफ्ना छोरी-ज्वाइँ, नालनाता, इष्टमित्र बोलाई मीठो मसिनो खाँदै हिन्दूहरूले मनाएझैँ राईगाउँका पहरीहरूले माघेसङ्क्रान्ति मनाउँदछन् ।

### २.५.२.५ चैतेदसैं

अन्य जातिलेझैँ राईगाउँका पहरीहरूले पनि चैतेदशैं मनाउँछन् । यस पर्वमा गणेश र देवीको पूजा गरिन्छ । माछामासुका परिकार र जाँडरक्सी यस पर्वको असली खानपिन हो । यस पर्वलाई पनि भेटघाटका रूपमा यहाँका पहरीहरूले लिने गर्छन् ।

### २.५.२.६ क्रिसमस डे

राईगाउँका विभिन्न वडामा छरिएर रहेका पहरीहरूले मनाउने अर्को विशेष पर्व 'क्रिसमस डे' हो । विशेषगरी क्रिश्चिन धर्म अँगाल्ने पहरीहरूले यो पर्व प्रत्येक अंग्रेजी डिसेम्बर महिनामा अर्थात् नेपाली पुस महिनामा मनाउँदछन् ।[४३] आ-आफ्नो घरहरूमा दीप प्रज्वलित गरी जिसस क्राइस्टलाई सम्झँदै प्रार्थनाआदि गरेर मिठो-मसिनो खाने तथा

---

[४२] ऐजन ।

[४३] जगत पहरी, वर्ष-३२, राईगाउँ गाविस-४, शाखाटारको अन्तर्वार्ताअनुसार ।

इष्टमित्रबीच भेटघाट गर्ने पर्वका रूपमा 'क्रिसमस डे' लाई राईगाउँका पहरीहरूले लिन्छन् ।[४४]

यसका अतिरिक्त राईगाउँका विभिन्न वडाहरूमा छरिएर रहेका पहरीहरूले अन्य पर्वहरू पनि आ-आफ्ना धर्म र परम्पराअनुसार मान्ने गरेको पाइन्छ । देवाली पूजा, भीमसेन पूजा, गोठपूजा, भूमिपूजा आदि उनीहरूले मनाउने महत्त्वपूर्ण पर्वहरू हुन् ।

## २.६ राईगाउँ गाविसका पहरीहरूको सांस्कृतिक पक्ष

राष्ट्र वा जातिको परम्परागत रुचि जगाउने राम्रो चलन, नृत्य, गीत, वाद्यवादन, चाडपर्व, जात्रामेला आदि र आफ्नो समाजको कलाकौशल, बौद्धिक विकास आदि झल्काउने भावनाप्रधान सामाजिक गतिविधि, धेरै लामो समयसम्म कुनै राष्ट्र वा जातिले आफूमा पचाइसकेका रहनसहन, आचारविचारसम्बन्धी भावना र त्यसका चारित्रिक उपलब्धिहरूलाई संस्कृति भनिन्छ ।[४५] यसैगरी कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन आदि विभिन्न विषय, मूल्य र परम्पराको समष्टि पनि संस्कृति हो ।[४६] नेपाली संस्कृति भन्नासाथ डोको, नाम्लो, हँसिया, खुकुरी, गुन्द्री, मान्द्रो, राडी, पाखी, ढिंडो, गुन्द्रुक, गुनिउँ, चोलो, ढाकाटोपी, दौरा, सुरुवाल, घाटु, मारुनी, सालैजो, मादल, मुरली आदि पर्छन् । त्यसकारण लोकसाहित्य र संस्कृतिका बीच नङ् र मासुझैँ घनिष्ट सम्बन्ध रहेको छ। राईगाउँ गाविसका पहरीहरूमा पनि आफ्नै संस्कृति र परम्पराहरू छन् । यहाँका विभिन्न वडाहरूमा छरिएर रहेका पहरीहरूले अँगाल्ने सांस्कृतिक परम्परा विभिन्नप्रकार रहेको छ ।

### २.६.१ जात, थर र गोत्र

अन्यत्रका पहरीहरूको जात दुई थरीको छ । खोले पहरी र पाखे पहरी तर राईगाउँ गाविसका पहरीहरू छ थरीका छन् । 'काशी' गोत्र मान्ने सेञ्जा, पेञ्जा, गुरूप्ज्या, सिंदूरपाँडे, पाखा र खोले पहरी राईगाउँका पहरीहरूका थर हुन् । अन्तर्जातीय विवाह गर्दा आमाको थरबाट राखिएका पहरीका स्याङतान पहरी, खत्री पहरी, खपाङ्गी पहरी र पुन पहरी

---

[४४] ऐजन ।

[४५] सूर्यविक्रम ज्ञवाली र अन्य, **नेपाली सङ्क्षिप्त शब्दकोश**, काठमाडौं : ने.रा.प्र.प्र.-२०४८, पृ. ७२३ ।

[४६] ऐजन ।

राईगाउँमा भेटिने पहरीहरूको अर्को थर हो । यसबाट उनीहरूमा मातृसत्तात्मक प्रथा कायमै रहेको झल्को पाइन्छ ।

### २.६.२ जन्म संस्कार

राईगाउँका पहरीहरूले पनि जन्मका विभिन्न संस्कारहरू मान्ने गरेको पाइन्छ ।

#### २.६.२.१ न्वारान

गर्भवती महिलाले पूजापाठ गर्न नहुने र उनीहरूका श्रीमान्ले काटमार गर्न नहुने चलन पहरी जातिमा छ ।[४७] सुत्केरी भएको ३ दिनमा छोरीको ४ दिनमा छोराको चोख्याउने चलन पहरी जातिमा छ ।[४८] तर राईगाउँका पहरीहरू भने सुत्केरी ७ दिनमा चोख्याउँछन् । ब्राह्मण पुरोहितद्वारा आफ्ना बालबच्चाको नाम राख्ने चलन राईगाउँमा छ ।[४९] अन्यत्रका पहरीहरूले न्वारान सकिएपछि हजाम बोलाएर बच्चाका आमाबाबु र आफन्तको नङ काटेर सबैजना चोखिने चलन छ, जसलाई 'नङ्छुरी' भनिन्छ, जुन अन्यत्रका पहरीको मुख्य प्रथा हो ।[५०] उपत्यकाका तीन जिल्ला काठमाडौं, ललितपुर, भक्तपुर तथा काभ्रेपलाञ्चोकमा बसोबास गर्ने पहरीहरूको मौलिक सांस्कृतिक चलन 'नङ्छुरी' प्रथा हो तर राईगाउँ गाविसका पहरीहरूलाई यसका बारेमा थाहा छैन ।

#### २.६.२.२ भातख्वाइ

हिन्दू धार्मिक संस्कारअनुसार नै राईगाउँका पहरीहरू आफ्ना बच्चाहरूको अन्नप्राशन गर्छन् । अन्यत्र यसको विधि फरक छ । अन्य ठाउँमा बस्ने पहरीहरूले यसलाई 'जङ्कू' अर्थात् पास्नी भन्दछन् ।[५१] यस अन्तर्गत उनीहरू बच्चालाई तीनथोक छुन दिन्छन्- कापिकलम, रातोमाटो र गोबर । कापिकलम छोएमा विद्वान् हुने अर्थात् लेखपढ गर्ने,

---

[४७] कान्छाकाजी पहरी, **पहरी जातिको चिनारी**, ललितपुर : ने.प.वि.सं. (२०६२) पृ. १५ ।

[४८] पूर्ववत्, पृ. १५ ।

[४९] छत्रबहादुर पहरी, पूर्ववत् ।

[५०] **मेचीदेखि महाकाली, शाही सैनिक इतिहास**, काठमाडौं : नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, (२०३१) पृष्ठ-४९८-४९९ ।

[५१] कान्छाकाजी पहरी, पूर्ववत्, पृ. १५ ।

रातोमाटो छोएमा किसान हुने अर्थात् खेतीपाती गर्ने र गोबर छोएमा गोठालो हुने अर्थात् गाईवस्तु पाल्ने भन्ने विश्वास गरिन्छ ।

यस भनाइसँग राईगाउँका पहरीहरू सहमत छैनन् र यो चलन यस ठाउँमा नरहेको बताइन्छ ।[५२]

### २.६.२.३ छेवर (केशमुण्डन)

राईगाउँ गाविसका पहरीहरूमा पनि छेवर गर्ने चलन छ ।[५३] बिजोर वर्ष पारेर आफ्नो मामाबाट र मामा नभए समाजका गन्नेमान्नेबाट केशमुण्डन गर्ने चलन राईगाउँका पहरीहरूमा छ ।[५४]

### २.६.२.४ व्रतबन्ध

मकवानपुर जिल्लाको राईगाउँ गाविसमा बसोबास गर्ने पहरीहरूले व्रतबन्ध गर्दा हिन्दू धर्म र परम्परानुसार नै ब्राह्मण पुरोहित बोलाएर गर्छन् । व्रतबन्ध गर्ने समयमा मामाहरू उपस्थित हुनुपर्ने चलन राईगाउँका पहरीहरूमा पनि छ । तर अन्यत्रका पहरीहरू भने फरक तरिकाले व्रतबन्ध गर्छन् । प्रायः श्रीपञ्चमी, श्रीस्वस्थानी पूर्णिमाको दिन पारेर बिजोर वर्षमा व्रतबन्ध गरिन्छ । व्रतबन्धमा मामा र फुपूको भारी अनिवार्य हुनुपर्छ ।[५५]

## २.६.३ राईगाउँका पहरीहरूको विवाह संस्कार

सँगै बस्न, यौन सम्पर्क गर्न र सन्तान जन्माउन सर्वस्वीकृत रूपमा दिइएको सामाजिक सहमति विवाह हो । यो प्रथा सबै जातजातिमा विद्यमान छ । राईगाउँ गाविसमा बस्ने पहरीहरू पनि यसबाट टाढा छैनन् । अन्य जातिमा जस्तै राईगाउँका पहरीहरूमा पनि दुई प्रकारको विवाह पद्धति रहेको छ- क) मागी विवाह   ख) प्रेम विवाह ।

---

[५२] छत्रबहादुर पहरी, पूर्ववत् ।

[५३] ऐजन ।

[५४] ज्ञानीमाया पहरी, वर्ष-६२, राईगाउँ-४, शाखाटारको अन्तरवार्ताअनुसार ।

[५५] कान्छाकाजी पहरी, पूर्ववत्, पृ.-१५ ।

### २.६.३.१ मागी विवाह

आमाबाबुले केटाकेटी खोजी गरिदिने विवाह नै मागी विवाह हो । राईगाउँका पहरी जातिमा पनि यो चलन धेरै छ । मागी विवाहमा केटा पक्षबाट केटी पक्षमा प्रस्ताव पठाइन्छ । केटापट्टिकाले सुपारी, आफ्नो आर्थिक स्थिति अनुसार सुनको औंठी र ५० रूपैयाँ नगद लिएर जानुपर्छ र यो सबै दुलहीलाई दिन्छन् ।[५६] त्यसपछि विवाहको दिन तोकिन्छ । अन्यत्र बस्ने पहरीहरूको आफ्नै मौलिक मागी विवाहका पद्धतिहरू छन् तर राईगाउँमा बस्ने पहरीहरू हिन्दू धर्मअनुसार नै आफ्ना छोराछोरीको विवाह गर्छन् ।[५७] यहाँका क्रिश्चियन धर्म मान्ने पहरीहरू त्यसै धर्मका अगुवाको नेतृत्वमा विवाह-बन्धनमा बाँधिन्छन् ।[५८]

### २.६.३.२ प्रेमविवाह

केटा र केटीको उमेर पुगेपछि एकअर्कामा आकर्षित भई स्वेच्छिक सहमति र मञ्जुरीमा गरिने विवाह प्रेम विवाह हो । घाँस-दाउरा, मेलापात, जात्रा-मेला आदिमा उमेर पुगेका केटाकेटीले दोहरी गीत गाउँदै प्रेम विवाह गर्ने चलन यहाँ थियो ।[५९] हाल आएर आधुनिकताको छाप पर्दै जानाले स्कुले केटाकेटीमा यो विवाहको चलन राईगाउँमा बढ्न थालेको छ ।[६०]

## २.६.४ राईगाउँका पहरी जातिको मृत्युसंस्कार

मानिस मरणशील प्राणी हो । मानिस मरेपछि आ-आफ्नो धर्म संस्कार वा परम्परानुसार ती मरेका व्यक्तिको आत्माको शान्तिका लागि विभिन्न मृत्युजन्य कार्यहरू गरिन्छ । राईगाउँका पहरीहरूमा पनि त्यस्तो प्रथा कायम छ । यहाँका पहरीहरू हिन्दू धर्मअनुसार नै आफ्ना मरेका व्यक्तिको अन्येष्टि गर्छन् । त्यसैगरी सोही धर्मअनुसार नै मृत्युका विभिन्न कार्यहरू गर्छन् । १३ दिनसम्म क्रिया बस्ने, ४५ दिन, ६ महिना वा १

---

[५६] मधुसूदन पाण्डे, पूर्ववत्, पृ. ६५ ।

[५७] छत्रबहादुर पहरी, पूर्ववत् ।

[५८] जगत पहरी, पूर्ववत् ।

[५९] छत्रबहादुर पहरी, पूर्ववत् ।

[६०] लाल पहरी, वर्ष-३० र दीपक पहरी, वर्ष-१८ (विद्यार्थी), राईगाउँ-४, शाखाटारको अन्तर्वार्ताअनुसार ।

वर्षसम्म बर्खी बार्ने र ब्राह्मण पुरोहितको सल्लाहअनुसार बर्खी फुकाउने गर्छन् ।[६१] क्रिश्चियन धर्मावलम्बी पहरीहरू त्यसै धर्मका मृत्युजन्य कार्य गर्ने गर्छन् ।[६२]

## २.७ राईगाउँका पहरीहरूको भाषा र साहित्य

यहाँ राईगाउँमा बस्ने पहरीहरूको भाषा र साहित्य दुवैलाई अलग-अलग अति सङ्क्षेपमा चिनाइएको छ ।

### २.७.१ भाषा

यस गाविसमा सयौँ वर्षदेखि बसोबास गर्दै आएका पहरीहरू आफ्नो मौलिक पहरी भाषा बोल्दैनन् । आफ्नो मौलिक भाषाका बारेमा यहाँका धेरैलाई थाहा पनि छैन । केही बुढापाकाहरू जो आफ्नो भाषा संस्कृति, रीतिरिवाज, चालचलन र वेशभूषका धेरथोर कुरा जानेका छन्, उनीहरूको मृत्युपछि यस गाविसमा पहरीहरूको आफ्नोपन सबै मर्छ भन्दा फरक पर्दैन । तामाङ, माझी, दनुवार राईका बीचमा हुर्केका राईगाउँका पहरीहरू बरु ती जातिका भाषा, संस्कृति, साहित्य आदिका बारेमा विज्ञ छन् तर आफ्नो भाषाको अत्तोपत्तो छैन । यहाँका धेरै पहरीले बोल्ने भाषा नेपाली नै हो ।

राईगाउँ गाविसका भैंसे, शाखाटार, बतासे, राईगाउँ, भुर्कुसटोल, पूर्वीटोल, टाँडी, पैरे!गाउँ, साँगले र एकपाखेमा बस्ने पहरीहरू त आफ्नो भाषा, संस्कृति, धर्म, रीतिरिवाज र परम्पराका बारेमा पूरै अन्जान छन् ।[६३] राईगाउँ गाविसका पहरीहरू जसलाई आफ्नो भाषाका केही व्यावहारिक शब्द, वाक्य तथा गन्तीका बारेमा थाहा छ, उनीहरूका आधारमा र यस जातिका विभिन्न-जातीय संघ-संस्थाहरूले प्रकाशित गरेको पुस्तकका आधारमा यस जातिको भाषालाई अति सङ्क्षेमा यहाँ प्रस्तुत गरिएको छ ।

#### २.७.१.१ पहरी भाषाका स्वरवर्णहरू

पहरी जातिको भाषामा स्वरवर्णहरू २४ वटा छन् ।[६४] तिनको विवरण तल दिइएको छ :

---

[६१] छत्रबहादुर पहरी, पूर्ववत् ।

[६२] जगत पहरी, पूर्ववत् ।

[६३] शुक्रमान राई, पूर्ववत् ।

[६४] राजु पहरी, **पहरी भाषाको वर्णमाला**, ललितपुर : ने.प.वि.सं. (२०५९) पृ. अन्तिम पातो ।

अ, आ, ई, ऊ, ए ओ

अ, आः ईः ऊः एः ओः

अँ आँ इँ ऊँ एँ ओँ

अँः आँः इँः ऊँः एँः ओँः ।

### २.७.१.२ पहरी भाषाका व्यञ्जन वर्णहरू

पहरी भाषाका व्यञ्जन वर्णहरू ३२ वटा छन् ।[६५] यिनको विवरण तल दिइएको छ :

क ख ग घ ङ ड. च छ ज झ ट ठ ड न न् य फ ब भ म भ. य य. र र. ल ल. व व. स ह ।

### २.७.१.३ पहरी भाषामा सङ्ख्याको गणना

पहरी भाषामा सङ्ख्याको गणना निम्नानुसारले हुन्छ :[६६]

| **सङ्ख्या** | **नेपाली भाषा** | **पहरी भाषा** |
|---|---|---|
| १ | एक | ठीमा |
| २ | दुई | नीस्मा |
| ३ | तीन | सोमा |
| ४ | चार | पीमा |
| ५ | पाँच | ङोमा |
| ६ | छ | खूमा |
| ७. | सात | न्यामा |
| ८. | आठ | चेमा |
| ९ | नौ | गूमा |
| १० | दश | जीमा |
| २० | बीस | नीःमा |
| ३० | तीस | स्वीमा |

---

[६५] ऐजन ।

[६६] पूर्ववत्, पृ. २७ ।

| | | |
|---|---|---|
| ४० | चालीस | पीःमा |
| ५० | पचास | ङ्वेमा |
| ६० | साठी | खुईमा |
| ७० | सत्तरी | न्वेमा |
| ८० | असी | च्वेमा |
| ९० | नब्बे | गूहमा |
| १०० | सय | सछीमा |
| १००० | एक हजार | ठी हजार |
| १,००,००० | एक लाख | ठी लाख |
| १,००,००० | एक करोड | ठी करोड |

### २.७.१.४ पहरी भाषाका घरव्यवहारसम्बन्धी शब्दहरू

पहरी भाषाका घरव्यवहारसम्बन्धी शब्दहरूलाई निम्नानुसार चिनाउने प्रयास गरिएको छ :-[६७]

| **नेपाली भाषा** | **पहरी भाषा** |
|---|---|
| आगो | नी |
| औषधि | वसा |
| कुखुरा | खाँ |
| केरा | मोजे |
| कोदालो | तोरो |
| कोदो | देसे |
| खुकुरी | गोर्फी |
| खुर्पा/हँसिया | हीसा |
| खुर्सानी | पीरु |
| खेत | बू |
| गहूँ | छ्व |
| गाई | सा |

---

[६७] राजु पहरी, पृ. ९, १० र ११ तथा छत्रबहादुर पहरी, पूर्ववत् ।

| | |
|---|---|
| गिद्दा | यउसी |
| घर | छे |
| चामल | नी |
| चिउरा | फाल्गी |
| जाँड | थो |
| जाँतो | गोंना |
| जात्रा/मेला | या |
| डोको | सीमी |
| ढुङ्गा | लँ |
| ढोका | लखा |
| तरकारी | कैँ |
| धान | या |
| नून | च्या |
| परेवा | बूखीँ |
| पानी | लूखू |
| फूल | सनो |
| बञ्चरो | तो |
| बाख्रा | चेला |
| भँगेरा | चूखीँ |
| भात | जा |
| भैंसी | मोना |
| मकै | लाजाः |
| माछा | ङा |
| मादल | खीँ |
| मासु | तूमा |
| रक्सी | तोद्वा |
| सखरखण्ड/तरुल | कोको |
| सुङ्गुर | फाँ |

### २.७.१.५ पहरी भाषाका नातागोताका शब्दहरू

पहरी भाषाका नातागोताका शब्दहरूलाई निम्नानुसार चिनाइएको छ :-

| **नेपाली शब्द** | **पहरी शब्द** |
|---|---|
| आमा | मा |
| छोरा | बामपूदो |
| छोरी | मेसेपूदी |
| बच्चा | चेचाबाबू |
| बच्ची | चेचानानी |
| बा | बा |
| बुहारी | हर |
| भिनाजु | बूदू |
| भाउजू | पेर |
| मित | वीसा |
| मितिनी | हाली |
| लोग्ने | कौँ |
| स्वास्नी | मोजू |
| ससुरा | कुवा |
| सासू | नीमा |
| हजुरबा | हजुरबा |
| हजुरआमा | हजुरमा |

*स्रोत: (१) ज्ञानीमाया पहरी, वर्ष-६२, राईगाउँ-४, शाखाटार ।*

*(२) राजु पहरी, **पहरी भाषाको वर्णमाला,** ने.प.वि.सं., ललितपुर, २०५९, पृ. ९ देखि ३१ ।*

### २.७.१.६ पहरी भाषामा प्रचलित केही वाक्यहरू

राईगाउँ गाविसका पुराना पहारी बुढापाकाले बोल्ने गरेका पहरी भाषाका केही वाक्यहरू तल दिइएका छन् ।

| **नेपाली भाषाका वाक्यहरू** | **राईगाउँका पहरीमा प्रचलित वाक्यहरू** |
|---|---|
| आगो फुक । | मी फागून । |
| घाम अस्तायो । | निगूर ओन । |

| | |
|---|---|
| बा आउनु भयो । | बा लागून । |
| मैले भात खाएँ । | ना जा आय । |
| राम घर गयो । | म छे दोनो । |

*स्रोत : छत्रबहादुर पहरी पूर्ववत् ।*

माथिका वाक्यहरू उपत्यका वरिपरि र काभ्रेतिर  बस्ने पहरीहरूमा भने बेग्लै तरिकाले उच्चारण गरिन्छन् ।

## २.७.१.७ राईगाउँ र अन्यत्रका पहरीले बोल्ने शब्दका समानता र असमानता

**क) समानता पाइने शब्दहरू**

| *पहरी शब्द* | *नेपाली शब्द* |
|---|---|
| खा | कुखुरा |
| छे | तँ |
| छिथ्यों | तपाईं |
| जा | भात |
| जोपाँई | नमस्कार |
| पूदो | छोरा |
| बाँ | बा |
| माँ | आमा |
| मी | आगो |

**ख) असमानताका केही शब्दहरू**

| *राईगाउँका पहरीले बोल्ने* | *उपत्यकाका पहरीले बोल्ने* | *नेपाली शब्द* |
|---|---|---|
| छे | छैँ | घर |
| ओन | वाँङ् | गयो |
| खु | खूरा | खोला |
| दिखो | खैमीरे | नरुनु |
| फागुन | फूई | आगो फुक्नु |
| मूरो | मूरा | छैन |
| सुते | गेंजा | ढिंडो |

*स्रोत : ऐजन ।*

यसरी राईगाउँका पहरी र अन्यत्रका पहरीहरूको आफ्नै भाषामा पनि भिन्नता रहेको माथिको उदाहरणबाट प्रष्ट हुन्छ ।

## २.१.७.८ पहरी भाषामा मानव शरीरका अङ्गका नामहरू

| *नेपाली शब्द* | *पहरी शब्द* |
|---|---|
| आँखा | मी |
| कपाल | छे |
| कम्मर | जँ |
| कान | डीसापुरु |
| खुट्टा | ली |
| खुट्टाका औंला | लीब्जीँ |
| घाँटी | गापूरु |
| घुँडा | पुख्टना |
| तिघ्रा | खाटीपाई |
| नाइटो | गँन्जा |
| नाक | डीसे |
| पाखुरा | लापूरु |
| पेट | परी |
| मुख | मोदो |
| हात | ला |
| हातका औंला | डखा |

*स्रोतः (१) राजु पहरी, पूर्ववत्, पृ. ३१ ।*

*(२) ज्ञानीमाया पहरी, पूर्ववत् ।*

## २.१.७.९ नजिक रहेका पहरी र नेवारी भाषाका केही शब्दहरू :

जसरी पहरी र नेवारी जातिका बीचमा निकटता छ, त्यसैगरी यी दुबै जातिका भाषामा पनि सामिप्यता रहेको देखिन्छ । नजिक रहेका यी दुई जातिका भाषाका केही शब्दहरूलाई तल दिइएको छ :-

| *पहरी शब्द* | *नेवारी शब्द* | *नेपाली शब्द* |
|---|---|---|
| डीमा | ङयागू | पाँच |

| | | |
|---|---|---|
| छे | छ | तँ |
| छिथ्याँ | छि | तपाइँ |
| छेँ | छेँ | घर |
| जा | जा | भात |
| ठीमा | छउ | एक |
| थो | थोँ | जाँड |
| नी:मा | नीगू | बीस |
| नीस्मा | नीउ | दुई |
| पीमा | पींगू | चार |
| बाँ | बा | बा |
| बू | बूँ | खेत |
| बूँसी | बुखीँ | परेवा |
| माँ | माँ | आमा |
| मी | मी | आगो |
| मिखा | मी | आँखा |
| मोना | मे | भैंसी |
| लँ | लोँ | ढुङ्गा |
| ला | ल्हा | हात |
| वसा | वास | औषधि |
| स्वीमा | स्वीगू | तीस |
| सछीमा | सछी | सय |
| सनो | साँ | फूल |
| सा | सा | गाई |
| सोमा | सोगु | तीन |

*(स्रोत : कृष्णगोपाल श्रेष्ठ, वर्ष-३२, हेटौंडाको अन्तर्वार्ताअनुसार ।)*

## २.७.२ साहित्य

कुनैपनि भाषाको समृद्धिलाई त्यस भाषामा रचना गरिएका साहित्यले माथि पुऱ्याउने गर्छ । तर राईगाउँका पहरीहरूको मौलिक भाषा नै छैन, त्यसकारण उनीहरूको साहित्य

पनि मौलिक छैन । नेपाली भाषालाई नै आफ्नो भाषा बनाएका यहाँका पहरीहरूले नेपाली भाषामै आफ्नो साहित्य सिर्जना गर्दछन् । गीत-सङ्गीत, नाच-गीत, कथा-कविता, उखान-टुक्का आदि सम्पूर्णलाई नेपालीमै भन्न र लेख्न रुचाउने यस गाविसका पहरीहरू साहित्य सिर्जनामा धेर-थोर रुचि प्रकट गर्दछन् । आफूले अहिलेसम्म लेखेका लेख, रचनाहरू नेपाली भाषामै प्रकाशन भएको र आफूले पढ्ने, लेख्ने र बुझ्ने साहित्य पनि नेपाली भाषाकै रहेको कुरा यस जातिबाट संविधान सभामा नेकपा माओवादीका तर्फबाट चुनिएका सभासद् शेरबहादुर पहरीले बताएका छन् । उनी यसै गाविस वडा नं. ४ शाखाटार निवासी पनि हुन् ।

## २.८ निष्कर्ष

दनुवार राईको थरबाट नामाकरण भएको राईगाउँ गाविसमा बसोबास गर्ने प्राचीन एवम् आदिम जाति पहरी हो । हिन्दू परम्परा र संस्कारबाट दीक्षित यस जातिका विविध कुराहरू हिन्दू परम्परा र मान्यताहरूबाट नै प्रभावित छन् । राईगाउँका पहरीहरूको सामाजिक जीवनका खानपिन, रहनसहन, बसोबास, भेषभूषा, चालचलन, बानीबेहोराहरू आम ग्रामीण नेपालीकै सरह छन् । धार्मिक परम्परा, वैवाहिक संस्कार, आफूले मान्ने चाडपर्व र देवीदेवता, जन्मसंस्कार, मृत्युसंस्कार पनि हिन्दू परम्परामै केन्द्रित रहेका छन् । तर यहाँका करीब २० प्रतिशत पहरीहरू भने क्रिश्चियन भएकाले उनीहरू त्यसै धर्मअनुसार आफ्नो कार्य गर्छन् । नेपालका अन्य भू-भागमा रहेका पहरीहरूको आफ्नै मौलिक भाषा छ तर लिपि छैन । भोटबर्मेली भाषा परिवारमा पर्ने यस जातिको आफ्नो छुट्टै धार्मिक, सांस्कृतिक, भाषिक तथा साहित्यिक परम्परा छ, तर राईगाउँ गाविसका पहरीहरूलाई भने आफ्नो जातीय भाषा, संस्कृति, धर्म र परम्पराको ज्ञान छैन । केही वृद्धवृद्धाबाहेक नयाँ पिंढीका अधिकांशलाई त आफ्नो जातिका मौलिक कुराहरू नै थाहा छैन । यस गाविसका पहरीहरूले आफ्नो घरव्यवहार, चालचलन, बोलिचाली तथा लेखपढको भाषा नेपालीलाई नै बनाएका छन् । राईगाउँका पहरीहरूमा प्रचलित लोकसाहित्यको भाषा नेपाली हो र यसै भाषामा उनीहरूले लोकगीत, लोककथा, गाउँखाने कथा, उखान, टुक्का सुन्ने-सुनाउने र गाउने गरेको पाइन्छ ।

# परिच्छेद : तीन
# लोकसाहित्यको सैद्धान्तिक परिचय

## ३.१ लोकसाहित्यको पृष्ठभूमि

'लोक' र 'साहित्य' शब्दको मेलबाट लोकसाहित्यको जन्म भएको हो ।[६८] यसको अर्थ हुन्छ लोकको साहित्य । लोकद्वारा सिर्जित लोकोपकारी रचना नै लोकसाहित्य हो । 'लोक' को अर्थ समाज हो भने 'साहित्य' ले भाषाका माध्यमबाट गरिने भावको कलात्मक अभिव्यक्तिलाई जनाउँछ ।[६९] साहित्य शब्द लोकसँग जोडिँदा लोकसाहित्य शब्द व्युत्पन्न भएको हो ।[७०] अज्ञात स्रष्टा, लोकभाषाको प्रयोग, बन्धन मुक्त साथै सबै वर्ग र समुदायका मानिसलाई मनोरञ्जन दिने, सामूहिक भावनालाई अँगाल्ने र परिवर्तनशील आदि गुणले युक्त साहित्य नै लोकसाहित्य हो ।

## ३.२ लोकसाहित्यको परिभाषा

लोकसाहित्यको परिभाषा विभिन्न विद्वान्, विज्ञ तथा लोकसाहित्यका अध्येताहरूले आ-आफ्नै किसिमले दिएका छन् । स्वदेश तथा विदेशका केही विद्वान्हरूका लोकसाहित्य सम्बन्धी परिभाषाहरूलाई यहाँ उल्लेख गरिएको छ । लोकसाहित्य 'लोक र साहित्य' दुई शब्दको योगबाट निर्माण भएको हो । लोक् धातुमा घञ् (अ) प्रत्यय लागिबनेको 'लोक' शब्दले देख्नेवाला जनता, संसार र प्राणीको अर्थ बुझाउँदछ ।[७१]

---

[६८] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, (२०६३) पृ. १४ ।

[६९] पूर्ववत्, पृ. १४ ।

[७०] पूर्ववत्, पृ. १४ ।

[७१] पाणिनि, **अष्टाध्यायी,** छैठौ र चौथो पाद सूत्र २७ ।

**द न्यू इन्साइक्लोपेडिया ब्रिटानिका**अनुसार “लोकसाहित्य भनेको मुख्यतः अपठित समुदायको मौखिक रूपमा व्यक्त लोकज्ञान हो । यस अन्तर्गत लोकसाहित्यको उत्पत्ति, विकास, विशेषता, प्रविधि, क्षेत्रीय र जातीय विविधता, मुख्य प्रकारहरू (लोकगीत, लोकगाथा, लोकनाटक, पौराणिक एवं नीतिकथा, लोककथा, उखान, टुक्का, गाउँखाने कथा, मन्त्र आदि) को अध्ययन र सङ्कलन दुबै पर्छन् ।”[७२] के. मोर्नर र आर.रस.का अनुसार “विद्वानहरूले सङ्कलन गरी लिपिबद्ध नगरुन्जेल एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमै सर्दै जाने परम्परित गीत, दन्त्यकथा आदिलाई लोकसाहित्य भनिन्छ ।”[७३] लोक शब्दले बुद्धकालीन समय वा बौद्धदर्शनमा सामान्य र विशिष्ट दुवै जनसमूह बुझाउँछ ।[७४] लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय साहित्य नै लोकसाहित्य हो ।[७५] मार्टिन ग्रेका अनुसार “लेख्य रूपबाट अप्रभावित रही मौखिक रूपमा हस्तान्तरण हुने परम्परित भावनालाई लोकसाहित्य भनिन्छ ।”[७६]

माथि दिइएका सबै परिभाषाका प्रमुख-प्रमुख कुराहरूलाई एकै ठाउँमा समेटी लोकसाहित्यको परिभाषा यसरी तयार गरिएको छ- “लोकज्ञान वा लोक भावनामा आधारित श्रुतिपरम्पराबाट प्राप्त व्यक्ति विशेषको नभई अपठितहरूबाट सामूहिक ढङ्गले लोकगीत, लोककविता, लोककथा, लोकगाथा, लोकनाट्य, गाउँखाने कथा, उखान, टुक्का, मन्त्र आदि विधाका रूपमा अभिव्यक्त हुने मौखिक भाषिक संरचना नै लोकसाहित्य हो ।”[७७]

कुनै पनि परिभाषाले सम्बद्ध वस्तुलाई पहिचान गराउने मुख्य-मुख्य अभिलक्षणहरू समेटेको हुन्छ । लोकसाहित्यको माथि प्रस्तुत गरिएका परिभाषाका मुख्य-मुख्य भावलाई निम्नानुसार समेट्न सकिन्छ ।

१. लोकज्ञान वा लोकभावनामा आधारित हुने ।
२. श्रुतिपरम्पराबाट प्राप्त हुने ।
३. व्यक्ति विशेषको कृति नहुने ।

---

[७२] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईंटेल, (उद्धृत) पूर्ववत्, पृ. १४ ।

[७३] पूर्ववत्, (उद्धृत) पृ.१४ ।

[७४] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौं : त्रि.वि.वि., पा.वि.के. (२०४१) पृ.५ ।

[७५] धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ३ ।

[७६] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, (उद्धृत) पूर्ववत्, पृ. १५ ।

[७७] पूर्ववत्, पृ. १५ ।

४. अपठितहरूबाट सामूहिक ढङ्गले व्यक्त हुने ।

५. लोकगीत, लोककथा आदि विभिन्न विधाका रूपमा अभिव्यक्त हुने ।

६. मौखिक भाषिक संरचना ।

सबै आवश्यक पक्ष वा लक्षणहरूबाट समेटिएको हुँदा उपर्युक्त बुँदाहरूले लोकसाहित्यको पहिचान गराएका छन् ।[७८]

## ३.३ लोकसाहित्यको विशेषता

लोकसाहित्य सामाजिक सिर्जना हो । त्यसैले यसलाई समाजको ऐना भनिन्छ । मानव सृष्टिदेखि विकासका विभिन्न खुट्किलाहरूलाई समेट्ने क्रममा मानव र उसको समाजका सुख-दुःख, पीडा-व्यथा, उत्साह, वैराग्य, चलाखी, बहादुरी, बुद्धिमानी अनुभव र अनुभूतिहरूलाई मूर्त र जीवन्त रूप दिँदै सधैँ आफूलाई नवीन, सुन्दर र ग्राह्य रूपमा प्रस्तुत गर्ने लोकसाहित्यका आफ्नै विशेषताहरू छन् । लोकसाहित्यलाई अन्य सिर्जनाभन्दा भिन्न र मौलिक तुल्याउने गुणहरू नै यसका विशेषताहरू हुन् ।

चूडामणि बन्धु र धर्मराज थापा तथा हंसपुरे सुवेदीले उल्लेख गरेका लोकसाहित्यका विशेषताहरूलाई समेटी छोटकरीमा यहाँ चिनाउने प्रयत्न गरिएको छ, जसअनुसार लोकसाहित्यका विशेषतालाई निम्नलिखित चार बुँदामा व्यक्त गर्न उपयुक्त देखिन्छ :-

१. मौखिक परम्परा,

२. कल्पनाको प्रबलता,

३. सामूहिकता,

४. मनोरञ्जनात्मकता ।

## ३.३.१ मौखिक परम्परा

लोकसाहित्य निरक्षर र अनपढ जनसमुदायको भावनात्मक अभिव्यक्ति हो । भाषाले लिपि प्राप्त गर्नु पूर्वदेखि नै यसको प्रारम्भ भएको हो र प्राचीन समयदेखि एक मुखबाट अर्को मुख हुँदै तथा एक ठाउँबाट अर्को ठाउँ हुँदै विकसित र परिवर्तित हुँदै आएको लोकसाहित्यको मूल विशेषता मौखिक हुनु हो ।

---

[७८] ऐजन ।

### ३.३.२ कल्पनाको प्रबलता

यथार्थभन्दा कल्पनाको बाहुल्य र प्राधान्य रहेको लोकसाहित्यको अर्को विशेषता कल्पनाको प्रबलता हो । शास्त्रीय बन्धनबाट मुक्त भई सरल र सिधासादा निरक्षर जनसमुदायको स्वाभाविक अभिव्यक्ति भएकाले यसमा कल्पनाको प्रबलता ज्यादै रहेको हुन्छ ।

### ३.३.३ सामूहिकता

व्यक्ति विशेषको पेवा नभएर सिङ्गो लोकजीवन र समाजको साझा सम्पत्तिका रूपमा यसलाई लिइन्छ । साथै यसमा सामूहिकता बढी हुन्छ र लोकसाहित्यको प्रमुख विशेषताभित्र यो पर्छ ।

### ३.३.४ मनोरञ्जनात्मकता

लोकको मन बहलाउने काम नै मनोरञ्जन हो । कामको बोझले थाकेका, दुःख र पीडाले थिचिएका अवस्थामा कुनै चाडपर्व, संस्कार कर्म आदिमा स्वतःस्फूर्त यसको थालनी गरियो र मानव हृदयलाई खुसी तथा मनोरञ्जन दिँदै आएकाले पनि लोकसाहित्यको एउटा विशेषता मनोरञ्जनात्मकता हुन आएको हो ।

## ३.४ लोकसाहित्यको प्रयोजन तथा उद्देश्य

स्तरीय साहित्यझैँ लोकसाहित्यको सिर्जना पनि बिना उद्देश्य अथवा प्रयोजनरहित ढङ्गमा गरिँदैन । उद्देश्यले कृतिको सार्थकतासिद्ध गर्ने हुँदा लोकसाहित्यमा यसको महफ्वपूर्ण स्थान छ । लोकसाहित्य अस्तित्वमा आउने मुख्य उद्देश्य वा प्रयोजन निम्नलिखित छन् :[७९]

१. मनोरञ्जन,

२. शिक्षा वा उपदेश,

३. लोकमङ्गल,

४. यथार्थको प्रकटीकरण ।

---

[७९] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ. २० ।

### ३.४.१ मनोरञ्जन

लोकको मनलाई आनन्द दिने वा बहलाउने कामलाई मनोरञ्जन भनिन्छ । कामको बोझले थाकेका, दुःख र पीडाले थिचिएका, मनोरञ्जनका महँगा साधनबाट बञ्चित रहेका जनसमुदायलाई सहज रूपमा खुसियाली बाँड्नु र केही समयका लागि मनोरञ्जन प्रदान गर्नु लोकसाहित्यको मुख्य उद्देश्य हो ।

### ३.४.२ शिक्षा वा उपदेश

लोकसाहित्यका माध्यमबाट नैतिक, व्यावहारिक वा जीवनोपयोगी कुराहरू सिकाउनुलाई शिक्षा वा उपदेश भनिन्छ । लोकसाहित्यले कोरा उपदेश नदिई रमाइलो पाराले शिक्षा दिन्छ । उखान, गाउँखाने कथा, लोकोक्ति आदि त्यसका उदाहरण हुन् । लोकलाई रमाइलो पाराले कथा, गीत, गाथा, उखान, टुक्का आदिबाट विभिन्न जीवनोपयोगी शिक्षा प्रदान गर्ने भएकाले लोकसाहित्यको प्रमुख उद्देश्य शिक्षा वा उपदेश हो ।

### ३.४.३ लोकमङ्गल

सबैको साझा हितलाई लोकमङ्गल वा लोककल्याण भनिन्छ । लोकसाहित्यको उद्देश्य पनि व्यक्तिविशेषको हित नभएर जनसमुदायकै हित भन्ने बुझिन्छ । यसले लोकको बिगार गर्ने कुरालाई त्यागेको र त्यसको हित गर्ने कुरालाई अँगालेको हुन्छ । त्यसैगरी लोकसाहित्यमा सत्को विजय र असत्को पराजय देखाएर लोकमङ्गलको बाटो देखाइएको हुन्छ । त्यसैले यो लोकसाहित्यको महत्वपूर्ण उद्देश्य र प्रयोजनभित्र पर्छ ।

### ३.४.४ यथार्थको प्रकटीकरण

जीवनमा देखापर्ने दुःख-सुख, आँसु-हाँसो, उत्थान-पतन आदि समाजका यथार्थ हुन् । यस्ता भोगाइ वा अनुभवको अन्त्य निकट रहेर लोकसाहित्य देखापर्छ । समाजका विश्वास, अन्धविश्वास, रीतिथिति, क्रियाकलाप, चालचलन, रहनसहन, संस्कृति, जीवन, लवाइखवाइ, सोचाइ आदिको साँचो प्रतिबम्ब लोकसाहित्यमा कहलिन्छ । त्यसकारण यो यथार्थको प्रकटीकरण हो भनिएको हो ।

यसरी सामान्यतः माथि उल्लिखित कुनै एक वा एकभन्दा बढी उद्देश्य प्राप्तिका लागि लोकसाहित्य सिर्जित हुन्छ ।

## ३.५ लोकसाहित्यको महत्त्व

लोकका ज्ञानको भण्डार हुनु लोकसाहित्यको महफ्वपूर्ण पक्ष हो । यस ज्ञानभण्डारमा सिङ्गो लोकसमाजको इतिवृत्त रहेको हुन्छ । सामाजिक मेलमिलाप र राष्ट्रिय एकताको भावना जगाउने भएकाले पनि यसको विशेष महफ्व छ ।

**लोकवार्ता विज्ञान र लोकसाहित्य** नामक पुस्तकमा यसको महफ्वलाई निम्नानुसार व्यक्त गरिएको छ[८०] :-

क) सामाजिक-सांस्कृतिक महफ्व

ख) ऐतिहासिक महफ्व

ग) आर्थिक महफ्व

घ) धार्मिक महफ्व

ङ) भाषावैज्ञानिक महफ्व

माथि उल्लेखित बुँदाका साथसाथै भौगोलिक, शैक्षिक लगायत विभिन्न विषयवस्तु समेट्दै त्यसका विविध ज्ञान प्रदान गर्ने भएकाले लोकसाहित्यको महफ्व अझ बढ्दै गएको छ ।

## ३.६ लोकसाहित्यको विधागत वर्गीकरण

विधाको अर्थ प्रकार हो । लोकसाहित्यको विधागत वर्गीकरणले लोकसाहित्यको आकार-प्रकारलाई जनाउँछ । विभिन्न विद्वान् तथा लोकसाहित्यका मर्मज्ञहरूले यसको आ-आफ्नै विधागत वर्गीकरणका आधारहरू अपनाएका छन् । यहाँ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले **लोकवार्ता विज्ञान र लोकसाहित्य** नामक पुस्तकमा गरेको वर्गीकरणको आधार तथा धर्मराज थापा र हंसपुरे सुवेदीले **नेपाली लोकसाहित्यको विवेचना** नामक पुस्तकको वर्गीकरणको आधारलाई लोकसाहित्यको वर्गीकरणको आधार मानिएको छ ।

**३.६.१ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल**ले लोकसाहित्यलाई निम्नानुसार वर्गीकरण गरेका छन्[८१] :-

---

[८०] पूर्ववत्, पृ. २२ ।

१. माध्यमका आधारमा

२. प्रस्तुतिका आधारमा


३. श्रेणीका आधारमा

४. आकारका आधारमा

५. प्रकारगत आधारमा

### ३.६.१.१ माध्यमका आधारमा

माध्यमका आधारमा लोकसाहित्यको वर्गीकरण यसप्रकार रहेको छ :-




माथिको आरेखले लोकसाहित्यलाई पद्य र गद्य गरी दुई भागमा बाँडेको छ। पद्य अन्तर्गत लोकगीत, लोककविता, लोकगाथा, लोकनाटक र मन्त्रलाई समेटेको छ भने गद्य अन्तर्गत लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान र टुक्कालाई समेटेको छ।[८२]


---

[८१] पूर्ववत्, पृ. ४७।

[८२] पूर्ववत्, पृ. ४७।

### ३.६.१.२ प्रस्तुतिको आधार


प्रस्तुतिका आधारमा लोकसाहित्यको वर्गीकरण निम्नानुसार रहेको छ :-




माथिको आरेखअनुसार लोकसाहित्यलाई श्रव्य र दृश्य गरी दुई भागमा विभाजन गर्दै श्रव्यतर्फ लोकगीत, लोककविता, लोकगाथा, लोककथा, गाउँखाने कथा, उखान, टुक्का र मन्त्रलाई समेटेको छ भने दृश्यतर्फ लोकनाटक र लोकगाथालाई समेट्दै विभाजन गरिएको छ ।[८३]

### ३.६.१.३ श्रेणीको आधार

श्रेणीका आधारमा लोकसाहित्यको वर्गीकरण निम्नानुसार रहेको छ :-




माथिको आरेखमा लोकसाहित्यलाई स्थूल र सूक्ष्म गरी दुई हाँगामा बाँडिएको छ । स्थूलतर्फ लोकगीत, लोककविता, लोकगाथा, लोककथा, लोकनाटक र सूक्ष्मतर्फ गाउँखाने कथा, उखान, टुक्का र मन्त्रलाई विभाजन गरिएको छ ।[८४]


---

[८३] पूर्ववत्, पृ. ४८ ।

[८४] पूर्ववत्, पृ. ४९ ।

### ३.६.१.४ आकारको आधार


आकारका आधारमा लोकसाहित्यको वर्गीकरण निम्नानुसार रहेको छ :-




माथिको आरेखानुसार बृहत् र लघु गरी लोकसाहित्यमा दुई हाँगा साथै लघुमा पुनः लघु र लघुतम गरी अर्को दुई हाँगामा लोकसाहित्यको वर्गीकरण गरिएको छ ।[८५]

### ३.६.१.५ प्रकारको आधार

प्रकारगत आधारमा लोकसाहित्यको वर्गीकरण निम्नानुसार गरिएको छ :-




---

[८५] पूर्ववत्, पृ. ५० ।

माथिको आरेखानुसार लोकपद्य, लोकगद्य र लोकनाट्य गरी लोकसाहित्यको प्रकारलाई तीन भागमा वर्गीकरण गर्दै लोकपद्य अन्तर्गत लोकगीत, लोककविता, लोकगाथा र मन्त्र त्यसैगरी लोकगद्य अन्तर्गत लोककथा, गाउँखाने कथा, उखान र टुक्कालाई समेट्दै लोकनाट्य अन्तर्गत लोकनाटकलाई समावेश गरी वर्गीकरण गरिएको छ ।[८६] यसरी माथिका ५ वटै वर्गीकरणका आधारलाई समेट्दै लोकसाहित्यको वर्गीकरण निम्नानुसार गर्न सकिन्छः

| | | | |
|---|---|---|---|
| १. | लोकगीत | २. | लोककविता |
| ३. | लोकगाथा | ४. | लोककथा |
| ५. | गाउँखाने कथा | ६. | उखान |
| ७. | टुक्का | ८. | मन्त्र |

**३.६.२** लोकसाहित्यका अध्येता, मर्मज्ञ तथा स्रष्टा **धर्मराज थापा र हंसपुरे सुवेदी**ले लोकसाहित्यलाई निम्नानुसार ७ भागमा वर्गीकरण गरेका छन्[८७] :-

| | | | |
|---|---|---|---|
| १. | लोकगीत | २. | लोकगाथा |
| ३. | लोककथा | ४. | लोकनाट्य |
| ५. | गाउँखाने कथा | ६. | उखान-टुक्का |
| ७. | विविध | | |

यसरी विभिन्न विद्वान्हरूद्वारा विभाजन गरिएका विविध विधाहरूलाई आधार मान्दै लोकसाहित्यका विधाहरूलाई छोटकरीमा यसरी चिनाउन सकिन्छ ।

## ३.६.२.१ लोकगीत

लोकसाहित्यको लोकपद्य अन्तर्गत पर्ने प्रमुख विधा लोकगीत हो । मानव मन सुख-दुःखका संवेदनाले आन्दोलित हुन्छ । आन्दोलित विचार तथा भावनाहरू अन्जानमै रागात्मक लयबद्ध भई गीतका रूपमा प्रस्फुटित हुन्छ । यही प्रस्फुटन नै गीत हो र त्यसैको प्रकटीकरण लोकगीत हो । सबैको प्रिय र लोककै सम्पत्ति लोकगीत हो । रचनाकार अज्ञात हुने तथा सबैले सहज र सजिलै यसलाई आत्मसात् गरेको हाम्रो समाजमा पनि देखिन्छ ।

---

[८६] पूर्ववत्, पृ. ५१ ।

[८७] धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ४६-५० ।

### ३.६.२.२ लोकगाथा

लोकगीतको कवितात्मक र बृहत् रूप नै लोकगाथा हो । कुनै प्रसङ्ग वा घटनावलीको मौखिक अथवा श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अज्ञात रचनाकारहरूको आख्यानात्मक गीति संरचनालाई लोकगाथा भनिन्छ ।[८८] कर्खा, सवाइ, चाँचरी, धमारी, चैत प्रमुख लोकगाथाहरू हुन् ।

### ३.६.२.३ लोककथा

लोककथा लोकसाहित्यको महफ्वपूर्ण गद्य विधा हो । कथाको विशेषता भनेकै सरलता हो । त्यसैले विभिन्न घटनाहरूलाई आख्यानीकरण गर्दै श्रोतालाई मुग्ध पार्ने काम यसमा गरिन्छ । लोककथाहरू प्रायः कल्पनाश्रयी हुन्छन् । जसमा भूतप्रेत, जादुटुना, वीरता, साहस आदिको विषयवस्तुलाई समेटिएको हुन्छ । एकादेश उहिल्यै जस्ता शब्दबाट सुरु गरी 'भन्नेलाई फूलको माला सुन्नेलाई सुनको माला' आदि भनेर अन्त्य गरिन्छ ।

### ३.६.२.४ लोकनाट्य वा लोकनाटक

लोकगीतका साथसाथै अभिनयलाई प्रमुख रूपमा महफ्व दिने लोकजीवनको अति नजिक रहेको विधा नै लोकनाटक हो । गद्य र पद्य दुवै प्रस्तुतिमा हुने लोकनाटक मनोरञ्जनको भरपर्दो र महफ्वपूर्ण साधन मानिन्छ । भव्य र ठूलो मञ्चको आवश्यकता नपर्ने लोकनाट्यहरू चौतारा, चौर, चोक आदिमा पनि प्रदर्शन गर्न सकिन्छ । सोरठी, घाटु, रामायणको बालुन नेपालका चर्चित र लोकप्रिय लोकनाटकहरू हुन् ।

### ३.६.२.५ गाउँखाने कथा

प्रश्न र उत्तरको दोहोरो खेलका रूपमा नेपाली समाजमा प्रचलित लोकसाहित्यिक विधा गाउँखाने कथा हो । दुई समूहमा विभाजित भई खेलिने यो मनोरञ्जनको भरपर्दो साधन पनि हो । हेर्दा दोहोरीजस्तै लाग्ने यो कथाले मनोरञ्जन, जिज्ञासा, बौद्धिक परीक्षण र ज्ञानबृद्धि समेत गराउँछ । दिमागलाई तिखो बनाउने, बौद्धिकता झल्किने तथा ज्ञानको अमूल्य ढुकुटीका रूपमा गाउँखाने कथालाई लिइन्छ ।

---

[८८] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ. १५६ ।

### ३.६.२.६ उखान र टुक्का

उखान लोकसाहित्यको लोकोक्तिका रूपमा प्रचलित महफ्वपूर्ण विधा हो भने टुक्काले मूलतः लक्ष्यार्थ जाहेर गर्छ । जीवन अनुभवका विविध पक्षलाई गहकिलो रूपमा प्रस्तुत गर्ने, नीति-निर्देशन दिने, शिक्षा दिने आदि क्रममा दृष्टान्त र उपमाका रूपमा उखानहरू आएका हुन्छन् । उखान संसारका सबै भाषाको अलङ्कार हो ।[८९] उखानहरू अनुभवले खारिएका ज्ञानका भण्डार हुन् । त्यसैगरी भाषिक अभिव्यक्तिलाई कसिलो पार्न, भनाइलाई सङ्क्षेपमा व्यक्त गर्न, अर्थलाई चमत्कारपूर्ण बनाउन तथा विचारलाई स्पष्ट पारी व्यक्त गर्न टुक्काको प्रयोग गरिन्छ । उखानमा व्यङ्ग्यार्थको प्रधानता हुन्छ भने टुक्कामा लक्ष्यार्थको प्रधानता हुन्छ ।

### ३.६.२.७ विविध

लोकसाहित्यका विभिन्न पाटाहरूलाई यस अन्तर्गत समेट्न सकिन्छ । लघुकथा, मन्त्र आदिलाई यस अन्तर्गत राख्न सकिन्छ । मन्त्र पनि लोकसाहित्यको एउटा महफ्वपूर्ण विधा हो भने उखानका शैलीमा प्रस्तुत हुने अति छोटा आकारका कथाहरूलाई पनि लोकसाहित्यको प्रमुख हाँगो मान्न सकिन्छ । यसरी विभिन्न विद्वान्हरूले गरेको लोकसाहित्यको वर्गीकरणलाई आधार मान्दै राईगाउँ गाविसका पहरीहरूमा प्रचलित लोकसाहित्यलाई प्रमुख पाँच विधामा परिच्छेद चारमा सङ्कलन र वर्गीकरण गरी चिनाउने प्रयास गरिएको छ ।

## ३.७ निष्कर्ष

लोकसाहित्य लोकको सम्पत्ति, मनोरञ्जनको साधन, ज्ञान आर्जनको विषय, शिक्षाप्राप्तिको स्रोत तथा इतिहासको प्रस्तुति पनि हो । अज्ञात स्रष्टा, बन्धनमुक्त, सरल र सजिलो तथा आम लोकभाषाको प्रयोगले नै यो झन्-झन् लोकप्रिय बन्दै गएको छ । एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको लोकसाहित्यका विशेषताहरूमा मौखिक परम्परा, कल्पनाको प्रबलता, सामूहिकता र मनोरञ्जनात्मकता पर्दछन् । लोकलाई मनोरञ्जन दिने, शिक्षा वा उपदेश बाँड्ने, लोकमङ्गलको भावना बढाउने तथा समाजको यथार्थता पस्किने यसका प्रयोजन र उद्देश्य हुन् । त्यसैगरी सामाजिक-सांस्कृतिक,

---

[८९] रामनाथ ओझा र मधुसूदन गिरी, **लोकसाहित्य पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध**, कीर्तिपुर : स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर, (२०६०) पृ. १२१ ।

ऐतिहासिक, धार्मिक, आर्थिक तथा भाषावैज्ञानिक महफ्व लोक साहित्यको रहेको छ । विभिन्न विद्वान्हरूले यसलाई विभिन्न भागमा राखेर वर्गीकरण गरेका छन् । माध्यम, प्रस्तुति, श्रेणी, आकार र प्रकारगत आधारमा मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले लोकसाहित्यलाई वर्गीकरण गरेका छन् भने यसका मर्मज्ञद्वय धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीत, लोकगाथा, लोककथा, लोकनाट्य, गाउँखाने कथा, उखान-टुक्का र विविध आदि नामाकरण गरी लोकसाहित्यको वर्गीकरण गरेका छन् । यसरी लोकसाहित्यलाई विविध वर्गीकरण गरेर अध्ययन गर्न सकिने विषय वस्तु हो भन्न सकिन्छ ।

# परिच्छेद : चार

# राईगाउँ गाविसका पहरीजातिमा प्रचलित लोकसाहित्यको सङ्कलन र वर्गीकरण

## ४.१ राइगाउँ गाविसमा लोकसाहित्यको परम्परा

लोकजीवनको ढुकढुकी लोकसाहित्य हो । मानिसले आफ्नो उत्पत्तिकालदेखि नै लोकसाहित्यलाई सुख-दुःखमा प्रयोग गरी आफ्नो जीवनको अभिन्न अङ्गका रूपमा यसलाई स्विकारेको छ । राईगाउँ गाविसमा मानिसको बसोबास कहिलेदेखि हुन थालेको हो भन्ने कुरा किटान गर्न नसके पनि जुन समयदेखि यहाँ मानिसको बसोबास भयो, त्यसैबेलादेखि नै यहाँ लोकसाहित्यको परम्परा सुरु भएको किटान गर्न सकिन्छ । यस गाविसका आदिम जाति दनुवार राई, माझी, पहरी, मगर, तामाङ, क्षेत्री, बाहुन, दमाई, कामी आदिले आदिकालदेखि नै आफ्नो मनोरञ्जन, सुख-दुःख आदिको साथी लोकसाहित्यलाई नै बनाए । आ-आफ्नो धर्म-संस्कृति, रीतिरिवाजअनुसार मातृभाषामा होस् वा गैरमातृभाषामा लोकसाहित्यको जगेर्ना र संरक्षण राईगाउँलेहरूले गर्दै आए । लोकगीत, लोककथा, उखान, टुक्का, गाउँखाने कथाहरू यहाँका बासिन्दाका लोकप्रिय र जनप्रिय विधाहरू हुन् ।

## ४.२ राईगाउँ गाविसका पहरीजातिमा लोकसाहित्यको परम्परा

राईगाउँ गाविसका विभिन्न वडाहरूमा छरिएर रहेका पहरीजातिमा पनि अन्य जातिमा जस्तै लोकसाहित्यिक परम्परा कायम रहेको पाइन्छ । करिब १/२ सय वर्ष अघिदेखि नै पहरीहरू राईगाउँ गाविसमा रहँदै आएको र यहाँ उनीहरूको जनसङ्ख्या तेस्रो रहेको छ ।[९०] यस गाविसमा रहेका आदिम जाति पहरीहरूले अन्य जातिको सँसर्गका कारणले आफ्नो जातीय पहिचान र परम्परा प्रायः गुमाइसकेका छन् । यहाँका पहरीहरूले

---

[९०] छत्रबहादुर पहरी, पूर्ववत् ।

नेपाली भाषाका माध्यमबाट अभिव्यक्त हुने लोकसाहित्यलाई नै बढी मात्रामा आत्मसात् गरेका छन् ।[९१]

## ४.३ राईगाउँका पहरीजातिमा प्रचलित लोकसाहित्यको विधागत वर्गीकरण

राईगाउँका विभिन्न वडाहरूमा बसोबास गर्ने पहरीहरूले गाउँदै, भन्दै, सुन्दै र सुनाउँदै आएका लोकसाहित्यका प्रकारहरू नै त्यस जातिमा प्रचलित लोकसाहित्यको विधागत वर्गीकरण हो । राईगाउँ गाविसका पहरी जातिमा प्रचलित लोकसाहित्यिक विधालाई निम्नानुसार वर्गीकरण गर्दै चिनाइएको छ :-

१. लोकगीत २. लोककथा

३. गाउँखाने कथा ४. उखान

५. टुक्का

यसरी राईगाउँ गाविसका पहरी जातिमा प्रचलित लोकसाहित्यलाई प्रमुख पाँच विधामा वर्गीकरण गर्दै त्यसको अध्ययन अघि बढाइएको छ ।

### ४.३.१ राईगाउँ गाविसका पहरीहरूमा प्रचलित लोकगीत र त्यसको वर्गीकरण

अन्यत्र झैँ यस राईगाउँका पहरीजातिमा पनि लोकगीत प्रिय र बढी प्रचलित विधाका रूपमा रहेको छ । स्थानीय पहरीजातिमा प्रचलित २४ वटा नेपाली भाषाका लोकगीतहरूलाई सङ्कलन गरी तिनलाई यहाँ यसरी वर्गीकरण गरिएको छ :-

क) झ्याउरे ख) चुड्का

ग) सङ्गिनी घ) शिशु गीत

ङ) कर्म गीत च) पर्व गीत

छ) सामान्य वा बाह्रमासे गीत ज) संस्कारजन्य गीत

#### ४.३.१.१ झ्याउरे

सोझा-सिधा, अशिक्षित-अनपढ, झुत्रे-झाम्रे सर्वसाधारण सबैले गाउने लोकगीत भएर होला खास किसिमको यस्तो लोकगीतलाई झ्याउरे गीत भनिएको छ ।[९२] राईगाउँका

[९१] ऐजन ।

पहरीहरूमा प्रचलित र यहाँ सङ्कलित गीतहरूमध्ये उनीहरूले गाएका ३ वटा गीतहरू झ्याउरे लयका गीतहरू हुन् र यी छोटा, मझौला र लामो झ्याउरे लयका छन् :-

क) म त बैरागी (छोटो)

ख) जिन्दगी के छ र ? (मझौला)

ग) एउटी नल्याई भा छैन । (लामो)

## ४.३.१.२ चुड्का

चुड्का शब्दले छोटो र छिटो रूपमा गाइने गीत भन्ने बुझाउँछ ।[९३] चुड्की बजाएजस्तै मादल चड्कन थालेपछि छिटोछिटो र छोटो रूपमा यसलाई गाइन्छ ।[९४] राईगाउँका पहरीजातिमा पनि चुड्का गीतको प्रचलन छ । जात्रा-मेला, चाडपर्व, खेतीपाती विभिन्न समयमा चुड्का भाकाको गीत यहाँका पहरीहरू गाउँछन् । यहाँका पहरीहरूले गाउने निम्नलिखित शीर्षकका गीतहरू चुड्का गीतहरू हुन् :-

क) बहिनीले दिएको जाली रुमाल

ख) लर्किएर जाला जोवन

## ४.३.१.३ सँगिनी

आईमाई साथी, मितिनी वा दौँतर भन्ने अर्थ 'सँगिनी' को हुन्छ ।[९५] केटी साथी-सँगी मिलेर गाइने गीतका रूपमा पहरी युवतीहरूले यसलाई बुझेका छन् । उनीहरूले गाएको सँगिनी लयको निम्नलिखित शीर्षकको लोकगीत यहाँ सङ्कलित छ :-

क) छोरीको वेदना

## ४.३.१.४ शिशु

केटाकेटीले गाउने अर्थात् केटाकेटीलाई फुल्याउन गाइने गीतहरू यसअन्तर्गत पर्छन् । राईगाउँ-४, शाखाटार निवासी वृद्धा ज्ञानीमाया पहरीले आफ्नै पहरी भाषामा गाएको निम्नलिखित शीर्षकको शिशुगीत यहाँ सङ्कलित छ :-

क) चुना चलावे

---

[९२] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ. ८६ ।

[९३] पूर्ववत्, पृ. ९९ ।

[९४] पूर्ववत्, पृ. ८८ ।

[९५] पूर्ववत्, पृ. ८८ ।

## ४.३.१.५ कर्मगीत

कर्म गर्दा गाइने गीत नै कर्मगीत हो । यसलाई श्रमगीत पनि भनिन्छ । राईगाउँ गाविसका पहरीहरूले पनि खेतीपाती, मेलापात, घाँसदाउरा आदि काममा आफ्ना साथीसङ्गीका बीच हाँसो, मजाकका क्रममा यस्ता गीतहरू गाउने गरेका छन् । राईगाउँका पहरीहरूमा प्रचलित निम्नलिखित शीर्षकका गीतहरू कर्मगीतहरू हुन् :-

क) रामदले बैनी जाउँ है 'रामदल भाका'

ख) बाँच्नु छ आसमा

ग) दाइँ गर्नु लिपेको खलामा

## ४.३.१.६ पर्वगीत

चाडबाडका अवसर पारेर गाइने गीतहरू पर्व गीत हुन् ।[९६] देउसी, भैली, तीज, दशैंमा गाइने मालसिरी, फागु, होरी आदि पर्वगीतहरू हुन् । राईगाउँ गाविसका पहरी समाजमा पनि यसको प्रचलन छ । देउसी, भैली, दशैं तथा तीजमा राईगाउँका पहरीहरूले गाउने निम्नलिखित गीतहरू यसअन्तर्गत पर्दछन् :-

क) आयो दशमी ढोलकी बजाइ (दशैं पर्वगीत)

ख) देउसी गीत

ग) आशिष देउसी गीत

घ) भैली गीत

ङ) मुगलान पारी दिए बाले चालै पाएनन् (तीज)

च) आजैदेखि थालौं हामी रुख रोपेर (तीज)

## ४.३.१.७ सामान्य वा बाह्रमासे गीत

जुनसुकै समय र ठाउँमा जतिखेर पनि गाइने गीत नै सामान्य वा बाह्रमासे हो ।[९७] बाह्रै महिना विभिन्न भाकामा यो गीत गाइन्छ । चुड्का, रोइला, ख्याली, झ्याउरे, घाँसे, सेलो, सालैजो आदि भाकाहरूमा एकल तथा दोहरीका रूपमा यसको प्रस्तुति हुन्छ ।

---

[९६] पूर्ववत्, पृ. ११३ ।

[९७] पूर्ववत्, पृ. १०० ।

राईगाउँका पहरीहरूमा पनि बाह्रमासे गीत प्रचलित छ । घाँसदाउरा गर्दा, मेलापात जाँदा, चाडपर्व मनाउँदा, मेला-जात्रा गर्दा आदि समयमा एकल तथा दोहरीका रूपमा बाह्रमासे गीत पहरी युवायुवती तथा त्यस समाजमा प्रचलित छ । राईगाउँका पहरी समाजमा प्रचलित बाह्रमासेका एकल तथा दोहोरी गीतहरूलाई शीर्षकमा निम्नानुसार सङ्कलन गरिएको छ :-

क) मेरो मायाँ कहाँ पुग्यो भनी (एकल)

ख) सिसिम पानीमा (दोहोरी)

ग) तिमीजस्तो म हैन घुमन्ते (दोहोरी)

घ) माइती मेरो एक नम्बर (काँठे दोहोरी)

ङ) मचाहिँ के कम छु र ? (काँठे पुरुष एकल)

६. नक्कले छातीमा । (काँठे महिला एकल)

### ४.३.१.८ संस्कारजन्य गीत

करीब १०० वटाभन्दा बढी भाषा बोलिने हाम्रो देशमा विविध संस्कारहरू छन् । हिन्दू, बौद्ध, क्रिश्चियन, मुस्लिम आदि धर्मावलम्बीका आ-आफ्नै संस्कार र संस्कृतिहरू छन् र गीतहरू पनि तिनैसँग प्रभावित हुन्छन् । हरेक न्वारान, पास्नी, विवाह, चाडपर्व आदिमा यस्ता संस्कारजन्य गीतहरू गाइन्छन् । राईगाउँका पहरीहरू पनि यसबाट अछुतो छैनन् । आफ्नो मौलिक संस्कृति नभए पनि हिन्दू संस्कारमा हुर्किएका उनीहरूले त्यसैलाई आधार मानेर गीतहरू गाउने गरेका छन् । स्थानीय पहरीहरूले वैवाहिक संस्कारमा गाइने निम्नलिखित शीर्षकका गीतहरू यस अन्तर्गत पर्दछन् :-

क) रक्षा गर कठै रक्षा गरन । (रत्यौली)

ख) कति आयौ लुच्चा । (सिलोक)

## ४.३.२ राईगाउँ गाविसका पहरी जातिमा प्रचलित लोककथा र त्यसको वर्गीकरण

लोकसाहित्यको अर्को महफ्वपूर्ण विधा लोककथा हो । राईगाउँ गाविसका पहरी जातिमा आदिकालदेखि नै यसको प्रचलन रहेको छ । केटाकेटीलाई फुल्याउन, डर देखाउन, मनोरञ्जन गर्न तथा थकाइ मार्न रमाइला-रमाइला कथाहरू आफ्ना पुर्खाहरूले सुनाउँदै आएको परम्परा उनीहरूमा छ । एकादेशबाट सुरु हुने र अन्तमा सुन्नेलाई सुनको माला

भन्नेलाई फूलको माला भन्ने कथाको वाचन परम्परा छ । स्थानीय पहरी जातिमा प्रचलित र यहाँ सङ्कलित चारवटा लोककथाहरू किंवदन्तीमूलक अर्थात् ऐतिहासिक, सामाजिक, पशुपक्षी तथा अतिप्राकृतिक विषयवस्तुसित सम्बन्धित छन् ।

किम्बदन्तीमूलक कथामा 'पहरीजातिको कथा' सामाजिक विषयवस्तुमा 'पहरी ससुरा र मगर ज्वाइँको कथा', पशुपक्षी अन्तर्गत 'बुहारी चरीको कथा' र अति प्राकृतिक विषयवस्तुसँग सम्बन्धित 'सुनकेस्री रानीको कथा' यहाँका पहरीहरूमा प्रचलित र लोकप्रिय कथाहरू हुन् ।

## ४.३.३ राईगाउँ गाविस पहरीमा प्रचलित गाउँखाने कथा र त्यसको वर्गीकरण

स्थानीय राईगाउँ गाविसका पहरीजातिहरूमा पनि गाउँखाने कथाहरूको प्रचलन रहेको छ । पहरी युवा-युवती, बुढाबुढी, केटाकेटीहरू चोक चौतारामा भेला भई तथा पुस-माघको कठ्याङ्ग्रिने जाडोमा अगेनाको वरिपरि बसेर कामको थकाइ मार्दै एक-अर्काको बुद्धिको परीक्षण गर्ने गरी गाउँखाने कथा भन्ने गरेको पाइन्छ । निम्नलिखित प्रकारका गाउँखाने कथाहरू स्थानीय पहरी जातिमा प्रचलित छन् :-

क) कृषि व्यवसायसम्बन्धी गाउँखाने कथा,

ख) घरेलु जीवनसँग सम्बन्धित गाउँखाने कथा,

ग) शरीरसम्बन्धी गाउँखाने कथा,

घ) प्रकृति सम्बन्धी गाउँखाने कथा,

ङ) विविध विषयसँग सम्बन्धित गाउँखाने कथा ।

## ४.३.४ राईगाउँका पहरीजातिमा प्रचलित उखान र तिनको वर्गीकरण

मानवसभ्यताको पहिचानलाई छिटो, मीठो र चुट्किलो रूपमा अभिव्यक्त गर्ने लोकसाहित्यको महफ्वपूर्ण विधा उखान हो । राईगाउँका पहरीजातिमा पनि यसको प्रचलन प्राचीन समयदेखि हुँदै आएको छ ।[९८] आफ्नो भनाइलाई चोटिलो, व्यङ्ग्यात्मक र चोपिलो बनाउनका लागि पहरीसमाजले यसको प्रयोग गर्ने गरेका छन् । राईगाउँ गाविसका स्थानीय पहरीहरूमा प्रचलित र यहाँ सङ्कलित उखानहरू निम्नलिखित प्रकारका छन् :-

---

[९८] शेरबहादुर पहरी, संविधान सभा सदस्य तथा राईगाउँ-४, शाखाटार निवासीसँगको अन्तर्वार्ताअनुसार ।

क) सामाजिक तथा नीति चेतनासम्बन्धी उखान,

ख) ज्ञानविज्ञानसम्बन्धी उखान,

ग) कृषिसम्बन्धी उखान,

घ) लोकविश्वाससम्बन्धी उखान,

ङ) विविध विषयमूलक उखान ।

## ४.३.५ राईगाउँका पहरीजातिमा प्रचलित टुक्का र त्यसको वर्गीकरण

भाषिक अभिव्यक्तिलाई कसिलो पार्न, भनाइलाई सङ्क्षेपमा व्यक्त गर्न, अर्थलाई चमत्कारपूर्ण बनाउन तथा विचारलाई स्पष्ट पारी व्यक्त गर्न टुक्काको प्रयोग गरिन्छ । नेपाली जनजिब्रोमा जतिबेलादेखि उखान आउन थाल्यो, त्यसै बेलादेखि टुक्का पनि प्रचलनमा आएको हो । अति सङ्क्षेपमा आफ्नो भनाइमा रोचकता थप्नको लागि यसको प्रयोग गरिन्छ । राईगाउँका पहरीका अभिव्यक्तिमा पनि यस्ता टुक्काहरू प्रचलनमा रहेको बताइन्छ ।[९९] राईगाउँका पहरीहरूमा प्रचलित टुक्काहरूलाई मुख्यतः निम्नलिखित दुई भागमा वर्गीकरण गरेर अध्ययन गर्नु राम्रो हुने देखिन्छ :-

क) क्रियापदमुक्त टुक्का,

ख) क्रियापदयुक्त टुक्का ।

## ४.४ निष्कर्ष

राईगाउँ गाविस र त्यस गाविसमा रहेका आदि जाति पहरीहरूमा पनि लोकसाहित्यिक परम्परा कायमै रहेको छ । पहरीजातिको सुख-दुःख, आँसु-हाँसो, मेलापात, घाँस-दाउरा, जात्रा-मेलाका क्रममा भावनात्मक अभिव्यक्तिका रूपमा लोकसाहित्यका विभिन्न विधाहरू अभिव्यक्त भएका छन् । राईगाउँका पहरीजातिमा प्रचलित लोकसाहित्यिक अभिव्यक्तिहरू विधागत रूपमा मुख्यतः पाँच वर्गमा वर्गीकृत भएका छन् । ती हुन् लोकगीत, लोककथा, गाउँखाने कथा, उखान र टुक्का । वर्गीकृत यिनै पाँच विधा पहरी जातिमा प्रचलित लोकसाहित्यका विधागत भेदहरू हुन् । राईगाउँका पहरीहरूमा प्रचलित र यहाँ सङ्कलित २४ वटा गीतहरू झ्याउरे, चुड्का, सँगिनी, शिशु, कर्म, पर्व, बाह्रमासे र संस्कार

[९९] ऐजन ।

गरी आठ प्रकारमा वर्गीकृत भएका छन् । स्थानीय पहरी जातिमा प्रचलित र यहाँ सङ्कलित चारवटा लोककथाहरू किम्वदन्तीमूलक, सामाजिक, पशुपक्षी र अतिप्राकृतिक विषयवस्तुसित सम्बन्धित छन् । त्यसैगरी यस जातिमा प्रचलित र यहाँ सङ्कलित ५ प्रकारका गाउँखाने कथाहरू कृषि व्यवसाय, घरेलु जीवन, शरीर, पकृति र विविध विषयसँग सम्बन्धित छन् र राईगाउँका पहरीजातिमा प्रचलित लोकसाहित्यको अर्को महफ्वपूर्ण विधा उखान हो । यहाँका पहरीमा प्रचलित उखानहरू सामाजिक तथा नीति चेतना सम्बन्धी, ज्ञानविज्ञान सम्बन्धी, कृषि सम्बन्धी, लोकविश्वास सम्बन्धी र विषयमूलक गरी पाँच प्रकारका छन् । त्यस्तै यस जातिमा प्रचलित र यहाँ प्राप्त भएका टुक्काहरू क्रियापदयुक्त र क्रियापदमुक्त गरी दुई प्रकारका रहेका छन् ।

# परिच्छेद : पाँच

# राईगाउँ गाविसका पहारीजातिमा प्रचलित लोकसाहित्यको अध्ययन

## ५. पहारीजातिमा प्रचलित लोकसाहित्यको अध्ययन

मकवानपुर जिल्लाको सुदूर पूर्वमा अवस्थित राईगाउँ गाविसमा पहरीजातिहरूको बसोबास छ । राईगाउँ गाविसका नौवटा वडाहरूमध्ये ५ वटा वडाहरूमा यिनीहरूको बसोबास छ । जनसङ्ख्याका दृष्टिले ८ सय ९८ यिनीहरूको जनसङ्ख्यागत विवरण छ । पहरीहरू पनि यस गाविसका आदि जाति हुन् । स्थानीय रूपमा यस जातिमा प्रचलित लोकसाहित्यको सङ्कलन गर्दै प्राप्त भएका २४ वटा लोकगीतहरू, ४ वटा लोककथा, ५ प्रकारका गाउँखाने कथाहरू, विभिन्न विधा र उपविधा गरी १५ प्रकारका उखान तथा दुई प्रकारका टुक्काहरूको वर्गीकरण र विधागत मापदण्डका आधारमा यहाँ तिनको अध्ययन विश्लेषण गरिएको छ ।

## ५.१ राईगाउँका पहरीजातिमा प्रचलित लोकगीतहरू

राईगाउँका पहरीजातिमा प्रचलित र यहाँ सङ्कलित २४ वटा लोकगीतहरूमध्ये झ्याउरे- तीनवटा, चुड्का- दुईवटा, संगिनी- एकवटा, शिशु- एकवटा, कर्म-तीनवटा, पर्वगीत- ६ वटा, बारमासे- ६ वटा र संस्कारजन्य लोकगीतहरू दुईवटा छन् । अध्ययन गरिएका गीतका पूरा अंश र स्रोत परिशिष्ट खण्डअन्तर्गत सम्बन्धित शीर्षकमा दिइएका छन् ।

### ५.१.१ झ्याउरे लोकगीत

राईगाउँका पहरीजातिमा प्रचलित लोकगीतहरूमध्ये तीनवटा गीतहरू झ्याउरे लयका छन् । 'म त वैरागी', 'जिन्दगी के छ र ?', 'एउटी नल्याई भा छैन' राई गाउँका पहरीमा प्रचलित झ्याउरे लयका लोकगीतहरू हुन् ।

### ५.१.१.१ म त बैरागी

प्रस्तुत गीत भ्याउरे लयमा संरचित छ । द्रुतलयमा गाइने हुँदा यसलाई छोटो भ्याउरे भनिन्छ । केटा र केटीको संवादमय ढाँचामा गाइने यस गीतमा चार-चार पङ्क्तिका पङ्क्तिगुच्छात्मक कथनहरू छन् । हरेक पङ्क्तिगुच्छहरूमा दोहोरिने स्थायी पङ्क्तिहरू छन् । त्यसअन्तर्गत अति सङ्क्षिप्त रूपमा कथ्यहरू अभिव्यक्त भएका छन् । मायालाई सम्झेर आफ्नो मन बैरागिएको र बैरागिएको मन लिएर खोलैखोला हिंड्न मन लागिरहेको कथन केटाको अभिव्यक्तिमा स्थायी पङ्क्ति बनेको छ । मायाको रूप झनै राम्रो लाग्दै आएको तर आजभोलि भेट हुन सकेको छैन । त्यसेले मन बैरागिएको छ । केटाको यस कथनमा केटीको प्रतिकथन छ- तिम्रो त्यही बोलीले नै मोहनी लगायो । पाटीमा भेटेर केटासँग आफूले फोटो लिन चाहेको र त्यही फोटोलाई छातीमा टाँस्न मन लागेको छ । फोटो लिएर छातीमा टाँसीरहन मन लागेको कुरा केटीको कथनमा स्थायी पङ्क्ति बनेको छ । "राम्रो-हाम्रो, बगायो-लगायो, भाको-गाको, चुराले-कुराले, ओलैओल-खोलैखोल, पाटीमा-छातीमा" जस्ता अनुप्रासीय शैलीले वाचनमा गीतलाई सहज बनाएको छ । साथै वागमती खोला, सिन्की, ओल आदिले राईगाउँको स्थानीय परिवेश गीतमा यसरी झल्किएको छ :-

केटा : माया तिम्रो रूप झनै राम्रो
आजभोलि भेट हुन्न नि हाम्रो
सिन्की ओलै-ओल .........
म त बैरागी, जान्छु खोलै-खोल ।

केटा : बागमतीले गाईवस्तु बगायो
त्यै बोलीले मोहनी लगायो
बसौ पाटीमा ........
देऊ फोटो, दाइ तिम्रो, लगाउँ छातीमा ।

### ५.१.१.२ जिन्दगी के छ र ?

प्रस्तुत गीत पनि भ्याउरे लयमा नै संरचित छ । न लामो न छोटो बीचको भाकामा गाइने भ्याउरे गीत भएकाले यसलाई मझौला भ्याउरे गीत भनिन्छ । कुनै एक पुरुषको दुई दिने मानिसको जीवनको भर नभएको कथनबाट यो गीत अघि बढेको छ । बीच-बीचमा दुई विश्राम हुने दुई-दुई पङ्क्तिका तीन गुच्छहरू यस गीतमा रहेका छन् । अन्त्यानुप्रासीय शैली,

मायाप्रीतिका कुरा, विरक्तिएको मन यस गीतका कथन ढाँचा हुन् । धानको पीठो, बेसार, प्याउली फूल, न्याउली चरी, खेतको आली जस्ता शब्दहरूको उपस्थिति तथा गीतका अन्य शब्द चयनका दृष्टिले गाउँले परिवेश गीतमा झल्किन्छ । यस गीतमा दुई दिन बाँच्ने मानिसको जीवनको भर नहुने, चैतको न्याउली चरीले विरहको गीत गाए झैँ मन विरक्तिएको तथा केहीबेर अघि मात्र फूर्ति लाउने युवतीका अघि राखिएको प्रस्तावले उनी कक्रक्क परेको जस्ता भाव अभिव्यक्त भएको छ । राईगाउँ गाविसका युवा पिंढीले यो गीत वर्षको कुनै पनि समयमा गाउने गर्छन् । प्रस्तुत गीतको सानो अंश तल दिइएको छ :-

सेतोमा सेतो, धानको पीठो, पहेंलो बेसार
दुई दिन बाँच्ने, मानिसको चोला, जिन्दगी के छ र ?

### ५.१.१.३ एउटी नल्याई भा छैन

प्रस्तुत गीत पनि झ्याउरे लयमा नै संरचित छ । लामो लेघ्रो तथा भाकामा गाइने हुनाले यो झ्याउरे गीतलाई बिलम्बित अर्थात् लामो झ्याउरे गीत पनि भनिन्छ । मूलतः यो कण्ठ्यगीत भए पनि मादलका तालमा यसलाई गाउने चलन छ । नृत्यरहित गीत भए पनि परिस्थिति अनुसार नृत्य आयोजना गर्न सकिन्छ । मनोरञ्जनात्मक गीत भएकाले गायक र श्रोता दुवैलाई मन्त्रमुग्ध पार्ने शक्ति यसमा हुन्छ । पुरुष प्रधान यो गीत हाम्रो जीवन मरेर जाने भएकाले डर मान्न नहुने कथन ढाँचाबाट अघि बढ्छ दुई विश्रामपछि अन्त्य हुने अनुप्रासीय शैलीका दुई-दुई पङ्क्तिका तीन गुच्छहरू गीतमा रहेका छन् । स्थानीय भाषा र परिवेश रहेको यस गीतमा मरेर जाने जीवनदेखि डराउन नहुने, मन बुझाउने साथी नभएको, सानो रुमालदेखि स-साना कामसमेत आफैले गर्नुपर्ने आदि बाध्यताले यो वर्ष एउटी नल्याई भा छैन भन्ने कथन अभिव्यक्त भएको छ । मनोरञ्जनात्मक भएकाले राईगाउँका पहरीहरू यो गीत बाह्रैमास गाउँछन् । गीतको छोटो अंश तल दिइएको छ :-

सानुमा सानो, कुसुमे रूपमा धोइदिने कोही छैन ।
जसरी पनि, यो वर्ष एउटी, नल्याई भा छैन ॥

## ५.१.२ चुड्का गीत

राईगाउँका पहरीजातिमा प्रचलित गीतहरूमध्ये दुईवटा चुड्का लयका गीतहरू छन् । 'बहिनीले दिएको जाली रुमाल' र 'लर्किएर जाला जोवन' चुड्का लयका गीतहरू हुन् ।

### ५.१.२.१ बहिनीले दिएको जाली रुमाल

प्रस्तुत गीत चुड्का लयमा संरचित छ । मादलको चड्कनसँग तथा चुड्की बजाए जस्तै छिटो-छिटो गाइने हुँदा यसलाई चुड्का भनिएको हो । केटा र केटीको दोहोरो संवादात्मक अभिव्यक्ति गीतमा छ । स्थायीको दुई पङ्क्ति र अन्तराको चार पङ्क्ति ढाँचामा गीत अघि बढ्छ । बहिनीले दिएको माला र जालीरूमाल केटाको कथन हो भने मायाँ एकातिर, कर्के नजर मतिर, दिल कतातिर ? भन्ने प्रश्नात्मक ढाँचाको प्रतिकथन केटीको छ । यस गीतमा वैशाखको महिना गयो, जेठ पनि लाग्यो तर मायाँको अत्तोपत्तो नभएको र बल्ल-बल्ल भेट हुँदा पनि ओठे लेघ्रो तानेर नबोली बसेको देख्दा मन बेचैन भएको केटाको कथन अभिव्यक्त भएको छ । त्यसैगरी विभिन्न रसात्मक फूलहरूमा मौरी भुलेझैँ माया हराएको, केको बसमा परी बाटो बिर्सेकी साथै के पीर परेर मुख अँध्यारो पारेको, मलाईचाहिँ ठिक्क पारेर घरमा अर्कै राखेको पो हो कि भन्ने केटीको शङ्का छ । पहिलो पङ्क्तिमा पहिलो विश्राम, दोस्रो पङ्क्तिको बीचमा दोस्रो विश्राम हुँदै अघि बढ्ने यस गीतका प्रत्येक पङ्क्तिहरूलाई लामो स्वर तानेर बीचमा एउटा विश्राम लिँदै गाइन्छ । “जेठ-भेट, गोठ-ओठ, रसमा-बसमा” जस्ता अन्त्यानुप्रासीय शैलीले गीतलाई अझ बढी रोचक र मोहक बनाएको छ । केटा र केटीले गाउने गीतको स्थायीलाई उदाहरणका लागि तल दिइएको छ :-

केटा : बहिनीको माला
बहिनीले दिएको जाली रुमाल ।

केटी : माया एकातिर
कर्के नजर मतिर, दिल कतातिर ?

### ५.१.२.२ लर्किएर जाला जोवन

प्रस्तुत गीत पनि चुड्का लयमै संरचित छ । यस गीतमा केटा र केटीको दोहोरो संवादयुक्त कथन ढाँचा रहेको छ । केटा र केटी दुबैले गाउने यस गीतमा स्थायीका दुई पङ्क्ति गुच्छ र अन्तराका चार पङ्क्ति गुच्छ रहेका छन् । ‘छ भने छ भन, छैन भने लर्किएर जाला जोवन’ भन्ने कथन केटा र केटी दुवैले गाउने स्थायी पङ्क्ति हुन् । त्यसैगरी स्थायीका यी दुई पङ्क्तिलाई पहिलोको अन्तिममा विश्राम लिइन्छ भने दोस्रोलाई विनाविश्राम गाइन्छ । हे........ हे........ भन्ने लामो लेघ्रो स्वर तानेर अन्तराका पङ्क्तिहरू गाइने यस गीतमा केटाले गाउने अन्तरामा हिमालको चिसो पानी खान मन लागे जस्तै पातलो जिउकी

केटीलाई लान मन लागेको र आकाशको गर्जन बादलले हो कि भने झैँ जेठीभन्दा कान्छी राम्री भएकी उसले लगाएको गाजलले हो कि भन्ने कथन अभिव्यक्त भएको छ । त्यसैगरी केटीले गाउने अन्तरामा दाजुको कुरा राम्रै लागेकाले नजिकै बस्न मन लागेको तर जति नजिक गयो दाजु उति टाढा भाग्नाले पुरुषत्व माथि शङ्का उब्जिएको मात्र होइन कुनै खोजखबर नै नगर्ने उनको प्रवृत्ति औंल्याउँदै जता-जता राम्रो तरुनी देख्यो त्यतै लाग्ने केटाको बानीप्रति व्यङ्ग्य गरिएको छ । अन्तराका प्रत्येक पङ्क्तिको बीचमा विश्राम लिँदै गाइने यस गीतमा अन्तरालाई गाउँदा बीच-बीचमा मादल रोक्दै बजाइन्छ । स्थायी गाउँदाचाहिँ मादललाई पूरै चड्काइन्छ । चुड्के लयमा मादलको चड्कनसँगै गाइने हुनाले यस्ता गीतलाई चुड्के भनिएको हो । जेठी, कान्छी, दाजी, मादलु, गाजलु, लर्किनु, फत्तुर जस्ता शब्दले गाउँले परिवेश झल्काएको छ । गीतमा व्यक्तिएको सरल भाषा र अन्त्यानुप्रासीय शैलीले गीतलाई बढी प्रभावकारी र रोचक बनाएको छ । यस गीतको स्थायी र अन्तराको सानो अंश तल दिइएको छ :-

केटा : स्थायी, छ भने छ भन,
छैन भने लर्किएर जाला जोवन ।
अन्तरा, हे... हे... हिमालको चिसो पानी खाइदिउँ खाइदिउँ लाग्छ ।
यति राम्री पातलीलाई लैजाउँ-लैजाउँ लाग्छ ।

केटी : स्थायी, छ भने छ भन,
छैन भने लर्किएर जाला जोवन
अन्तरा, हे... हे... खोजखबर केही छैन, फत्तुर मात्रै लाउने
जता जता राम्री देख्यो, उतै-उतै धाउने
छ भने छ भन, ..........
छैन भने लर्किएर ........

## ५.१.३ सङ्गिनी गीत

राईगाउँका पहरीजातिमा सङ्गिनी लयको एउटा गीत प्रचलनमा छ । 'छोरीको वेदना' सङ्गिनी लयको गीत हो ।

### ५.१.३.१ छोरीको वेदना

प्रस्तुत गीत 'सङ्गिनी' लयमा संरचित छ । आइमाई साथीहरू मिलेर सामूहिक रूपमा गाउने गीत भएकाले यसलाई 'सङ्गिनी' भनिएको हो । राईगाउँका पहरीहरूले वनपाखा, मेलापात, चाडपर्व, सुख-दुःख, घाँस-दाउरा, ढिकी-जाँतो विभिन्न उत्सव र जुनसुकै समयमा यो गीत गाउँछन् । तीज गीतको भाका रहेको यो गीतमा छोरीहरूको मनको कुण्ठा र वेदना प्रकट भएको छ । दुई-दुई पङ्क्तिका पाँच गुच्छहरू गीतमा छन् । यस गीतलाई अनुप्रासिकताले अझ प्रभावकारी बनाएको छ । पहरीजातिका छोरीहरूका मनभित्र बाआमाको गलत व्यवहारको अनुभूति रहेको तथा त्यसलाई बाहिर ल्याउने माध्यम यो गीत बनेको छ । छोरीहरूका मनका व्यथा सबैले सुन्नुपर्ने, धेरै छोरी हुँदाहुँदै पनि बाआमाले छोरा पाउने रहर गरेको देख्दा अब त्यसो गर्न नहुने, छोरीमात्र भएकोले अपुताली पर्‍यो र मर्दा पनि नर्क पुगिने धारणा राख्न नहुने, बच्चा जन्माउने मेसिनका रूपमा मात्र पुरुषहरूले नारीलाई हेर्न नहुने साथै समयको परिवर्तनले अब त छोराहरूले दिन दागबत्ती छोरीले पनि दिन थालेकाले छोरा पाउने आसमा धेरै छोरी जन्माएर हेला गर्ने काम कुनै पनि बाआमाले गर्न नहुने सन्देश यस गीतमा छ । गीतको अन्तिम गुच्छलाई दृष्टान्तका लागि तल दिइएको छ :-

छोरी धेरै नपाउनुहोस्, छोरा पाउने आसमा ।
छोरीले नै दागबत्ती दिन्छन् लाशमा ॥

### ५.१.४ शिशुगीत

राईगाउँका पहरी जातिमा एउटा शिशुगीत प्रचलनमा छ । यस जातिमा प्रचलित 'चुना चलावे' शिशुगीत हो ।

### ५.१.४.१ चुना चलावे

प्रस्तुत गीत शिशुगीत हो । राईगाउँका पहरीजातिमा यो गीत प्रचलनमा रहेको छ । घरमा बच्चा हेर्न बसेका दाजुदिदीहरूले वा हजुरआमाहरूले बच्चाबच्ची रुँदा फुल्याउनका लागि गाउने गीत हो यो । पाँच पङ्क्तिको एउटै गुच्छमा संरचित र पहरी भाषामा अभिव्यक्त भएको यस गीतमा अति सङ्क्षिप्त कथन रहेको छ । रोइरहेको बच्चालाई नरोऊ

आमा आउँछिन्, दूध ख्वाउँछिन् चुप लाग बाबु चुप लाग भन्दै फुल्याउन यो गीत गाइएको हो । पहरी भाषामा गाइएको यो शिशुगीतलाई यहाँ नेपालीमा यसरी उल्था गरिएको छ :-

पहरी भाषामा : चुना चलावे, चुना रुवाबे
चुकाम ख्वैकारो, बाबू
चुकाम ख्वैकारो, बाबू
कुल्लैइ चोगुन मालाला
चयु ङ्याला, कुल्लैइ चोगुन ।

नेपालीमा अर्थ : कल्ले चलायो, कल्ले रुवायो
केल्लाई रोएको, बाबू केल्लाई रोएको
आमा आउँदैछिन्, दूध ख्वाउँछिन्
चुप लाग न बाबू चुप लाग न ।

## ५.१.५ कर्मगीत

राईगाउँका पहरीजातिमा तीनवटा कर्मगीतहरू प्रचलनमा छन् । 'रामदले बैनी जाऊँ है', 'बाँच्नु छ आसमा' र 'दाइँ गर्नु लिपेको खलामा' कर्मगीतहरू हुन् ।

### ५.१.५.१ रामदले बैनी जाऊँ है

प्रस्तुत कर्मगीत 'रामदल' भाकामा गाइने लोकगीत हो । 'रामदल' भाकाको नाम 'रामदल' रहनुले यसको सम्बन्ध रामायणसँग छ ।[१००] सीताहरणका बेला सीताको खोजीमा निस्केका देवताका दलहरूलाई विभिन्न समूहमा विभाजन गरी 'रामको दल' भनिएको र विभाजित सो समूहले 'आऊ हैन रामदल जाऊँ है' भनेकाले त्यहींबाट यस भाकालाई 'रामदल' भनिएको हो ।[१०१] रामदल भाका मकवानपुर जिल्लाका अरू गाविसका लागि नौलो र पृथक भाका हो । यो गीत पूर्व र मध्य नेपालका केही जिल्ला र विशेषगरी सिन्धुली जिल्लाका माझीहरूले गाउने लोकप्रिय लोकगीत हो ।[१०२] राईगाउँ गाविस सिन्धुली जिल्लासँग जोडिएको र यहाँ पनि माझीहरूको बाक्लो बस्ती भएकाले उनीहरूले गाउने

---

[१००] महेन्द्र भण्डारी, *रामदल भाकाको लोकगीत,* **गरिमा** मासिक, ललितपुर : सा.प्र., (२०६५ चैत्र) पृ. ६४-६५ ।

[१०१] महेन्द्र भण्डारी, पूर्ववत्, पृ. ६५ ।

[१०२] महेन्द्र भण्डारी, पूर्ववत्, पृ. ६५ ।

'रामदल' भाकाको गीत पहरी जातिको कर्मगीत बन्न पुगेको हो ।[१०३] यो गीत लोप हुने स्थितिमा छ ।[१०४] असारे गीत असार महिनासँग गाँसिए जस्तै यो गीत वैशाख महिनासँग सम्बन्धित छ । यो गीत मकै गोड्दा मात्र गाइन्छ ।[१०५] रामदलेहरू एकै लहरमा उभिएर एकनासले गीतको स्वरमा कोदालो चलाउँछन् ।[१०६] बीचमा भट्ट्याउने व्यक्ति र देब्रेदाहिनेतिर केटा र केटीहरूको ताँती हुन्छ, जसलाई रामदले भनिन्छ ।[१०७] भट्ट्याउनेले सुरुमा देवीदेउता गुहार्ने र त्यसपछि केटा र केटी रामदले समूहले एकस्वरमा स्थायी र अन्तरा गाउँदै कोदालो चलाउँदा यसले गुरुङहरूले गाउने घाटु र मारुनी नाचको झल्को दिन्छ ।[१०८] 'रामदले बैनी जाऊँ है' शीर्षकको यो रामदल भाकाको गीत गाउने तरिकाको अध्ययन गर्दै छोटो नमुना तल प्रस्तुत गरिएको छ । यो गीत गाउँदा एक जना भट्ट्याउने व्यक्ति र भट्ट्याउनेको देब्रेदाहिने दुवैतिर पङ्क्तिबद्ध भई उभिएका केटा र केटीहरूको रामदले समूह हुन्छन् । यसरी लस्करै पङ्क्तिमा उभिएपछि भट्ट्याउनेले देवीदेउता गुहारेर गाउने गीत यसप्रकार रहेको छ :-

श्री राम नि  श्री राम दम पर्‍यो हजार
बागमती माइ नि, पशुपति माई दम पर्‍यो हजार
सिरीमा सोते नि, बाखालाई पोते, दम पर्‍यो हजार
यो सिमे जुहार नि, यो भुमे जुहार दम पर्‍यो हजार

चार पङ्क्तिमा संरचित मन्त्रजस्तो देखिने, देवीदेउता गुहार्ने यस गीतमा स्थानीय खोला बागमतीलाई देवीको रूपमा गुहार्ने गरेको र पशुपतिनाथ सबैको आराध्यदेव भएका तथा सिमेभूमे जस्ता स्थानीय देवता पुकार्ने काम भएको छ । यो मन्त्रोच्चारण भट्ट्याउनेले मात्र गर्छ । यसरी देवीदेउता गुहारेपछि दुई समूहमा बाँडिएका केटा र केटीको रामदले समूहले स्थायीलाई छोप्ने र अन्तरा भट्ट्याउनेले भट्ट्याएपछि रामदले समूहले गाउने भाका नै 'रामदल' हो ।[१०९]

---

[१०३] छत्रबहादुर पहरी, पूर्ववत् ।
[१०४] महेन्द्र भण्डारी, पूर्ववत्, पृ. ६५ ।
[१०५] छत्रबहादुर पहरी, पूर्ववत् ।
[१०६] छत्रबहादुर पहरी, पूर्ववत् ।
[१०७] छत्रबहादुर पहरी, पूर्ववत् ।
[१०८] छत्रबहादुर पहरी, पूर्ववत् ।
[१०९] महेन्द्र भण्डारी, पूर्ववत्, पृ. ६५ ।

रामदल भाकामा दुई स्थायीको प्रयोग हुन्छ । एउटा स्थायी केटा रामदल समूहले र अर्को स्थायी केटी रामदल समूहले गाउँछन् । केटाहरूले गाउने स्थायी “रामदले बैनी जाऊँ है” हो भने केटीहरूले गाउने स्थायी “आ हैन रामदले जाऊँ है” हो । स्थायीलाई भट्ट्याउनेले गाउँदैन केवल केटा र केटीहरूको रामदल समूहले मात्र एकै स्वरमा गाउँछन् ।

रामदल भाकाको लोकगीतमा स्थायीपछि अन्तरा आउँछ । अन्तरा भट्ट्याउनेले एकपटक मात्र गाउँछ । यसमा गाइएको सो अन्तरालाई केटाको भए केटा रामदल समूहले र केटीको भए केटी रामदल समूहले दोहऱ्याउँछन् । अनिमात्र बाँकी अन्तरा गाइन्छ ।

केटा रामदल समूह : मन्सुली धानको नि भात खान दिउँला, ढिकीमा कुटेको
क्या राम्रो जिउ छ नि यो बैनीको भगवान्ले कुँदेको

केटी रामदल समूह : अन्नको खेलो नि, यो दाइको मेलो, आज नै सकौंला
चोयाको सोली नि, यो दाइको बोली, मनैमा राखौंला ।

‘रामदल’ भाकाको यस गीतको मुख्य कुरा अन्तरामै अभिव्यक्त भएको छ । भट्ट्याउनेले केटा र केटी दुवैको अन्तरा गाउँछ । केटाहरूको भाव अभिव्यक्तिने अन्तरा केटा रामदल समूहले ‘रामदले बैनी जाऊँ है’ भन्ने स्थायीले छोप्छन् र केटीहरूको भाव अभिव्यक्तिने अन्तरा भए केटी रामदल समूहले ‘आ हैन रामदले जाऊँ है’ भन्ने स्थायीले छोप्छन् । माथिको अन्तरामा पनि मन्सुली धान, भात, मेलो, ढिकी, अन्न, चोया, सोली जस्ता शब्दले गाउँले परिवेश झल्काएकै छ । साथै मन्सुली धानकै भात खान दिएर सुख सुबिस्तासँग राख्ने र बैनीको जिउ पनि भगवान्ले साह्रै मिलाएर बनाएको कथन केटा रामदल समूहको छ । त्यसैगरी केटी रामदल समूहको पनि दाइको बोली राम्रो र मीठो भएकाले त्यसलाई मनमा साँचेर राखेको प्रति कथन छ । सरल र सहज भाषाले ‘रामदल’ भाकाको यस गीतलाई अझ रोचक बनाएको छ । ‘रामदले बैनी जाउँ है’ शीर्षकको यस गीतको स्थायी, अन्तरा, मन्त्र सबैलाई एउटै ठाउँमा राख्दा बन्ने गीतको आकार तल दिइएको छ :-

गीत भट्ट्याउने मन्त्रः
श्री राम नि श्री राम दम पऱ्यो हजार
बागमती माइ नि, पशुपति माई दम पऱ्यो हजार
सिरीमा सोते नि, बाखालाई पोते, दम पऱ्यो हजार
यो सिमे जुहार नि, यो भुमे जुहार दम पऱ्यो हजार

केटा रामदल समूहः

| | | |
|---|---|---|
| भट्ट्याउने | : | मन्सुली धानको नि भात खान दिउँला |
| केटा रामदल | : | रामदले बैनी जाऊँ है |
| भट्ट्याउने | : | ढिकीमा कुटेको |
| केटा रामदल | : | रामदले बैनी जाऊँ है |
| भट्ट्याउने | : | क्या राम्रो जिउ छ नि यो बैनीको |
| केटा रामदल | : | रामदले बैनी जाऊँ है |
| भट्ट्याउने | : | भगवान्ले कुँदेको |
| केटा रामदल | : | रामदले बैनी जाऊँ है । |

केटी रामदल समूह

| | | |
|---|---|---|
| भट्ट्याउने | : | अन्नको खेलो नि, यो दाइको मेलो |
| केटी रामदल | : | आ हैन रामदले जाऊँ है |
| भट्ट्याउने | : | आज नै सकौंला |
| केटी रामदल | : | आ हैन रामदले जाऊँ है |
| भट्ट्याउने | : | चोयाको सोली नि, यो दाइको बोली |
| केटी रामदल | : | आ हैन रामदले जाऊँ है |
| भट्ट्याउने | : | मनैमा राखौंला |
| केटी रामदल | : | आ हैन रामदले जाऊँ है |

### ५.१.५.२ बाँच्नु छ आसमा

प्रस्तुत गीत कर्मगीत हो । यो गीत असारे भाका र लयमा गाइन्छ । दुई-दुई पङ्क्ति गुच्छ रहेका तीन वटा गुच्छहरूमा यो गीत अभिव्यक्त भएको छ । अन्त्यानुप्रासीय शैली रहेको यस गीतको प्रत्येक पङ्क्तिका बीचमा दुईचोटि विश्राम लिँदै गाइन्छ । एउटा अविवाहित तरुन केटाले आफूसँगै असारे हिलो खेतमा काम गर्ने तरुनी केटीलाई फकाउँदा उक्त गीत अभिव्यक्त भएको हो । आफ्नो ज्यान छउन्जेल राम्रै लाउन र मिठै खान दिने कथन गीतको पहिलो गुच्छमा छ । रातो गुन्यू र चोली आफ्नो घर पोत्नेलाई दिने साथै लक्का जवान तिम्रै अघि हुँदा पनि किन जोत्नेपट्टि आँखा लाउँछ्यौ भन्ने भाव दोस्रो गुच्छमा

छ । एकोहोरो प्रेमालाप अभिव्यक्त भएको यस गीतमा केटा र केटी दुवै कन्ये हुँदाहुँदै पनि जिन्दगी आसैआसमा बित्ने भो भन्ने शङ्का यसरी गरिएको छ :-

छुपुमा छुपु धान है रोप्नु असार मासमा
तिमी कन्ये केटा म कन्ये केटी बाँच्नु छ आसमा ।

### ५.१.५.३ दाइँ गर्नु लिपेको खलामा

प्रस्तुत गीत पनि कर्मगीत नै हो । यो गीत झ्याउरे लयमा संरचित छ । मंसिर महिनामा खलोमा धान दाइँ गर्ने बेलामा गाइने गीत हो यो । लिपेको खलामा दाइँ गर्दा दयैँरा दाजैको गलामा भएको रातो रुमालले मन लोभ्याएको कथन यस गीतका छन् । काम गर्ने व्यक्ति सबैको प्यारो हुने, घिउ नै घिउको चोइली त्यस्ताले खान पाउने र खान नपाए चिन्ता हुने कुरा गीतमा व्यक्त भएको छ । राईगाउँका पहरी जातिमा कर्मगीतका रूपमा यो गीत लोकप्रिय छ । अन्तरा र स्थायी दुवै भएको गीतको सङ्क्षिप्त रूप उदाहरणका लागि तल दिइएको छ :-

अन्तरा : दाइँ गर्ने मियोमाथि बस्यो कालो कोइली
दाइँ गर्ने दयैँरालाई घिउ नै घिउको चोइली ....।
स्थायी : दाइँ गर्नु लिपेको खलामा ....
रातो रूमाल दाजैको गलामा ...... ॥

### ५.१.६ पर्वगीत

विभिन्न पार्विक अवसरका बेलामा गाइने राईगाउँका पहरीहरूमा प्रचलित लोकगीतहरूलाई यस अन्तर्गत राखिएको छ । 'आयो दशमी ढोलकी बजाई', 'देउसी गीत', 'आशिष देउसी गीत', 'भैली गीत', 'मुगलान पारी दिए बाले', 'आजैदेखि थालौँ हामी रुख रोपेर' यस जातिमा प्रचलित पार्विक गीतहरू हुन् ।

### ५.१.६.१ आयो दशमी ढोलकी बजाई

प्रस्तुत गीत पर्व गीत हो । विशेष गरेर राईगाउँका पहरी महिलाहरूले यो गीत गाउँछन् । यस गीतमा दशैंले निम्नवर्गीय व्यक्ति, परिवार र समाजलाई पारेको पीडानुभूति व्यक्त भएको छ । दशैंलाई जसरी पनि मान्नुपर्ने बाधयता र त्यसले आफ्नो थाप्लोमा पार्ने ऋणको पीडाजन्य कथन गीतमा अभिव्यक्त भएको छ । आयो त दशमी ढोलकी बजाई, गयो

त दशमी ऋण बोकाई गीतको स्थायी पङ्क्तिले सो कुराको पुष्टि गरेको छ । सङ्क्षिप्त कथन भएको यस गीतमा विपन्नतामा बाँच्न विवश पहरीजातिको पीडा व्यक्त भएको छ । दशैं मान्न ऋण गर्नुपर्ने बाध्यता र त्यसले पारेको मानसिक असर गीतको मुख्य विषय बनेको छ । गीतको सङ्क्षिप्त अंश तल दिइएको छ :-

स्थायी : आयो त दशमी ढोलकी बजाई
गयो त दशमी ऋण बोकाई

अन्तरा : कहिले देवी माला मधेशमा
कहिले पहाड, हिमालैमा ...... ।
आयो त ............. ।
गयो त .............. ।

## ५.१.६.२ देउसी गीत

प्रस्तुत गीत पनि पर्वगीत नै हो । यसलाई देउसी रे गीत पनि भनिन्छ । तिहारका अवसरमा केटाहरूको समूहले यस्तो गीत गाउने गर्छन् । राईगाउँ गाविसका पहरीहरू रमाइलो पर्वका रूपमा तिहारलाई लिन्छन् । यस अवसरमा गाइने देउसी गीत पहरी युवाहरूको लोकप्रिय गीत हुनुका साथै राईगाउँका पाँचवटै वडामा रहेका पहरी युवाहरूमा यो गीत लोकप्रिय र प्रचलित छ । राईगाउँका पहरी युवामा प्रचलित यो देउसी गीत अन्यत्र पनि तिहारका बेला गाइन्छ । पहरीयुवाहरूले गोरु तिहारको दिनदेखि भाइटीकाको पर्सिपल्टसम्म 'देउसी गीत' गाउँछन् । एकजनाले भट्याउने र अरूले सामूहिक स्वरमा 'देउसी रे' भनेर गाउँछन् । उनीहरूले गाउने यो 'देउसी गीत' पनि दुई-दुई अक्षरमा विश्राम गरी चारदेखि ७-८ अक्षरसम्म तन्काएर गाइन्छ । स्थानीय गाउँघर, वनपाखा, देवीदेउता तथा बोलीचालीको भाषा तथा परिवेशमा संरचित यो देउसी गीतको अन्तमा घरबेटीले दान-दक्षिण दिई सकेपछि प्रफुल्ल मुद्रामा आशिष दिंदै देउसेहरू विदा हुन्छुन । राईगाउँका पहरी युवाहरूले गाएको 'देउसी गीत' को सङ्क्षिप्त रूप तल दिइएको छ :-

आहै भनभन भाइ हो ......... देउसी रे
आहै राम्ररी भन ......... देउसी रे
आहै घरबेटी आमै ......... देउसी रे
आहै घरबेटी बाबै ......... देउसी रे

आहै यहाँमात्र हैन ......... देउसी रे

आहै चारमुलुक दिशा ......... देउसी रे

आहै भनभन भाइ हो ......... देउसी रे

### ५.१.६.३ आशिष देउसी गीत

प्रस्तुत गीत पनि 'देउसी रे गीत' कै एक अंश हो । देउसी रे गीत गाएर दान-दक्षिणा घरबेटीबाट प्राप्त गरिसकेपछि बिदा हुने बेलामा आशिष देउसी रे गीत गाइन्छ । पहरी युवाहरूले पनि देउसी रे खेली सकेपछि प्रत्येक घरमा बिदा हुने बेलामा आशिष दिँदै यो गीत गाउँछन् । यस आशिष गीतमा घरबेटी बाआमाको सुख, समृद्धि, प्रगति, दीर्घायु आदिको कामना गरिएको छ । देउसेले दिएको आशिष भगवान्ले दिए सरह हुने मान्यता पहरी समाजमा छ । ढुङ्गा छुँदा माटो हुने, माटो छुँदा अन्न हुने, लक्ष्मीले बास गर्ने जस्ता आशीर्वचन यस आशिष गीतमा अभिव्यक्त भएको छ । नमरी बाँचे कालले साँचे अर्को साल आउने वाचासहित देउसेलाई सिधा-आजलाई बिदा भन्दै आशिष गीत समाप्त भएको छ । गीतको सानो अंश तल दिइएको छ :-

आहै नमरी बाँचे ......... देउसी रे

आहै कालले साँचे ......... देउसी रे

आहै अर्कोसाल आउँला ......... देउसी रे

आहै देउसेलाई सिधा ......... देउसी रे

आहै आजलाई बिदा ......... देउसी रे

### ५.१.६.४ भैली गीत

प्रस्तुत गीत पनि पर्व गीत नै हो । यो गीत पनि तिहारकै अवसरमा गाइन्छ । देउसी गीत पहरी युवाहरूले गाएका हुन् भने भैली गीत पहरी महिला तथा युवतीहरूले गाउँछन् । तिहारको लक्ष्मीपूजाका दिन पहरी युवतीहरू यस गीतलाई सबैका घरघर गएर रमाइलो गर्दै गाउँछन् । पहरी युवतीहरूमा प्रचलित 'भैली गीत' अन्यत्र पनि प्रचलित छ । यस 'भैली गीत' मा हामी त्यसै आएनौ, बली राजाले पठाएका भन्ने भाव अभिव्यक्त भएको छ । साथै हरियो गोबरले लिपेको घरआँगनको शोभा बढाउँदै रमाइलो गर्न आएको कथन पनि यस गीतमा छ । 'छानामाथि घिरौंला, के-के दिन्छन् हेरौंला, यो घर हेर

कस्तो छ, सुनको दरबार जस्तो छ, घरबेटी आमै कस्ती छन्, लक्ष्मीमाता जस्ती छन्' भनेर घरबेटी बाआमालाई फुरुक्क पार्ने भाव गीतको मुख्य कथन छ । पहरी युवतीहरूले गाएको 'भैली गीत' को सङ्क्षिप्त अंश यसप्रकार रहेको छ ।

भैलिनी आइन् आँगन
गुन्यू चोलो मागन
हे औंसी बारे !..........
गाई तिहार भैलो ......... ।

घरबेटी आमै कस्ती छन् ?
लक्ष्मीमाता जस्ती छन्
हे औंसी .............
गाई तिहार .......... ॥

## ५.१.६.५ मुगलान पारी दिए बाले

प्रस्तुत गीत तीज पर्वका अवसरमा गाइने गीत हो । भाद्रशुक्ल तृतीयादेखि प्रारम्भ हुने नेपालीहरूको महान् चाड तीज हो । यस बेला नेपाली महिलाहरू व्रत बसी मनको धोको गीतबाट व्यक्त गर्छन् । पहरी महिलाहरू पनि धेरैजसो हिन्दू धर्मावलम्बी भएकाले तीज पर्व धुमधामसँग मनाउँदै तीजगीत गाउँछन् । दुई-दुई पङ्क्तिका आठ गुच्छ रहेको यो तीज गीत बीच-बीचमा दुई-तीनचोटि विश्राम लिँदै गाइन्छ । सरल रहज भाषाको प्रस्तुति रहेको यस गीतको प्रत्येक पङ्क्ति आनुप्रासिकतामा टुङ्गिएको छ । यसमा सबैका दाजुभाउजू आ-आफ्ना चेली लिन आएका तर आफ्नो दाजुभाउजू टाढा भएको कथन छ । तीजमा माइत जाने साइत टाढा भएकाले नजुर्नु, माइतीको गाउँघर सम्झेर सधैँ रुने गरेको कुरा यसमा अभिव्यक्त छ । माइत जान नपाउँदा आफू जस्तै धेरै चेली जम्मा भएर मनको व्यथा पोख्ने गरेको, तीजमा पनि आँसुका धारा बगाउँदै मेलापात जानुपरेको र मुगलानभन्दा पनि टाढा आफ्नी छोरी बाबाले दिँदा दूरीको ख्याल नगरेकोमा धेरै ठूलो गुनासो र पीडानुभूति चेलीहरूमा रहेको भाव यसमा छ । राईगाउँका पहरी महिला तथा चेलीहरूको पीडाजनित स्वर अभिव्यक्त भएको गीतको छोटो अंश यसप्रकार रहेको छ :-

तीजको बेलामा माइती लिन आएनन्

मुगलान पारी दिए बाले चाल पाएनन् ..... ।

### ५.१.६.५ आजैदेखि थालौं हामी रूप रोपेर

प्रस्तुत गीत तीज पर्वको अवसर पारेर गाइने भएकाले यसलाई पर्वगीत भनिएको हो । राईगाउँ गाविस बाढी पहिरो र भूक्षयबाट प्रभावित भएकाले त्यसलाई रोक्न चाल्नुपर्ने उचित कदमहरूको सन्देश गीतले दिएको छ । यस गाविसका पहरी बस्ती भएका भैंसे, शाखाटार, टाँडी, भुर्कुटोल र राईगाउँ लगायतका वडाहरू बढी भूक्षय हुने ठाउँहरू हुन् । त्यसैले यसखाले प्राकृतिक-प्रकोप रोक्न यहाँका पहरी युवतीहरूले तीजको अवसर पारेर सन्देशमूलक गीतहरू गाउँदै आएका छन् । बीचमा एकचोटि विश्राम लिँदै गाइने यस गीतमा दुई-दुई पङ्क्तिका चार गुच्छहरू रहेका छन् । दैवी प्रकोप कसरी सहनु, जनसङ्ख्या बढ्दै जाँदा जथाभावी काटिएका रुखबिरुवा र त्यसबाट उजाड र नाङ्गा भएका डाँडाहरूले गर्दा बाढीपहिरो गएको हुँदा नाङ्गा र उजाड डाँडाहरूलाई रुखविरुवाहरू रोपेर दैवीप्रकोप हटाऔं र वरिपरिको वातावरणलाई स्वच्छ र हराभरा बनाऔं भन्ने सन्देश यस गीतमा यसरी अभिव्यक्त भएको छ :-

वातावरण जोगाउने हराभरा पारेर

आजैदेखि थालौं हामी रुख रोपेर ।

### ५.१.७ सामान्य अर्थात् बाह्रमासे गीत

वर्षको कुनैपनि समय वा अवसरमा गाइने बाह्रमासे गीतहरूलाई सामान्य गीत अन्तर्गत राखिएको छ । राईगाउँका पहरीहरूमा प्रचलित 'मेरो माया कहाँ पुग्यो भनी', 'सिमसिम पानीमा', 'तिमीजस्तो म हैन घुमन्ते', 'माइती मेरो एक नम्बर', 'नक्कले छातीमा', 'मचाहिँ के कम छु र ?' नामक गीतहरू सामान्य लोकगीतहरू हुन् ।

### ५.१.७.१ मेरो माया कहाँ पुग्यो भनी

प्रस्तुत गीत बाह्रमासे गीत हो । यो झ्याउरे लयमा संरचित छ । जुनसुकै र जतिबेला पनि गाउने भएकाले पहरीजातिमा यो गीत प्रचलित छ । 'पारी पाखा वन, सिमलको भुवा झैँ उड्छ मेरो मन' भन्ने स्थायी पङ्क्ति रहेको यस गीतमा चारवटा

अन्तराहरू छन् । चार गुच्छमा संरचित यो गीतका स्थायी र अन्तरा दुवै अनुप्रासिकतामा टुङ्गिएका छन् । अन्तराको बीचमा एउटा विश्राम लिएर गाइने यो गीतमा मायाको सम्झनाले सताएको, रुख चढेर बेलामौकामा मायालाई हेर्ने गरेको, भेटघाट पातलिएकोमा चिन्ता पर्न थालेको साथै दुःखले कहिल्यै नछोडेको कथन अभिव्यक्त भएको छ । गाउँका निम्नवर्गीय परिवारका युवाले बाँच्नैका लागि कठिन सङ्घर्ष गर्नुपर्ने र त्यही दुःख देखेर मायाले वास्ता नगरेको जस्ता भाव गीतमा यसरी अभिव्यक्त भएको छ :-

घाम छेक्यो सुरिलो रुखले
कहिले पनि छोडेन दुःखले
पारी पाखा वन .....
सिमलको भुवा झैँ उड्छ मेरो मन ।

## ५.१.७.२ सिमसिम पानीमा

प्रस्तुत गीत पनि सदाकालिक अर्थात् सामान्य नै हो । सामान्य भएकैले यसलाई बारमासा भनिएको हो । झ्याउरे लयमा संरचित यो गीत केटा र केटीको दोहोरो संवादबाट अघि बढेको छ । राईगाउँका पहरीहरू यसलाई दोहोरी अर्थात् जुवारी गीत भन्छन् । ‘सिमसिम पानीमा, सम्झी-सम्झी रोउली बैनी जिन्दगानीमा’ भन्ने केटाको कथनको स्थायी पङ्क्ति हो भने ‘सिमसिम पानीमा सधैं सम्झी बसौला जिन्दगानीमा’ भन्ने केटीको प्रतिकथनको स्थायी पङ्क्ति हो । केटा र केटी दुबैका अभिव्यक्ति कथनहरू अन्तराका रूपमा रहेका छन् । केटीको घर सोध्दै माया लाउने सुर आफूले गरेको अभिव्यक्ति केटाले गाउने पहिलो अन्तरामा छ भने चिनजानै नभई, मनपेट नै नपाई माया कसरी लाउनु भन्ने प्रतिकथन केटीले गाउने अन्तरामा छ । आफ्नो परान (प्राण) ले भेटुन्जेल खोज्दा पनि मायालाई नभेटेको र यतिञ्जेल कता गएका थियौ भन्ने केटाको प्रश्नात्मक कथन दोस्रो अन्तरामा छ । त्यस्तै घरमा जेठी भएकीले उनैसँग सुख हुने, एउटा व्यक्तिको दुइटी स्वास्नी हुन नसक्ने भन्ने केटीको प्रतिकथन दोस्रो अन्तरामा छ । आफ्ना मनका वह, मायाप्रेम तथा भावनाहरूलाई साटासाट गर्ने माध्यम लोकगीत भएकाले राईगाउँका पहरीहरूमा पनि यसको प्रचलन ज्यादै छ । केटा र केटीले गाएको अन्तरा तथा स्थायी दुवै भएको गीतको एउटा नमुना तल दिइएको छ :-

केटा : मेरो मायाँ कहाँ गयौ यतिन्जेल
मैले खोजेँ परानले भेटिन्जेल ॥
सिमसिम पानीमा ......
सम्झी-सम्झी रोउली बैनी जिन्दगानीमा ।

केटी : जेठीसित दाइ तिम्लाई सुख छ
टाउको एउटा दुई नाम्लो कहाँ हुन्छ ?
सिमसिम पानीमा ...
सधैँ सम्झी बसौला जिन्दगानीमा ।

## ५.१.७.३ तिमीजस्तो म हैन घुमन्ते

प्रस्तुत गीत केटा र केटीले गाउने बाह्रमासे दोहोरी गीत हो । यसको लय झ्याउरे रहेको छ । केटा र केटीले संवादको दोहोरो शैलीमा गाएको यस दोहरी गीतमा दुई-दुई पङ्क्तिका दश गुच्छहरू रहेका छन् । प्रत्येक पङ्क्तिको बीचमा एउटा सानो विश्राम लिई द्रुत झ्याउरे लयमा यो गीत गाइन्छ । यो गीतमा माया लाउन डराउन नहुने, कामले गर्दा फर्कन नपाएको, सम्झना-बिर्सनाका लागि पनि प्रीति लाउनु पर्ने अरूलाई हाँसेर मन दिने, दशतिर डुलेर ज्यान सुकाउँदै गएको कथन अभिव्यक्त भएको छ । यी कथनहरू केटाका हुन् । त्यसैगरी दुःखी ज्यानलाई बिर्सँदै यतिन्जेल कता भुलेको, राम्रो बस्ने बास नभई भागेर कहाँ जानु, नजाऊँ भने पनि मायाकै सम्झनाले निद्रा भोक सबै हराएको, मुखले ठिक्क पार्ने तिमी कसका हौ ? तिमी जस्तो जता पनि मनपेट दिने जाली, फटाहा, धूर्त आफू नभएको प्रतिकथन अभिव्यक्त भएको छ । यी कथनहरू केटीका हुन् । शृङ्गार रसभाव भएको यो गीत प्रायः राईगाउँका पहरी युवा-युवतीले यसरी गाएका छन् :-

केटा : तिम्रो जीवन जाने भो सुकेर ।
ज्यान सुकायौ दशतिर डुलेर ॥

केटी : यो केटा त, जाली छ भन्थे ।
तिमी जस्तो म हैन घुमन्ते ॥

### ५.१.७.४ माइती मेरो एक नम्बर

प्रस्तुत गीत सदाकालिक बाह्रमासे गीत हो । यसलाई काँठे भाका वा लयमा गाइन्छ । राईगाउँका पहरीहरूमा प्रचलित लोकगीतका भाकाहरूमा काँठे भाका पनि एक हो । मकवानपुर जिल्लाको उत्तर र पूर्वमा प्रसिद्ध यो भाकाको लोकगीत वर्षको कुनै पनि बेला गाइन्छ । ढिकी-जाँतो, मेला-पात, अर्म-पर्म, वन-पाखा, घाँस-दाउरा, जात्रा-उत्सव आदिमा राईगाउँका पहरीहरूले यस भाकामा आफ्नो मनका बहहरू पोख्ने गर्छन् । प्रस्तुत गीत केटा र केटीको दोहोरो संवादमा रहेको छ । गीतका सबै पङ्क्तिहरू द्रुत लयमा गाउँदै पङ्क्तिको अन्तिम शब्दलाई लामो लेघ्रो स्वर तानेर गाइन्छ । यस गीतमा घना जङ्गलका बीचमा एक्लै बस्ने केटीको घर तथा माइती कहाँ हो भनी केटाले प्रश्न गर्दा त्यसको उत्तर दिँदै केटीले फिर्के मूलाबारी भन्ने ठाउँमा घर र माइती पूर्व एक नम्बर भएको कुरा बताएकी छ । यसरी जङ्गलको बीचमा बसेकी तरुनी केटीलाई देखेर माया लाउन कम्मर कसेको केटाको मनसुवा केटीको प्रत्युत्तरले हावा खाएको छ । पङ्क्तिको बीच-बीचमा आएका 'आको-पाको, पातको-हातको' जस्ता अनुप्रासिकताले गीतलाई अझ बढी रोचक बनाएको छ । गीत सङ्क्षिप्त र छोटो भएकाले पूर्ण अंश तल दिइएको छ :-

केटा : तिनै र शहर नेपाललैमा, मैनाले खाने दूधको तर ...
दौडेर आको, तिम्रो दर्शन पाको, मैनाले खाने दूधको तर...
यस्तो जङ्गलमा एक्लै बस्ने बहिनी
कहाँ तिम्रो माइती, कहाँ हो घ ...... र........ ?

केटी : सालको पातको, पन्चानब्बे हातको, डाँडामाथि एक्लो वर
घर सोध्छौ भने, फिर्के मुलाबारी, माइती मेरो एक नम्बर
ए दाजु सलाम, फिर्के मुलाबारी माइती मेरो एक नम्ब....र ।

### ५.१.७.५ म चाहिँ के कम छु र ?

यो गीत पनि काँठे लयमा गाइने सदाकालिक गीत हो । यो तीनवटा पङ्क्ति भएको चार गुच्छसमूहमा संरचित छ । यसलाई द्रुत लयमा गाइनछ । हेर्दा छाडा लाग्ने तर मनका यौन भावनालाई व्यक्त गर्न सजिलो हुने काँठे भाकाको लयमा गाइने यो गीत राईगाउँका पहरी युवायुवती माझ प्रचलनमा छ । छाले (फटाहा) भए पनि बाले ल्याउन भनेको, राति

राति अर्काकोमा धाउनाले आफूले मन पराएकी केटीको चरित्रमा शङ्का लागेको केटाको कथन छ । त्यस्तै आफूले मन पराएकी केटीले अरू नै केटालाई बलियो, हृष्टपुष्ट तथा लक्का जवान देखेपछि आफूचाहिँ के कम छु र भन्ने भाव केटाले व्यक्त गरेको छ । पूर्वपश्चिम दुबैतिर घर भएकाले पश्चिमको घरमा बास बस्दा मात्र आत्माले पूर्ण सन्तुष्टि पाएको कुरा गीतमा अभिव्यक्त भएको छ । पश्चिमको घरमा बस्दा ल्वात्तै घुँडा धसेको भन्ने कथनमा अश्लिलता झल्किन्छ । अर्थात् यस कथनमा केटामा अति उत्ताउलोपन छ भन्ने बुझिन्छ । जस्तैः

एउटा घर पूर्व, एउटा घर पश्चिम
पश्चिमको घरमा, दुईचार महिना बस्यौँ
बस्नुमात्र हैन बैनी, ल्वात्तै घुँडा धस्यौँ ।

## ५.१.७.६ नक्कले छातीमा

प्रस्तुत गीत काँठे लयको सामान्य गीत हो । चार पङ्क्तिको गुच्छ समूहमा रहेको यस गीतलाई पहिलो पङ्क्तिको अन्तमा सानो विश्राम लिँदै दोस्रो पङ्क्तिको अन्तमा टक्क अडिन्छ र पुनः द्रुत लयमा तेस्रो पङ्क्ति अघि बढ्दै अन्तमा सानो विश्राम लिई चौथो पङ्क्तिको अन्तमा लामो लेघ्रो स्वर तानेर गाइन्छ । यो गीतको दोस्रो पङ्क्तिको अन्तिम र चौथो पङ्क्तिको अन्तिम शब्दमा अनुप्रासिकता छ । आफूले जति माया गरे पनि मायाले वास्ता नगरेको, आफ्नो मायालुसँग दिन बिताउँदै मनका इच्छा पूरा गर्न नपाउँदा मनमा वैराग चलेको, सपनामा मायाको काखमा लडिबुडी गरे पनि विपनामा एक्लै भएको र सुनको जन्तर कमाएर ल्याई नक्कले छातीमा लगाई दिने बाचासहित बिदा भएको मायालु नफर्कँदा मन विरक्तिएको भाव गीतमा छ । विदेसिएको पति वा प्रेमीको सम्झनामा केटीको विरक्ति भाव गीतमा अभिव्यक्त छ । माना-पाथी, मधेश, सेर, तुलो, घाँस, जोगिनी, वैराग, सल्लेरी, सिरिस, जन्तर आदि लोकजीवनका प्रयुक्त शब्दरुको प्रयोग गीतमा भएको छ । गीतको सानो अंश तल दिइएको छ :-

नेपालमा भर्ने माना र पाथी,
भो मधेशमा भर्ने सेर
ल्याउन तुलो दाइ तौलेर हेरौँ

कस्को रैछ माया धे ..... र...... ।

सिरिमा सिरी, बतासै चल्यो

सिरिसको पाटीमा ........ ।

सुनको जन्तर कमाई ल्याउँछु भन्थ्यौ

नक्कले छा.... ती.... मा ।

## ५.१.८ संस्कारजन्य गीत

राईगाउँको पहरीजातिमा दुईवटा संस्कार गीतहरू प्रचलनमा छन् । 'रक्षा कर कठै रक्षा गर न' र 'कति आयौ लुच्चा' शीर्षकका गीतहरू पहरी जातिमा प्रचलित संस्कारजन्य गीतहरू हुन् ।

## ५.१.८.१ रक्षा गर कठै रक्षा गर न

प्रस्तुत गीत विवाहका बेला बेहुला अर्थात् दुलाहाको घरमा आइमाईहरूले गाउने रत्यौली गीत हो । दुलही लिन हिँडेपछि बेहुलाका घरमा बहिनीले आफ्ना दाजुको रक्षाका लागि स्थानीय देवीदेउतासँग प्रार्थना गर्ने भावमा उक्त रत्यौली गीत गाइएको छ । सुरुका चार पङ्क्तिमा बहिनीले स्थानीय देवीदेउरालीसँग दुलाहा दाजुको जिउधनको रक्षाका लागि याचना गरेकी छिन् । दुलहीका घरमा आफ्ना दाजु पुगे होलान्, जन्ती पर्सदैं होलान्, भतेर खाँदै होलान् भन्ने भावका यी पङ्क्तिहरू गीतमा व्यक्त भएका छन् । राईगाउँका पहरीहरू हिन्दू परम्परानुसार वैवाहिक कार्यक्रम गर्छन् । रत्यौली खेल्नु, जग्गे राख्नु यसैको उदाहरण हो । बहिनीले दाजुको खुसीमा आफ्नो पनि खुसी सामेल गराउँदै रत्यौली गीत गाउँछिन् । प्रार्थनाका आरम्भिक पङ्क्ति गाएपछिका प्रत्येक पङ्क्तिहरूको पुनरावृत्ति हुन्छ र अन्तिम दुई लाइन भ्याउरे लोकलयमा गाइन्छ । भ्याउरे लयमा गाइने अन्तिम दुईवटा पङ्क्तिमा दाजुको बिहेको निम्तो आएकाले गाउँका सबै दिदीबहिनीहरू रत्यौली खेल्न जाऔं भन्ने कथन यसप्रकार अभिव्यक्त भएको छ :-

हाम्रा दाजुको निम्तो छ हामीलाई

दिदीबहिनी हिंड जौँ रत्यौली खेल्नलाई

### ५.१.८.२ कति आयौ लुच्चा ?

प्रस्तुत गीत पनि वैवाहिक संस्कारमा गाइने गीत हो । यसलाई 'सिलोक' भनिन्छ । यसलाई सदाकालिक नेपाली लोककविता पनि भनिन्छ । सिलोकको लयमा ढाँचा आफ्नै भए पनि राईगाउँका पहरीहरू जसरी सजिलो हुन्छ, त्यसैगरी यो गीत गाउँछन् । हेर्दा शिखारिणी जस्तो लागे तापनि झ्याउरे लयमा नै यो गीत गाइन्छ । यो गीत दुलाहा र दुलही पक्षको दोहोरो संवादमा संरचित छ । दुलही पक्षले प्रश्न गर्ने र दुलाहा पक्षले उत्तर दिँद यो गीत गाइन्छ । हेर्दा दोहोरी जस्तो लाग्ने यस गीतलाई बेहुला र बेहुलीपक्षका व्यक्तिहरूको जुहारी नै हो भन्न सकिन्छ । जसरी दुलही पक्षको प्रश्न आउँछ, त्यसैगरी दुलाहा पक्षले उत्तर दिएका छन् । बुढापाका, नाम्लादाम्ला, कुचा, फुच्चा, लुच्चा, गोठाला, चील, टुपी जस्ता शब्दहरू गीतमा प्रयोग भएका छन् । गीतमा जन्तिमा आएका बुढापाका र फुच्चाफुच्चीको सङ्ख्याको सोधपुछ, टाढाबाठा र लुच्चा पनि छन् कि भन्ने व्यङ्ग्योक्ति, गोठाला पनि जन्ति आए उहाँ कसले हेर्छ गाई भन्ने ठट्टा साथै सही उत्तर नआए टुपी उखेल्ने जस्ता प्रश्नहरू दुलही पक्षले दुलाहा पक्षलाई गरेका छन् । धेरै बुढापाका, थोरै फुच्चा, पढेलेखेका टाठाबाठा मात्र आएकोले लुच्चा किन आउने ? गोठाला भनी हेपेकाले तिम्रा बाउले हेर्छन् गाई, सबै प्रश्नको सही उत्तर दिएकाले के टुप्पी उखेल्छौ भन्ने केटा पक्षको प्रतिकथन छ । दुलाहा र दुलही पक्षको गरी आठ गुच्छ समूहको संरचनामा भएको यस गीतको दुलाहा र दुलही पक्षले गाएको सानो अंश तल दिइएको छ :-

दुलही पक्ष : लेक फुल्ने लालीगुराँस, बेसी फुल्ने जाई
गोठालाजति जम्मै यहाँ आए, उहाँ कल्ले हेर्छ गाई ?
दुलाहा पक्ष : लेक फुल्ने लालीगुराँस, बेसी फुल्ने जाई
गोठालाजति जम्मै यहाँ आए, तिम्रा बाउले हेर्छन् गाई ।

## ५.२ राईगाउँका पहरीजातिमा प्रचलित लोककथाहरू

राईगाउँका पहरीजातिमा चारवटा लोककथाहरू प्रचलित छन् । कथाको पूर्ण अंश र स्रोतलाई परिशिष्ट खण्डमा दिइएको छ । लोककथाको मूल मर्म, तफ्व र विशेषताका आधारमा यहाँ राइगाउँ गाविसका पहरीमा प्रचलित 'पहरी जातिको कथा', 'पहरी ससुरा र मगर ज्वाइँको कथा', 'बुहारी चरीको कथा' र 'सुनकेस्री रानीको कथा' शीर्षकका

लोककथाहरूको छुट्टाछुट्टै अध्ययन तथा विश्लेषण गरिएको छ । यी लोककथाहरू किम्बदन्तीमूलक, सामाजिक, पशुपक्षी तथा अतिप्राकृतिक विषयवस्तुसित सम्बन्धित छन् ।

## ५.२.१ पहरीजातिको कथा

प्रस्तुत कथा ऐतिहासिक तथा किम्बदन्तीमूलक लोककथा हो । यो पहरीजातिको सृष्टि अर्थात् उत्पत्तिसँग सम्बन्धित छ । छट्टु बाहुनको चतुऱ्याइँ, सोझो भान्से र अविवेकी राजाको काम कथाका मुख्य विषय हुन् । ठूलाबडा र राजारजौटाको भान्सेका रूपमा काम गर्दै आएको बाहुनले राजाद्वारा अर्कै व्यक्ति भान्से राखेकोमा आफ्नो चलाखीपूर्ण कार्यबाट त्यसलाई हटाउन सफल हुन्छ । जुठो परिकार आफूलाई ख्वाएको निहुँमा फोहरी भन्दै चारभञ्ज्याङ्ग कटाएकाले सबैले फोहरी-फोहरी भन्दाभन्दै सो भान्सेको थर पहरी भएको कुरा प्रस्तुत कथामा छ । भान्से, बाहुन र राजा कथाका मुख्य पात्र हुन् । सोझो कामबाट रोजगार गुमाउन पुगेको भान्से मूर्ख हुँदाहुँदै पनि सत् पात्र हो भने चलाखीपूर्ण तरिकाले गुमेको काम फिर्ता लिन सफल बाहुन बाठो र चतुर हुँदाहुँदै पनि असत् पात्र हो । कसैको भनाइलाई नै आधारमानी निर्णय गर्ने राजा अविवेकी देखिएको छ । राजा, भान्से, बाहुन, दरबार, भान्साकोठा आदि सीमित परिधिभित्र कथा घुमेकाले कथाको परिवेश छोटो छ । ठूलाबडाले विवेकले काम गर्नुपर्ने, होस पुऱ्याएर आफ्ना कामहरू गर्नाले दुःख नपाइने र चलाखीपूर्ण कार्यले गुमेको चिज फिर्ता हुने महफ्वपूर्ण सन्देश दिन कथा सफल भएकोले यसले आफ्नो उद्देश्य पनि प्राप्त गरेको छ । जनसाधारणले सजिलै बुझ्ने लोकशैली, सरल र सहज भाषामा प्रस्तुति तथा रात्रिकालीन फुर्सत्का बेला सुनाइने भएकाले पहरीजातिमा यो कथा लोकप्रिय छ ।

## ५.२.२ पहरी ससुरा र मगर ज्वाइँको कथा

प्रस्तुत कथा सामाजिक लोककथा हो । आफ्नी छोरी मगरसँग भागेकीले मगर थरसँग रिस उठेको पहरी थरको ससुरा पर्ने व्यक्तिले आफ्नो पहरी भाषा नबुझ्ने सोझो मगर ज्वाइँमाथि गरेका अन्यायपूर्ण व्यवहार कथामा वर्णित छ । सधैँ सँगै सिकार खेल्न ज्वाइँससुरा जाने गरेको, सिकार भाग लाउँदा पहरी भाषामा आफ्ना पहरी साथीहरूसँग ससुरा गुनगुनाउने गरेको, भाषा नबुझ्दा पछि आफ्नी पहरी स्वास्नीसँग ससुराले गुनगुनाउने कुराको अर्थ सोध्दा राम्रो र ठूलो भागजति पहरीहरूलाई र सानो र नराम्रो भाग

मगरहरूलाई भनेको भन्ने थाहा पाएपछि ससुराको व्यवहारबाट ज्वाइँ खिन्न भएको कुरा कथामा छ । पछि सिकार खेल्न जाँदा ससुराको अन्यायीपूर्ण व्यवहार थाहा पाएको ज्वाइँले राम्रो भाग समातेपछि ससुरा लज्जित हुन पुग्छ । ज्वाइँ, ससुरा, छोरी, वनपाखा आदिमा कथा घुमेकाले यसमा छोटो परिवेश छ । सामान्य संरचनामा अभिव्यक्त यस कथाले एउटै नाता, एउटै वर्ग र एउटै काममा पनि अन्यायपूर्ण व्यवहार हुन्छ भन्ने देखाएको छ । नराम्रो कामको परिणाम पछुताउनु बाहेक केही नहुने महफ्वपूर्ण सन्देश व्यक्त गर्नु कथाको उद्देश्य रहेको छ । ज्वाइँ ससुरा कथाका मुख्य र केन्द्रीय पात्र हुन् । लोकशैली, सरल र सहज भाषाले कथालाई अझ प्रभावकारी र मनोरञ्जक बनाएको छ । कथाको पूर्ण अंश परिशिष्ट खण्डको यसै शीर्षकमा दिइएको छ ।

## ५.२.३ बुहारी चरीको कथा

प्रस्तुत कथा राईगाउँका पहरीहरूमा प्रचलित पशुपक्षीसित सम्बन्धित लोककथा हो । विशेष गरेर पहरी महिलाहरूमा यो लोकप्रिय छ । नारीप्रधान यस कथामा बुहारीमाथि सासूहरूले गर्ने शोषण, अन्याय र यातनाको साथै त्यसले पारेको नकारात्मक प्रभावको वर्णन गरिएको छ । बुहारीको वेदना, विछोडको मार्मिक गाथा यसमा समेटिएको छ । जिम्मा दिएको काम समयमा पूरा गर्न नसकेपछि सासूका डरले मान्द्रोको प्वाँख राखी चरी हुनुपरेको र भोकले लखतरान परेर साँझ कामबाट घर आएको आफ्नो लोग्नेलाई खाजा ख्वाउन नपाएको र सधैँका लागि बिछोडिनु परेको कथानक यस कथामा अभिव्यक्त भएको छ । केन्द्रीय र मुख्य पात्रका रूपमा 'बुहारी चरी' देखिएकी छे । प्रतिकुल र असत् पात्रका रूपमा सासू देखिएकी छे । यो कथाकी सासू बुहारीमाथि अन्यायपूर्ण व्यवहार गर्ने आम सासूहरूको प्रतिनिधि पात्र पनि हो । सासूहरूबाट बुहारीमाथि अन्यायपूर्ण व्यवहारी गर्न नहुने मानवीय सन्देश दिनु कथाको उद्देश्य हो । सासू र बुहारीमै सीमित अति सङ्क्षिप्त परिवेश भएको यो कथा सरल र सहज छ ।

## ५.२.४ सुनकेस्री रानीको कथा

प्रस्तुत कथा अतिप्राकृतिक विषयवस्तुमा आधारित छ । एउटा कथाभित्र अन्य स-साना कथा अटाएको यस कथामा मानवीय र मानवेत्तर दुवै पात्रको भूमिका छ । केन्द्रीय चरित्र सुनकेस्री रानी हो । सुनकेस्री रानीकै वरिपरि कथा घुमेकाले यो नारीप्रधान कथा हो ।

दिदी र भाइको वात्सल्ययुक्त पवित्र प्रेम, समाजद्वारा अस्वीकृत मान्यता स्वीकार गर्न नसक्ने सुनकेस्री रानीको यथार्थपरक स्पष्टोक्तिले कथालाई अझ बढी रोचक बनाएको छ । परिवेशगत विविधताका साथै विभिन्न मोड, घुम्ती र चक्रले कथा समान्यभन्दा जटिल संरचनामा देखा परेको छ । राईगाउँका पहरीहरूमा प्रचलित यो कथा विभिन्न नाम, पात्र, विषयवस्तु समावेश भई अन्यत्र पनि प्रचलनमा रहेको पाइन्छ । सत् असत् दुवै पात्र रहेको, मानवीय र मानवबाहेकका पात्रहरूको भूमिका सरबरी भएको, लामो परिवेश ग्रहण गरेको यस 'सुनकेस्री रानीको कथा' ले सामाजिक मूल्य र मान्यता मात्र मानवले ग्रहण गर्न हुने अन्यथा त्यसबाट असहज परिस्थिति सिर्जना हुने महत्वपूर्ण सन्देश दिने उद्देश्य राखेको छ ।

## ५.३ राईगाउँका पहरीजातिमा प्रचलित गाउँखाने कथाहरू

मकवानपुर जिल्लाको राईगाउँ गाविसका पहरी समाजमा गाउँखाने कथाहरू पनि लोकप्रिय र प्रचलित छन् ।[११०] व्यक्ति, टोल, समाजले प्रचलनमा ल्याएका चालचलन, घर-व्यवहारसम्बन्धी कुरा तथा सामाजिक मान्यताहरू यी गाउँखाने कथाहरूमा अभिव्यक्त भएका छन् ।

कृषि व्यवसायसँग सम्बन्धित, घरेलु जीवनसँग सम्बन्धित, शरीरसँग सम्बन्धित, प्रकृतिजन्य कुराहरूसँग सम्बन्धित र विविध विषयसँग सम्बन्धित गाउँखाने कथाहरूलाई यहाँका पहरीहरूले आ-आफ्ना साथीहरूमाझ बुद्धिको नापजोख गर्ने साथै अत्यधिक मनोरञ्जनको साधनका रूपमा प्रयोग गर्ने गरेको पाइन्छ ।[१११] राईगाउँमा प्रचलित गाउँखाने कथाको अध्ययनलाई निम्नानुसार अघि बढाइएको छ :-

क) कृषि व्यवसायसम्बन्धी गाउँखाने कथा ।
ख) घरेलु जीवनसँग सम्बन्धी गाउँखाने कथा ।
ग) शरीरसँग सम्बन्धित गाउँखाने कथा ।
घ) प्रकृतिसँग सम्बन्धित गाउँखाने कथा ।
ङ) विविध विषयसँग सम्बन्धित गाउँखाने कथा ।

---

[११०] शेरबहादुर पहरी, पूर्ववत् ।

[१११] छत्रबहादुर पहरी, पूर्ववत् ।

## ५.३.१ कृषि व्यवसायसँग सम्बन्धित गाउँखाने कथा

नेपाल कृषिप्रधान देश हो । हाम्रो देशमा कृषिमा आश्रित मानिसहरूको सङ्ख्या धेरै छ । कृषि र खेतीपाती व्यवसायसँग सम्बन्धित थुप्रै गाउँखाने कथाहरू नेपाली समाजमा प्रचलित छन् । राईगाउँका पहरीजातिमा पनि कृषि व्यवसायसँग सम्बन्धित गाउँखाने कथा प्रचलनमा छन् । यिनीहरूले प्रयोग गर्ने कृषि व्यवसायसम्बन्धी केही उखानहरू यसप्रकार छन् :-

क) आमाभन्दा, छोरी बूढी - गहत

ख) केटाकेटीमा हरियो, तन्नेरीमा रातो,
जसले खान खोज्छ, उसको जान्छ सातो - खुर्सानी

ग) चाँदीको ठेकी, सेउलाको बिर्को - मूला

घ) चिल्लो गोरुको, जिउभरी सिङ् - तीते करेला

ङ) पेटकाटे मर्ने, टुप्पो काटे सर्ने - उखु

च) भुडें गोरुको, एउटा सिङ् - जाँतो

छ) सानी नानीको, पेटमा चीरा - गहुँ

ज) सुनभित्र चाँदी, खाँदा साह्रै जाति - केरा

माथिका गाउँखाने कथाहरू प्रायः सरल र गाउँले भाषामा अभिव्यक्त भएका छन् । दिइएका गाउँखाने कथाले कुनै न कुनै जानकारी र शिक्षा दिएकै छन् । गहत, उखु, जाँतो, मूला, केरा, खुर्सानी, गहुँ, तीते करेला उत्तर आउने ती गाउँखाने कथाहरू नितान्त कृषि व्यवसायसँग सम्बन्धित छन् र यस्ता कृषिजन्य विषयवस्तुसँग सम्बन्धित गाउँखाने कथाहरू राईगाउँका पहरीजातिमा परम्परादेखि नै प्रचलनमा आएका हुन् । दिनभरि खेतीपातीका कामले थाकेका पहरी किसानहरूले मनोरञ्जन गर्ने रमाइलो खेलका रूपमा यस्ता गाउँखाने कथाहरूलाई लिने गर्छन् ।

## ५.३.२ घरेलु जीवनसँग सम्बन्धित गाउँखाने कथा

घरेलु जीवनसम्बन्धी गाउँखाने कथाहरू नेपाली समाजमा धेरै प्रचलित छन् । दैनिक जीवनसँग सम्बन्धित घरेलु कुराहरू गाउँखाने कथाका विषयवस्तु बन्ने गरेका छन् । जीवन निर्वाहका क्रममा आइपर्ने र आवश्यक पर्ने विभिन्न वस्तुलाई लिएर बनाइएका

गाउँखाने कथाहरू राईगाउँ गाविसका पहरीहरूमा पनि प्रचलित र लोकप्रिय छन् । उनीहरूले प्रयोग गर्ने घरेलु जीवनसँग सम्बन्धित गाउँखाने कथाहरू तल दिइएका छन् :-

| | | |
|---|---|---|
| क) | आयो नाठो छिरायो गाँठो | |
| | ऊ गइगो, मलाई भैगो | (दाम्लो पशुको घाँटीमा बाँधेको) |
| ख) | एक मुठी खर घुमाउने घर | (छाता) |
| ग) | कालो जिउमा लम्पसार परो, | |
| | हाल्दा लुलो झिक्दा दरो | (सेल रोटी पकाएको) |
| घ) | घरतिर जाँदा वनतिर मुख, | |
| | वनतिर जाँदा घरतिर मुख | (बञ्चरो) |
| ङ) | चिटी-चिटी चिमोटी, कालो पोथी निमोठी | (कोदाको ढिंडो) |
| च) | दुई गोठको भकारो एक हातले सोर्ने | (सिंगान पुछेको) |
| छ) | पहेँलो सारी फरक्क पारी, | |
| | कालो दुलोमा ल्वात्त हाली | (केरा खाएको) |
| ज) | सुतायो चौरो, उठायो लौरो | (गुन्द्री) |
| झ) | सेती गाई पानी खान गई, | |
| | पानी खाई आउँदा राती भई | (सेलरोटी) |
| ञ) | हुक्का गोरु भित्ता फोरु, | |
| | धर्तिमुनिको माने गोरु | (मुसा) |

आनुप्रासिकता, अधिकतम र न्यूनतम शब्द भएका पङ्क्तिहरूको अभिव्यक्ति तथा अश्लील अभिव्यक्ति अर्थसङ्केत श्लील प्रकृतिका गाउँखाने कथा पनि प्रचलनमा छन् । गाउँले भाषामा संरचित माथिका गाउँखाने कथाहरू राईगाउँको पहरी समाजमा पचलित छन् । मुसा, चौपायको घाँटीमा दाम्लो बाँध्नु, गुन्द्री, छाता, कोदाको ढिंडो, केरा खानु, रोटी पकाउनु, सेलरोटी तथा सिंगान पुछ्ने उत्तर आउने त्यस्ता गाउँखाने कथाहरू घरेलु जीवनसँग सम्बन्धित छन्, जुन राईगाउँका पहरीसमाजमा प्रचलित र लोकप्रिय छन् ।

## ५.३.३ शरीरसँग सम्बन्धित गाउँखाने कथा

मानव शरीरसँग सम्बन्धित रहेका गाउँखाने कथाहरू राईगाउँका पहरीजातिमा प्रचलित छन् । मानिसका शरीरका अङ्ग-प्रत्यङ्गलाई विषयवस्तु बनाइएका त्यस्ता

गाउँखाने कथाहरूलाई यसअन्तर्गत समेट्दै अध्ययन अघि बढाइएको छ । शरीरका टाउको, मुख, नाक, आँखा, कान, घाँटी, हात, खुट्टा आदिलाई चिनाउने गरी गाउँखाने कथाहरू तयार भएका हुन्छन्, तिनको विवरण तल दिइएको छ :-

| | |
|---|---|
| क) एउटा खाँबोको दुईवटा प्वाल | (नाक) |
| ख) कालो ओडारमा सेता जन्ती | (दाँत) |
| ग) तान्दा दुख्ने, काट्दा नदुख्ने | (कपाल/रौँ) |
| घ) तारे भीरमा खोपिल्टो | (नाइटो) |
| ङ) दुईतिर डाँडो, बीचमा खोल्सो | (मुख) |
| च) पर-पर गो, यहीँनेर आयो | (आँखा) |
| छ) पाँच भाइको एउटै थाल | (हत्केला) |

शरीरका विभिन्न अङ्ग-प्रत्यङ्गहरूको उत्तर आउने र त्यससम्बन्धी जानकारी दिने माथिका गाउँखाने कथाहरू राईगाउँका पहरीजातिमा प्रचलित छन् । हात, मुख, आँखा, नाक, दाँत, नाइटो, रौँ आदि मानिसका शारीरिक अङ्गहरू हुन् र माथिका गाउँखाने कथाहरू तिनै कुरासित सम्बन्धित छन् । बौद्धिक परीक्षण गर्दै प्रश्नको उत्तर नआए आफूले चाहेको गाउँ मागेर त्यसका राम्रा-राम्रा कुरा आफूलाई र नराम्रा-नराम्रा कुरा उत्तरदातालाई दिँदै मनोरञ्जनात्मक पाराले राईगाउँका पहरीहरू यस्ता गाउँखाने कथाहरूमा रम्ने गर्दछन् ।

## ५.३.४ प्रकृतिसँग सम्बन्धित गाउँखाने कथा

गाउँखाने कथाहरू प्रकृतिपरक पनि हुन्छन् । राईगाउँका पहरीजातिले प्रकृतिजन्य गाउँखाने कथाहरू भन्ने गरेका छन् ।[११२] प्रकृतिमै खेल्दै र हुर्कंदै आएका यहाँका पहरीहरू प्रकृतिसँग मितेरी लाउँछन् र जीवनका सुख-दुःख, हाँसो-आँसु साटासाट गर्छन् । प्रकृतिसँग मेल खाने यस पहरी समाजमा प्रचलित गाउँखाने कथाहरू तल दिइएका छन् :-

| | | |
|---|---|---|
| क) | अँध्यारोमा लुक्छु, उज्यालोमा आउँछु<br>जतातिर जान्छन् स्वामी, उतैतिर धाउँछु । | (छायाँ) |
| ख) | कुद्न सक्छ, हिंड्न सक्दैन । | (खोलाको पानी) |
| ग) | ठूलो चउरमा, ठूला रोटी । | (घाम र जून) |
| घ) | थालभरि सुपारी, गन्न नजान्ने व्यापारी । | (आकाशका तारा) |

[११२] शेरबहादुर पहरी, पूर्ववत् ।

ङ)    वारि ट्याङ, पारि ट्याङ, माझमा बैठ्याङ्    (जालोको माकुरो)

च)    सानी-सानी थसेनी, सिन्कामाथि बसेनी ।    (दूबोको शीत)

आकाश-पाताल, खोला-नाला, पहाड-पर्वत, घाम-जून, वन-पाखा, हावा-हुरी सम्पूर्ण प्रकृतिजन्य वस्तुहरू हुन् र माथिका गाउँखाने कथाहरू त्यसैसँग सम्बन्धित छन् । राईगाउँका पहरीजातिमा पनि यस्ता प्रकृतिजन्य गाउँखाने कथाहरूले स्थान ओगटेको कुरा सजिलै भन्न सकिन्छ ।

## ५.३.५ विविध गाउँखाने कथाहरू

माथिका प्रकारहरूमा नपरेका तर राईगाउँका पहरी समाजमा प्रचलित विविध विषयसँग सम्बन्धित गाउँखाने कथाहरूलाई यहाँ समेट्दै त्यसको अध्ययन अघि बढाइएको छ । राईगाउँका पहरीहरूमा विभिन्न जानकारीमूलक, शिक्षासँग सम्बन्धित, कलासंस्कृति झल्काउने, खेलकुदसँग सम्बन्धित तथा अन्य जानकारी दिने गाउँखाने कथाहरूलाई यहाँ समेटिएका छन्, तिनको विवरण निम्नानुसार छ :-

क) एउटा देश छ तीन अक्षरी नाम
   बीचको अक्षर झिके बन्छ खाने माम    (भारत)

ख) क्यान खोला काइलाङ-कुलुङ टेबुल डाँडा फस्ट (हुक्का चिलिम)

ग) जति दियो उति पाइने    (विद्या)

घ) तारे भीरमा लोती झुण्डेको    (झोर्लाको टाटा)

ङ) ढाढभरि नसैनसा, मुखभरि मोसै मोसो    (मादल)

च) धार्नी पनि नपुग्ने, बिसौली नि नहुने
   तर दुबै हातले उचाल्ने    (टोपी)

छ) बाहिर बोक्रो, भित्र खोक्रो    (भकुण्डो)

अरू बुँदामा वर्गीकृत नभएका तर पहरी समाजमा प्रचलित विभिन्न विषय झल्किने गाउँखाने कथाहरू नै विविधमा सङ्कलन गरी अध्ययन गरिएको हो । निष्कर्षमा के भन्न सकिन्छ भने राईगाउँमा पहरीहरूको आफ्नै पहरी भाषामा गाउँखाने कथाको प्रचलन छैन । नेपाली भाषामा गाउँखाने कथाहरूलाई जीवन्त राख्ने काम भने भएको छ । राईगाउँका पहरीजातिमा प्रचलित कतिपय गाउँखाने कथाहरू अन्यत्र पनि प्रचलनमा छन् । त्यसैगरी

राईगाउँका पहरीजातिमा मात्र प्रचलित निम्नलिखित गाउँखाने कथाहरू पनि यहाँ प्राप्त छन् :-

क) आयो नाठो छिरायो गाँठो,
ऊ गइगो, मलाई भैगो (दाम्लो पशुको घाँटीमा बाँधेको)

ख) कालो जिउमा लम्पसार परो
हाल्दा लुलो, झिक्दा दरो (सेलरोटी पकाएको)

ग) क्यानखोला काइलाङ-कुलुङ टेबुल डाँडा फस्ट (हुक्का चिलिम)

घ) चाँदीको ठेकी सेउलाको बिर्को (मूला)

ङ) चिटी-चिटी चिमोटी, कालो पोथी निमोठी (कोदाको ढिंडो)

च) ढाडभरि नसैनसा, मुखभरि मोसै मोसो (मादल)

छ) तारे भीरमा खोपिल्टो (नाइटो)

ज) तारे भीरमा लोती झुन्डेको (भोर्लाको टाटा)

झ) वारि ट्याङ, पारि ट्याङ्, माझमा बैठाङ (जालोभित्रको माकुरो)

ञ) सुतायो चौरो, उठायो लौरो (गुन्द्री)

ट) सानी-सानी थसेनी, सिन्कामाथि बसेनी (दुबोको शीत)

माथि उल्लिखित गाउँखाने कथाहरू नितान्त राईगाउँ गाविस र त्यहाँका पहरी समाजमा मात्र प्रचलित छन् । उनीहरूले प्रयोग गर्ने यस्ता गाउँखाने कथाहरूमा स्थानीय ठाउँ, परिवेश, भाषा र आफ्नैपन छन् । त्यसैले यी गाउँखाने कथाहरू राईगाउँको पहरीजातिका लोकसम्पत्ति हुन् ।

## ५.४ राईगाउँका पहरीजातिमा प्रचलित उखानहरू

लोकसाहित्यको लोकोक्तिका रूपमा प्रचलित महफ्वपूर्ण विधा उखान हो । भाषाको भौतिक सम्पत्ति, बोलीको प्राण एवम् मानव सभ्यताको लिखित इतिहास उखान हो । उखानले दिने ज्ञान शास्त्रले दिने ज्ञानभन्दा कम हुँदैन । मानवीय जीवनका कमी-कमजोरी र विकृतिजन्य कुराहरूलाई जनसमक्ष ल्याउँदा गाग्रोमा सागर भर्न सक्ने क्षमता यसमा निहित हुन्छ । उखानले मानव सभ्यताको सिङ्गो इतिहासलाई छिटो, छोटो, मीठो र चुट्किलो रूपमा अभिव्यक्त गर्छ । राईगाउँ गाविसका पहरी जातिले पनि भाषालाई व्यङ्ग्यात्मक, चोटिलो र चोपिलो बनाउनका लागि यसको प्रयोग गर्छन् । स्थानीय भाषाका र जतातत‌ै

प्रयोग हुने उखानहरू नै उनीहरूको उखान हो । पहरी समाजमा प्रयोग हुँदै आएका उखानहरूलाई निम्नानुसार अध्ययन गरी बढाइएको छ :-

क) सामाजिक तथा नीति चेतनासम्बन्धी उखान ।

ख) ज्ञानविज्ञानसम्बन्धी उखान ।

ग) कृषिसम्बन्धी उखान ।

घ) लोक विश्वाससम्बन्धी उखान ।

ङ) विविध विषयमूलक उखान ।

## ५.४.१ सामाजिक तथा नीति चेतनासम्बन्धी उखान

सामाजिक चेतना, नैतिक ज्ञान र शिक्षाको माध्यमबाट गाउँघरमा सुधारको बाटो देखाई सत्मार्गतर्फ लाग्नका लागि प्रेरित गर्ने उखानहरू नै सामाजिक, नीतिचेतनासम्बन्धी उखान हुन् । यस्ता उखानले उपदेश दिई समाजमा चेतना जगाउने र मानवको चारित्रिक स्वभावमा सुधार ल्याई सही बाटोमा हिंडाउन मद्दत पुर्‍याउँछन् । उपदेशात्मक कथनका माध्यमबाट समाजमा नैतिक ज्ञान छर्ने खालका निम्नलिखित उखानहरू राईगाउँ गाविसका पहरीजातिमा प्रचलित छन् :-

क) अर्ति र ओखति कहिल्यै मीठो हुँदैन

ख) आफू त महादेव उत्तानो टाँग, कसले देला वर

ग) छोरा पाए खुसी, छोरी पाए दुःखी

घ) निर्धोलाई नहेप्नु, बलियालाई नचेप्नु

ङ) बिहानको बिमिरो, दिउँसो राई, बेलुकाको मूला, कालको भाइ

च) बैगुनीलाई गुनले मार्नु

छ) भाइ फुटे गवाँर लुटे

ज) रातभरि करायो दक्षिण हरायो

झ) रिस खा आफू, बुद्धि खा अर्को

ञ) लोग्ने-स्वास्नीको झगडा परालको आगो

राईगाउँका पहरी समाजमा प्रचलित माथिका उखानहरूमा लोग्ने-स्वास्नीको झगडा सामान्य हुने, नहुनेले सहयोग गर्न नसक्ने, व्यक्ति गुणी हुनुपर्ने, कमजोर र बलियोको ख्याल गरेर काम गर्नुपर्ने, छोरा र छोरीमा भेदभाव हुने गरेको, एकजुट भएर काम गर्नुपर्ने, धेरै

काम गरेर पनि फल प्राप्त नभएको, अर्ति र ओखति तीतै हुने, बिहान बिमिरो-दिउँसो रायोको साग र बेलुका मूला खाए मुत्युवरण गर्नुपर्ने साथै रिसले आफू नास भइने र बुद्धिले संसार जितिन्छ जस्ता समाजिक चेतनाका कुराहरू अभिव्यक्त भएका छन् । जसले व्यक्तिलाई सत्मार्ग र सुधारतर्फ लाग्नका लागि प्रेरित गर्छ ।

### ५.४.२ ज्ञानविज्ञानसम्बन्धी उखान

जीवन व्यवहारका कुरामा वास्तविक, ठीक र सत्य कुरो अभिव्यक्तिने उखानहरू यस अन्तर्गत पर्छन् । राईगाउँका पहरी समाजमा पनि त्यस्ता ज्ञानविज्ञान सम्बन्धी उखानहरू प्रचलनमा रहेका छन् र तिनीहरूको सूची तल दिइएको छ :-

क) आधा गाग्री पानी छचल्किन्छ

ख) आफू नमरी स्वर्ग देखिन्न

ग) खाइसार कि लाइसार मरेपछि लम्पसार

घ) दुई जोईको पोई, कुना पसी रोई

ङ) न्याउरी मारी पछुतो

च) पढेरभन्दा परेर जानिन्छ

माथिका उखानहरूमा परेपछि मात्र थाहा पाइने, काम बिगारेर परेको दुःख, कुनै कुरो अधुरो हुन नहुने व्यवहारमै उत्रेपछि मात्र धेरै कुरो जानिने, दुई दिनको जिन्दगीमा रमाइलो गर्नुपर्ने तथा दुईटी स्वास्नीको लोग्नेले दुःख मात्रै पाउने जस्ता वास्तविक र ठीक कुराहरू व्यक्त भएका छन् । राईगाउँका पहरी समाजमा पनि यस्ता उखानले धेरै ज्ञान दिने गरेको र उखानहरूका माध्यमबाट छोटोमा धेरै कुरा बताउन सकिएको बताइन्छ ।[११३]

### ५.४.३ कृषिसम्बन्धी उखान

कृषि व्यवसायलाई नै मूल लक्ष्य बनाइएका र त्यससम्बन्धी कार्य वा उपकरणको उल्लेख गरेर भनिएका उखानहरू राईगाउँको पहरीातिमा प्रचलित छन् । उनीहरूले प्रयोग गर्ने कृषिजन्य उखानहरूको विवरण यसप्रकार छ :-

---

[११३] शेरबहादुर पहरी, पूर्ववत् ।

क) अर्काको बाच्छो चाट्यो मुखभरि रौं

ख) अनिकालमा बिउ जोगाउनु, हुलमुलमा जिउ जोगाउनु

ग) काम गर्ने कालु, मकै खाने भालु

घ) गाई न गोठ, लबरलबर ओठ

ङ) दूधको साक्षी बिरालो

च) दूध दिने गाईको लात्ति सहनु पर्छ

छ) धान खाने मुसो, चोट पाउने बिरालो

ज) रोपेको बिउ कि उम्रन्छ कि कुहिन्छ

माथिका उखानहरूमा मकै, भालु, गाई, गोठ, बीउ, बाच्छो, दूध, बिरालो, धान, मुसा आदिका माध्यमबाट मानवीय स्वभाव व्यवहार र बानीबेहोरालाई प्रस्तुत गर्दै चेतना बृद्धि गराउने काम गरिएको छ ।

## ५.४.४ लोकविश्वाससम्बन्धी उखान

लोकजीवन आफ्नै परम्परागत धारणा, विश्वास, आस्था, अनुभव आदिमा अडेको हुन्छ । नेपाली समाजमा पनि परम्परादेखि वर्तमानसम्म विभिन्न धार्मिक आस्था, अन्धविश्वास, भाग्यवादी चिन्तन, ईश्वरप्रतिको आस्था र भरोसाजस्ता कुराहरूले निकै राम्रोसँग जरा गाडेको छ । यस कुरालाई राईगाउँका पहरीजातिले पनि अङ्गालेका छन् । उनीहरूले पनि प्रेरणा, धैर्य, साहस, कर्तव्य, भाग्य, जाँगर, उद्यमजस्ता विविध दृष्टिकोणलाई निम्निलिखित उखानका माध्यमबाट प्रकट गर्ने गरेका छन् :-

क) आइत मंगल हाँसे तेल, बिना बिराम परे जेल

ख) आगो ताप्नु मुढाको, कुरा सुन्नु बुढाको

ग) जाँगरिलोको हातमा माछामासु, अल्छीको भागमा सधैँभरि आँसु ।

घ) धन देख्दा महादेवको पनि तीन नेत्र

ङ) नजिकको साथीलाई धन नदिनु, राम्री केटीलाई मन नदिनु ।

च) बाघ बूढो स्याल तन्नेरी

छ) भाग्यमानीको भुतै कमारो

ज) भाग्यका ठाउँ, परिपरि आऊ

झ) मुतुनो र थुतुनो तह लगाउनु

ञ) शनीको छुट्टि, मंगलको भेट, कि आउला ज्वरो कि दुख्छ पेट

ट) हुने हार दैव नटार

माथिका उखानहरूमा अर्ति बुढाको सुन्नुपर्ने, हुने कुरो नभई नछोड्ने, धनका अगाडि देवताले पनि मन थाम्न नसक्ने, भाग्यमानीलाई जताबाट पनि फाइदै हुने, भाग्य हुनेलाई जे गर्दा पनि फाइदा हुने, आइतबार र मंगलबार गरेको काममा बिनाकारण जेल जान सकिने, शनिबार र मंगलको भेटले शारीरिक फाइदा नहुने, जाँगरिलो व्यक्तिले कहिल्यै दुःख नपाउने र अल्छीले जीवनभरि रुनुपर्ने नजिकको मित्रलाई धन दिए त्यसैबाट मित्रता टुट्ने र राम्री केटीलाई मन दिए दुःख पाइने साथै मुख र मुतुनो (लिङ्ग) लाई तह नलगाए इज्जत जाने जस्ता महफ्वपूर्ण लोकधारणाहरू अभिव्यक्त भएका छन् ।

## ५.४.५ विविध विषयमूलक उखानहरू

राईगाउँ गाविसका पहरीजातिमा पनि आफ्ना भनाइहरूलाई चोटिलो रूपमा अर्थात् व्यङ्ग्यका साथ राख्नुपर्‍यो भने, इतिहासको झलक दिने, प्रकृतिपरक तथा पशुपंक्षीजन्य उखानहरू प्रचलनमा रहेका छन् । पहरी समाजमा प्रचलित त्यस्ता उखानहरूलाई निम्नानुसार चिनाइएको छ :-

क) इतिहाससम्बन्धी उखान

ख) हास्यव्यङ्ग्यसम्बन्धी उखान

ग) प्रकृतिपरक उखान

घ) पशुपक्षीसम्बन्धी उखान

ङ) प्रश्नोत्तरसम्बन्धी उखान

च) गेयात्मक उखान

छ) भाषान्तर उखान

ज) अनुप्रासमूलक उखान

झ) प्रश्नमूलक उखान

ञ) अश्लील खालका उखान

ट) तुकबन्दी उखान

### ५.४.५.१ इतिहाससम्बन्धी उखान

ऐतिहासिक विषयवस्तु समेटिएका उखानहरू राईगाउँले पहरीजातिमा प्रचलित छन् । जस्तैः

क) निसाफ नपाए गोर्खा जानू, विद्या हराए काशी जानू

ख) बुढा मरे भाषा सरे

ग) मुकुन्द सेनले मुलुक मार्न नजानेको, तँ फुस्राले खिर खान नजानेको

पुराना व्यक्तिको मृत्युले भाषा लोप हुँदै गएको, प्राचीन समयमा न्यायका लागि गोर्खा प्रसिद्ध रहेको र विद्या प्राप्त गर्ने थलो काशी भएको साथै मकवानपुरका राजा मुकुन्दसेन देशप्रति बफादार रहेको जस्ता ऐतिहासिक कुरा ती माथिका उखानमा अभिव्यक्तिएका छन् ।

### ५.४.५.२ हास्यव्यङ्ग्यसम्बन्धी उखान

हाँसो र व्यङ्ग्य मिश्रित निम्नलिखित उखानहरू पनि राईगाउँका पहरीजातिमा प्रचलित र लोकप्रिय छन् :-

क) उत्ताउली गाई बाघले खाई

ख) तीन हाते मानिसको नौ हाते जुँगा

ग) मचाहिँ नजान्ने धने कोर्माचाहिँ जान्ने

सानो मानिसको ठूलो फूर्ति, जान्ने बुझ्नेचाहिँ नजान्ने, केही न कालेचाहिँ फूर्ति लाउने तथा उत्ताउलो व्यवहारले दुःख पाइने भाव समेटिएका ती उखानहरू हाँसो र व्यङ्ग्यले सुसज्जित छन् ।

### ५.४.५.३ प्रकृतिपरक उखान

प्रकृतिजन्य कुराहरू झल्किने निम्नलिखित उखानहरू राईगाउँका पहरीहरूमा प्रचलित छन् :-

क) बिहानको पानी पर्दैन, बेलुकाको पाहुना टर्दैन

ख) महिना पुस, फास न फुस

ग) सूर्यलाई हत्केलाले छेक्दैन

पुसको महिना कामका दृष्टिकोणले थोरै हुने अर्थात् समय जान बेर नलाग्ने बिहानको पानी र बेलुकाको पाहुना एकैजसो हुने तथा सूर्यलाई छेक्न खोज्नु मूर्खता हुने जस्ता प्रकृतिजन्य भावमाथि उल्लिखित उखानहरू पाइन्छन् ।

### ५.४.५.४ पशुपक्षीसम्बन्धी उखान

पशुपक्षीका नामबाट पनि उखानहरू बन्ने गरेका र त्यस्ता उखानहरू राईगाउँका पहरीमाझ चर्चित छन् तिनको विवरण यसप्रकार छ :-

क) कौवालाई बेल पाक्यो, हर्ष न विस्मात

ख) चरचरे गोरुका चार ठाउँमा डाम

ग) हाँसको चाल न कुखुराको चाल

कौवा, हाँस, कुखुरा, गोरु आदिका माध्यमबाट मानवीय स्वभाव र चाल-चलनलाई व्यक्त गरेका छन् माथिका उखानहरूले ।

### ५.४.५.५ प्रश्नोत्तरसम्बन्धी उखान

एउटै वाक्यमा प्रश्न र उत्तर दुवै हुने खालका निम्नलिखित उखानहरू पनि पहरी समाजमा चलनमा रहेका छन् :-

क) कहाँ पोखियो घिउ ? आफ्नै थालमा

ख) किन चाउरिस मरिच ? आफ्नै रागले ।

ग) के खोज्छस् कानू ? आँखा ।

माथि उखानहरूमा पहिलो वाक्यको सुरुका पदावली प्रश्न र अन्तिममा त्यसको उत्तर हो । जस्तैः किन चाउरिस मरिच ? प्रश्नको रूपमा आएको पदावली हो भने आफ्नै रागले त्यसको उत्तर । मानिसले गल्ती गर्दा आफैँ तल पर्नुपर्ने, नपाउनेले कुनै कुरा प्राप्त गर्नु तथा दिइएको चिजले आफैँलाई फाइदा पुग्यो भने ती उखानहरूको प्रयोग हुने गर्दछन्, जसलाई राईगाउँका पहरी समाजले पनि आत्मसात गरेका छन् ।

### ५.४.५.६ गीतका लयमा भनिएका उखानहरू

राईगाउँले पहरीहरूमाझ गीतका लयमा पनि उखानहरू भन्ने प्रचलन छ तिनको विवरण यसप्रकार छ :-

क) एकदिनको पाहुना मीठो-मीठो खा, दुई दिनको पाहुना जसोतसो खा,
तीन दिनको पाहुना जतासुकै जा ।

ख) केटाकेटी आए गुलेली खेलाए, चरा मार्न सकेनन्, पुच्छर हात लाए ।

ग) बिग्रेको मान्छेको भत्केको घर, भत्केपछि केलाई मान्नु डर ।

माथिका उखानहरू अनुप्रासीय शैलीका गीतका लयमा गाउन सकिने उखानहरू हुन् । नजान्नेले काम गर्दा प्रतिफल नपाइने, अर्काको घरमा धेरै दिन पाहुना लाग्न नहुने र सबैकुरा सकिएपछि मानिसलाई चिन्ता, पीरले नछुने भाव ती गीति लयका उखानहरूमा अभिव्यक्तिएका छन् । त्यस्ता गीतका लयमा भनिने उखानहरू पहरीजातिमा प्रचलित मात्र हैन लोकप्रिय पनि छन् ।

### ५.४.५.७ भाषान्तर उखानहरू

अन्य भाषाबाट आई नेपाली भाषाका चलन रहेका उखानहरू पनि पहरी समाजमा चलनचल्तीमा रहेका छन् :-

क) बेला न कुबेला बजी मेला ।

ख) लातको भूत बातले मान्दैन ।

ग) हरामका आगे भूत भागे ।

हिन्दी तथा स्वदेशी नेवारी भाषाका उखानहरू नेपालीमा प्रचलनमा आएको र त्यसलाई राईगाउँका पहरीहरूले आत्मसात गरेको कुरा ती उल्लेखित उखानहरूबाट जानकारी पाइन्छ । मूर्खका अगाडि कसैको केही नलाग्ने, कुनै पनि कुराको समय हेरेर मात्र काम अगाडि बढाउनुपर्ने तथा व्यक्ति हेरेर व्यवहार गर्नुपर्ने जस्ता भावहरू ती भाषान्तर उखानमा व्यक्त भएका छन् ।

### ५.४.५.८ अनुप्रासमूलक उखानहरू

राईगाउँका पहरी समाजमा अनुप्रासयुक्त वाक्यगठन भएका उखानहरू पनि चलन-चल्तीमा रहेका छन् :-

क) अर्काको नासो, गलाको पासो

ख) अल्छी तिघ्रो, स्वादे जिब्रो

ग) अरूको लाख, आमाको काख

घ) जता मल्खु, उतै ढल्कु

ङ) नाउँ न जस, खरानी घस

लाख-काख, नासो-पासो, तिघ्रो-जिब्रो, मल्खु-ढल्कु र जस-घस जस्ता अघिल्लो तथा पछिल्लो शब्द मिली बनेका उखानहरू नै अनुप्रासमूलक उखानहरू हुन् । त्यस्ता उखानका अनुप्रासीय शब्दको पछिल्लो अक्षरमा स्वर तथा व्यञ्जनको मेल यसरी गराइएको हुन्छ :-

लाख - 'अ' स्वर

काख - 'अ' स्वर = 'अ' स्वरको मिलन

माथि उल्लेखित अनुप्रासीय उखानहरू त राईगाउँका पहरीजातिका मुखैमा झुन्डिरहने अति लोकप्रिय उखानहरूमा पर्दछन् ।

## ५.४.५.९ प्रश्नमूलक उखान

केही उखानहरू प्रश्नका शैलीमा रचना गरिएका हुन्छन् । प्रश्नका ढाँचामा संरचित यस्ता उखानहरूमा प्रायः प्रश्न मात्र गरिएको पाइन्छ :-

क) ईख नभएको मान्छे र बिख नभएको सर्प के काम ?

ख) भीरमा पुगेको गोरुलाई रामराम पो भन्न सकिन्छ,
काँध थाप्न त सकिन्न नि ?

ग) बार वर्ष रामायण पढायो, सीता कसकी जोई ?

माथिका उखानहरू प्रश्नमूलक उखानहरू हुन् । मानिसका गुण-दोष, गुन-बैगुन आदिलाई त्यस्ता उखानहरूमा व्यक्त गरिएको हुन्छ । यस्ता प्रश्नका ढाँचाका उखानहरू पनि पहरीजातिमा प्रचलित छन् ।

## ५.४.५.१० अश्लीलखालका उखानहरू

अश्लील शब्दले सुसज्जित उखानहरू पनि पहरी समाजमा प्रचलनमा रहेका छन्, जसको सूची तल दिइएको छ :-

क) काम पाइनस बुहारी पाडाको कन्डो कनाई

ख) बाख्राको पुच्छर काटी बोकालाई सजिलो

ग) थुतुनो र मुतुनो तहमा राख्नू

घ) हगाइभन्दा पदाइ ठूलो

माथि दिइएका उखानहरूमा प्रयुक्त मुतुनो, पदाइ, हगाइ, बोका, कण्डो (चाक) आदि शब्दहरू अश्लीलताका नजिक छन् र त्यस्ता अश्लील शब्दले युक्त उखानहरू राईगाउँका पहरी समाजको जनजिब्रोमा छन् ।

## ५.४.५.११ तुकबन्दी उखान

तुक्का मिलेका र शैलीछटा भएका उखानलाई नै तुकबन्दी उखान भनिन्छ । यस्ता तुकबन्दी भएका निम्नलिखित उखानहरू राईगाउँका पहरीजातिमा प्रचलित छन् :-

क) अघिको तीतो, पछिको मीठो

ख) नपाउनेले केरा पायो, बोक्रैसित खायो

ग) पानी खानु मूलको, बिहे गर्नु कुलको

घ) बाह्र छोरा तेह्र नाति, बुढाको धोक्रो काँधैमाथि

ङ) साँढेको जुधाइ, बाच्छाको मिचाइ

माथिका उल्लिखित उखानहरू तीतो-मीठो, जुधाइ-मिचाइ, नाति-माथि, मूलको-कूलको, पायो-खायो जस्ता तुक्काहरू मिलेर बनेको हुनाले यिनीहरूलाई तुकबन्दी उखान भनिएको हो । राईगाउँका पहरी समाजमा यस्ता तुकबन्दी उखानहरू धेरै पहिले प्रचलनमा आएको र अहिले पनि उत्तिकै लोकप्रिय छन् ।

जुनसुकै भाषामा उखानको प्रचलन रहेको छ । नेपाली समाज पनि त्यसबाट अछुतो छैन । नेपाली भाषामा प्रयुक्त उखानहरूलाई नै राईगाउँका पहरीहरूले आत्मसात गरेका छन् । छोटा, मीठा र चिटिक्क परेका शब्दावलीहरूमा भाषालाई स्तरीय, प्रभावकारी तथा जनप्रिय बनाउन उखानहरू प्रयोग गरिन्छ । उखानको प्रयोगले नै भाषा स्तरीय बन्न सक्छ । सामाजिक विकृति र विसङ्गतिमाथि दह्रो व्यङ्ग्य वाण हान्दै सुधारतर्फ लाग्नका लागि प्रेरित गर्नु उखानको मूल उद्देश्य हो । राईगाउँका पहरीहरूले पनि दुःख-सुख, आँसु-हासो, घाम-पानी, जाडो-गर्मी, उकाली-ओराली, चुलोचौका, वनजङ्गल, घाँस-दाउरा, खेतीपाती आदिका सहयोगी साथीका रूपमा यसलाई लिने गरेका छन् । यहाँ शोधका क्रममा फेला परेका करीब १०० का हाराहारीका उखानहरूलाई विभिन्न समूहमा सङ्कलन गर्दै चिनाइएको छ । शब्दलाई सिँगारेर रसिलो, चुड्किलो, चोपिलो, चोटिलो, राम्रो र मीठो बनाउने काम उखानले गरेको हुँदा यसलाई भाषाको जीवनशक्ति वा लोकजीवनबाट आर्जित हुने निधि मान्न सकिन्छ ।

## ५.५ राईगाउँका पहरीजातिमा प्रचलित टुक्काहरू

आफ्नोपन गुमाएका राईगाउँका पहरीहरूको सम्पूर्ण कुराको चर्चा यसअघि नै गरिसकिएको छ । यस गाविसमा उनीहरूले प्रयोग गर्ने टुक्का पनि नेपाली भाषाकै छन् । भाषिक अभिव्यक्तिलाई कसिलो पार्न, आफ्नो भनाइलाई सङ्क्षेपमा व्यक्त गर्न, अर्थलाई चमत्कारपूर्ण बनाउन तथा भाव वा विचारलाई स्पष्ट पारी व्यक्त गर्न राईगाउँले पहरीहरू टुक्काको प्रयोग गर्छन् । यस गाविसमा पनि जहिलेदेखि भाषा, गाउखाने कथा, उखानहरू प्रचलनमा आए त्यसैबेलादेखि टुक्का पनि प्रचलनमा आएको अड्कल काट्न सकिने संविधान सभाका सदस्य तथा यसै गाविस वडा नं. ४, शाखाटार निवासी शेरबहादुर पहरी बताउँछन् । अर्थलाई चमत्कारपूर्ण बनाउन, भनाइलाई सङ्क्षिप्त तुल्याउन, विचारलाई स्पष्ट पार्न, कथनलाई रोचक बनाउन, शैली र प्रस्तुतिलाई प्रभावकारी तुल्याउन साथै अभिव्यक्तिलाई बलियो पार्न टुक्काको प्रयोग गरिन्छ ।[११४] राईगाउँ गाविसका पहरीजातिमा प्रचलित टुक्काको अध्ययन निम्नानुसार दुई भागमा गरिएको छ :-

क) क्रियापदयुक्त टुक्का

ख) क्रियापदमुक्त टुक्का

### ५.५.१ क्रियापदयुक्त टुक्का

वाचित पदावली अर्थात् टुक्कामा क्रिया उपस्थित हुनेलाई क्रियापदयुक्त टुक्का भनिएको छ ।[११५] राईगाउँ गाविसमा रहेका पहरीहरूमा पनि क्रियासहितका टुक्काहरू प्रचलनमा रहेका छन्, जसको सूची तल दिइएको छ :-

| | |
|---|---|
| आँखा उघार्नु | आँखा जुध्नु |
| आलु खानु | खरानी घस्नु |
| खेदो खन्नु | खुट्टा उचाल्नु |
| गति छाड्नु | जरो उखेल्नु |
| जोरी खोज्नु | डाँडो काट्नु |
| नाक काट्नु | नाम कमाउनु |
| पाप कराउनु | बङ्गारा झार्नु |

[११४] मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ. ५३४ ।

[११५] पूर्ववत्, पृ. ५३५ ।

| | |
|---|---|
| भाग्य खुल्नु | भूत चढ्नु |
| मन जित्नु | माटो खानु |
| मुख छोड्नु | रिस उठ्नु |
| लामोहात गर्नु | सास आउनु |
| हरेश खानु | हात जोड्नु |
| हावा चल्नु | |

माथि दिइएका टुक्काहरूमा क्रिया उपस्थित भएका छन् । त्यसकारण दिइएका ती टुक्काहरू क्रियापदयुक्त टुक्काहरू हुन् । उल्लिखित ती टुक्काहरूका माध्यमबाट मानवीय भाव व्यक्त गर्नु राईगाउँका पहरीहरूको दिनचर्या बनेको छ । त्यहाँका प्रायः सबै वडाहरूमा छरिएर रहेका पहरी बुढाबूढी, युवायुवती सबैमा त्यस्ता क्रियामिलित टुक्काहरू प्रचलनमा रहेको साथै लोकप्रिय पनि छन् । सङ्कलन र अध्ययनका क्रममा भेटिएका अरू क्रियापदयुक्त टुक्काहरूलाई परिशिष्टमा समेट्ने काम गरिएको छ । यसलाई क्रियाको वर्णानुक्रमानुसार राखिएको छ ।

## ५.५.२ क्रियापदमुक्त टुक्का

वाचित टुक्काहरूमा क्रिया नरहनु तथा पदावली मात्र रहनु नै क्रियापदमुक्त टुक्काहरू हुन् ।[११६] राईगाउँका पहरीहरूमा पनि यस्ता क्रियापदमुक्त टुक्काहरूको प्रचलन रहेको छ । यिनको विवरण निम्नानुसार दिइएको छ :-

| | |
|---|---|
| अरिङ्गालको गोलो | आँखाको कसिङ्गर |
| आकाशको फल | एउटै ड्याङ्का मूला |
| कात्तिके कुकुर | कुखुरे वैंस |
| गोहीका आँसु | तित्राको मुखै बैरी |
| पर्सेको बोको | फलामका चिउरा |
| मनको लड्डु | मुतको न्यानो |
| हात्तीको दाँत | हात्तीको मुखमा जिरा |

[११६] पूर्ववत्, पृ. ५३५ ।

माथि दिइएका टुक्काहरूमा क्रियापद रहेका छैनन्, त्यसकारण ती टुक्काहरू क्रियापदमुक्त टुक्का हुन् । यस्ता क्रियापदमुक्त टुक्काहरू राईगाउँको पहरीजातिमा पनि प्रचलित छन् ।

नेपालका कुनै पनि भाषा तथा स्वदेश विदेश सबै ठाउँमा टुक्काहरूको प्रचलन रहेको छ । नेपाली भाषामा पनि यसको विशेष स्थान छ । लोकसाहित्यको एउटा हाँगामा राखिएको यस टुक्काले जसरी नेपाली जाति र भाषामा आफ्नो बलियो स्थान जमाउन सकेको छ, त्यसैगरी राईगाउँका पहरी समाजमा पनि यो लोकप्रिय छ । शोधका क्रममा सङ्कलन गरिएका केही अन्य क्रियापदमुक्त टुक्कालाई परिशिष्ट खण्डको सम्बन्धित शीर्षकमा वर्णानुक्रमानुसार राखिएको छ ।

## ५.६ निष्कर्ष

राईगाउँ गाविसका पहरीजातिमा प्रचलित लोकसाहित्यको प्रमुख विधाहरूमध्ये लोकगीत एक हो । यहाँका पहरीहरूमा झ्याउरे, चुड्का, सँगिनी, कर्म, पर्व, बाह्रमासे, शिशु र संस्कारजन्य गरी आठ प्रकारका लोकगीतहरू प्रचलित छन् । झ्याउरे लयका तीन, चुड्काका दुई, सँगिनीको एक, शिशुको एक, कर्मका तीन, पर्वका छ, बाह्रमासेका छ तथा संस्कारजन्य दुईवटा गरी २४ वटा लोकगीतहरू यहाँका पहरीहरूमा प्रचलित छन् । सबै लोकगीतहरू आनुप्रासिकतामा छ । यी अधिकतम बीस पङ्क्ति र न्यूनतम छ पङ्क्ति संरचनाका छन् । यिनमा घटीमा दुई पङ्क्ति र बढीमा चार पङ्क्तिहरू रहेका छन् । यिनमा न्यूनतम तीन र अधिकतम पाँच गुच्छसम्मको संरचना भेटिन्छ । यी लोकगीतहरूमा दुःख-सुख, मिलन-विछोड, आँसु-हाँसो, प्रेम-विरह आदि कथ्यभाव अभिव्यक्त भएका छन् । कर्मगीतअन्तर्गतको **रामदले बैनी जाउँ है** शीर्षकको रामदल भाकाको गीत र बाह्रमासेअन्तर्गत **माइती मेरो एक नम्बर, म चाहिँ के कम छु र** ? र **नक्कले छातीमा** शीर्षकका काँठे भाकाका गीतहरूको संरचना अन्य लोकगीतको भन्दा पृथक् देखिन्छ । घाँस दाउरा गर्दा गाइने घाँसेगीत, दाइँ गर्दा गाइने दाइँगीत, विवाह-उत्सवमा गाइने रत्यौली र सिलोक, तीज-पर्वमा गाइने तीज गीत, दशैं-तिहारजस्ता पर्वमा गाइने देउसी-भैली तथा जुनसुकै समयमा पनि गाउन सकिने बाह्रमासे गीतहरू यहाँका पहरीजातिमा प्रचलित छन् । यी लोकगीतहरू स्थानीय परिवेशअनुरूप मध्य नेपालका अरू जिल्लाहरूमा पनि प्रचलित छन् ।

राईगाउँका पहरीहरूमा लोककथाको वाचन र श्रवणको परम्परा छ । यहाँका पहरीहरूमा किंवदन्तीमूलक सामाजिक, पशुपक्षी र अतिप्राकृतिक विषयवस्तुसित सम्बन्धित चारवटा लोककथाहरू प्राप्त छन् । यहाँ प्रचलित **पहरीजातिको कथा**मा ठूलाबडाले आफ्नै बुद्धि र विवेकले काम गर्नुपर्ने तथा चलाखीपूर्ण कार्यले गुमेको कुरा पाइने सन्देश अभिव्यक्त भएको छ । **पहरी ससुरा र मगर ज्वाइँ** शीर्षकको कथामा बेइमान हुन नहुने, नराम्रो कामबाट आत्मग्लानी हुने र मानवलाई सत्मार्गमा लाग्नका लागि प्रेरित गर्नुपर्ने कथन अभिव्यक्त छ । **बुहारी चरीको कथा**मा सासू र बुहारी मुख्यपात्र रहेका छन् । यसमा सासूको छुच्चो व्यवहारले प्रताडित बुहारीको व्यथा अभिव्यक्त भएको छ । **सुनकेस्री रानीको कथा**मा मानव र मानवेत्तर दुबैथरी पात्र छन् । यसमा सामाजिक लोकमान्यता विपरीत चल्नाले असहज परिस्थिति जन्मने कुरा अभिव्यक्त भएको छ । राईगाउँका पहरीजातिमा गाउँखाने कथाहरू पनि प्रचलित छन् । कृषि व्यवसाय, घरायसी व्यवहार, शारीरिक, प्रकृति र विविध विषयहरूसँग सम्बन्धित गाउँखाने कथाहरू यहाँ प्रचलनमा छन् । न्यूनतम तीन र अधिकतम आठ शब्द पङ्क्तिमा संरचित गाउँखाने कथाहरू यहाँका पहरीहरूमा प्रचलित छन् । अभिव्यक्तिमा अश्लीलता तर अर्थ सङ्केत श्लील भएका यी गाउँखाने कथाहरूमा स्थानीय परिवेशको झलक र स्थानीय भाषिकाको प्रभाव पाइन्छ ।

राईगाउँका पहरीजातिमा उखान र टुक्काहरूपनि प्रचलित छन् । यहाँ समाज यथार्थ र नीति चेतना, ज्ञानविज्ञान, कृषि व्यवसाय, लोकविश्वास तथा विविध विषयअन्तर्गत इतिहास, हास्यव्यङ्ग्य, प्रकृतिपरक, पशुपक्षी, प्रश्नोत्तर, गीतिलय, भाषान्तर, अनुप्रासमूलक, प्रश्नमूलक, अश्लील तथा तुकबन्दी उखानहरू प्रचलनमा छन् । त्यसैगरी यहाँ प्रचलित टुक्काहरू संरचनाका हिसाबले क्रियापदयुक्त र क्रियामुक्त गरी दुई प्रकारका छन् ।

## परिच्छेद : छ

# उपसंहार

### ६.१ निष्कर्ष

प्रस्तुत शोधपत्र **मकवानपुरको राईगाउँका पहरीजातिमा प्रचलित लोकसाहित्यको अध्ययन** शीर्षकमा तयार पारिएको र यसको परिच्छेद ६ वटा रहेको छ ।

परिच्छेद : एक **शोधपत्रको परिचयसित** सम्बन्धित छ । यस परिच्छेदमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, प्राक्कल्पना, शोधकार्यको सीमा, सामग्री सङ्कलन विधि, शोधविश्लेषण विधि र शोधपत्रको रूपरेखासम्बन्धी शीर्षक र उपशीर्षकहरू रहेका छन् ।

परिच्छेद : दुई **राईगाउँ गाविसका पहरीजातिको सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक सन्दर्भ र लोकसाहित्य**सित सम्बन्धित छ । यस परिच्छेदमा राईगाउँ गाविसको परिचय, त्यस गाविसमा पहरीजातिको उपस्थिति र परिचय, उनीहरूको धार्मिक, सांस्कृति, सामाजिक, देवीदेवता तथा भाषा र साहित्यको जानकारी दिइएको छ । दनुवार राईको थरबाट राईगाउँ गाविसको नामकरण भएको हो । यस गाविसमा बसोबास गर्ने पहरीहरू यहाँको आदि जाति हुन् । हिन्दू परम्परा र संस्कारबाट दीक्षित यस जातिका विविध कुराहरू हिन्दू परम्परा र मान्यताहरूबाटै प्रभावित छन् । राईगाउँका पहरीहरूको सामाजिक जीवनका हरेक कुरा आम ग्रामीण नेपालीकै सरह छन् । वैवाहिक चालचलन, देवीदेवता, चाडपर्व, जन्म, मृत्यु आदि संस्कारहरू हिन्दू परम्परामै केन्द्रित छन् । यहाँका पहरीहरूमा करीब बीस प्रतिशत क्रिश्चियन धर्मावलम्बी छन् । क्रिश्चियन धर्म मान्ने ती पहरीहरू आफ्ना सम्पूर्ण व्यवहारिक कार्य त्यसै धर्मअनुसार गर्छन् । नेपालका अरू ठाउँ र भू-भागमा बसोबास गर्ने पहरीहरूको आफ्नै मौलिक भाषा छ । भोटबर्मेली भाषा परिवारका यी पहरीहरूको आफ्नै धार्मिक, सांस्कृतिक, सामाजिक, भाषिक तथा साहित्यिक परम्परा छ तर राईगाउँमा बस्ने पहरीहरूलाई त्यसको कुनै ज्ञान छैन । यस गाविसका पहरहिरूले आफ्नो घरव्यवहार, चालचलन, बोलीचाली, लेखपढ आदिको भाषा नेपालीलाई नै बनाएका छन् । राईगाउँका पहरीमा प्रचलित लोकसाहित्यको भाषा पनि नेपाली नै हो ।

परिच्छेद : तीन **लोकसाहित्यको सैद्धान्तिक परिचयसित** सम्बन्धित छ । लोकसाहित्य लोकको सम्पत्ति, मनोरञ्जनको साधन, ज्ञान आर्जनको विषय, शिक्षाप्राप्तिको स्रोत तथा इतिहासको प्रस्तुति हो । अज्ञात स्रष्टा, बन्धनमुक्त, सरल र सजिलो तथा आम लोकभाषाको प्रयोगले नै यो झन्-झन् लोकप्रिय बन्दै गएको छ । एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको लोकसाहित्यको विशेषताहरूमा मौखिक परम्परा, कल्पनाको प्रबलता, सामुहिकता र मनोरञ्जनात्मकता पर्दछन् । लोकलाई मनोरञ्जन दिने, शिक्षा वा उपदेश बाँड्ने, लोकमङ्गलको भावना बढाउने तथा समाजको यथार्थता पस्किने यसका प्रयोजन र उद्देश्य हुन् । त्यसैगरी सामाजिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक, आर्थिक तथा भाषा वैज्ञानिक महत्त्व लोकसाहित्यको रहेको छ ।

परिच्छेद : चार **राईगाउँ गाविसका पहरीजातिमा प्रचलित लोकसाहित्यको सङ्कलन र वर्गीकरणसित** सम्बन्धित छ । मकवानपुरको पूर्वी सिमानामा रहेको गाविस राईगाउँमा लोकसाहित्यिक परम्परा छ । पहरीजातिको सुख-दु:ख, आँसु-हाँसो, मेलापात, घाँस-दाउरा, जात्रा-उत्सव आदिका क्रममा भावनात्मक अभिव्यक्तिका रूपमा लोकसाहित्यका लोकगीत, लोककथा, गाउँखाने कथा, उखान र टुक्का अभिव्यक्त भएका छन् । राईगाउँका पहरीहरूमा प्रचलित लोकसाहित्यलाई विधागत रूपमा मुख्यतः पाँच भागमा वर्गीकरण गरिएको छ । ती हुन् लोकगीत, लोककथा, गाउँखाने कथा, उखान र टुक्का । वर्गीकृत यिनै पाँच विधा पहरी जातिमा प्रचलित लोकसाहित्यका विधागत भेदहरू हुन् ।

परिच्छेद : पाँच **राईगाउँ गाविसका पहरीजातिमा प्रचलित लोकसाहित्यको अध्ययनसित** सम्बन्धित छ । यस परिच्छेदमा राईगाउँका पहरीहरूमा प्रचलित लोकसाहित्यिक विधाहरू लोकगीत, लोककथा, गाउँखाने कथा, उखान र टुक्काको अध्ययन तथा विश्लेषण गरिएको छ । लोकगीत लोकसाहित्यको सर्वाधिक प्रिय विधा हो । राईगाउँ गाविसका पहरीहरूमा पनि यो ज्यादै लोकप्रिय छ । लोकगीतलाई यहाँका पहरीहरूले आफ्नो प्राणको ढुकढुकी मानेका छन् । राईगाउँका पहरीहरूमा झ्याउरे, चुड्का, सँगिनी, शिशु, कर्म, पर्व, बाह्रमासे र संस्कारजन्य गरी आठ प्रकारका लोकगीतहरू प्रचलनमा छन् । झ्याउरे लयका तीन, चुड्काका दुई, सँगिनीको एक, शिशुको एक, कर्मका तीन, पर्वका छ, बाह्रमासे छ तथा संस्कारजन्य दुई गरी चौबीसवटा लोकगीतहरू राईगाउँले पहरीहरूमा प्रचलित छन् । प्रचलित २४ वटै गीतहरू अनुप्रासिकतामा टुङ्गिएका छन् । यी गीतहरूमा आठवटामा केटा र केटीको दोहोरो संवाद अभिव्यक्त भएको छ भने १० वटा गीतहरू

एकोहोरो संवाद कथन ढाँचाका छन् । देउसी, आशिष देउसी र भैली गीत अन्यत्रझैँ राईगाउँका पहरीहरूले गाउँछन् । मुगलान पारी बाबाले विवाह गरिदिएकाले छोरीको गुनासो भएको तीज पर्वमा गाइने **मुगलान पारी दिए बाले** शीर्षकको पर्वगीत यहाँका महिलाहरूले गाउने प्रसिद्ध गीत हो । जसरी पनि दसैं मनाउनु पर्ने बाध्यतालाई **आयो दशमी ढोलकी बजाई** शीर्षकको गीतले व्यक्त गरेको छ । **चुना चलावे** शीर्षकको शिशुगीत सबभन्दा सानो कथ्य संरचना भएको र **तिमी जस्तो म हैन घुमन्ते** शीर्षकको गीत ठूलो कथ्य संरचना भएको गीत हो । उल्लेखित २४ वटा लोकगीतहरूमध्ये अधिकतम बीस पङ्क्ति र न्यूनतम छ पङ्क्तिका छन् । त्यसैगरी यी लोकगीतहरूमा घटीमा दुई पङ्क्तिका र बढीमा चार पङ्क्तिका गुच्छ समूह रहेका छन् । दुःख-सुख, प्रेम-विरह, मिलन-विछोड, आँसु-हाँसो जस्ता मनका भाव आफ्नामाझ यिनै लोकगीतका माध्यमले बिसाउने काम राईगाउँका पहरीहरूले गरेका छन् । अज्ञात स्रष्टा, मौखिक रचना, लयात्मक, चरण वा अन्तराको पुनरावृत्ति, स्थायीको दोहोरो कथन, सरलता र सहजता, सामूहिकता, कथनमा विविधता, स्थानीय गाउँले भाषा, परिवर्नतशीलता, उपदेशात्मकता, सङ्क्षिप्तता र राईगाउँको स्थानीय परिवेश राईगाउँले पहरीहरूले गाउने लोकगीतका प्रमुख विशेषताहरू हुन् । घाँस-दाउरा, मेलापात, जात्रा-उत्सव, चाडपर्व, विवाह-व्रतबन्ध, खेतीपाति आदि विभिन्न अवसरहरूमा लोकगीतहरू गाउने प्रचलन राईगाउँका पहरीहरूमा रहेको छ ।

लोककथा लोकसाहित्यको अभिन्न अङ्ग हो । राईगाउँका पहरीहरूमा यसको प्रचलन आदिकालदेखि नै छ । राईगाउँका पहरीहरूमा प्रचलित लोककथाहरूलाई चारवटा विषयवस्तुमा विभाजित गरी अध्ययन गरिएको छ । किंवदन्तीमूलक, सामाजिक, पशुपक्षी र अतिप्राकृतिक विषयवस्तुसित सम्बन्धित चार कथाहरू यहाँ प्रचलित छन् । **पहरी जातिको कथा, पहरी ससुरा र मगर ज्वाइँको कथा, बुहारी चरीको कथा** र **सुनकेस्री रानीको कथा** यहाँका प्रचलित लोककथाहरू हुन् । पात्रविधानका दृष्टिले सरल र थोरै पात्र भएको कथामा **पहरीजातिको कथा, पहरी ससुरा र मगर ज्वाइँको कथा** तथा **बुहारी चरीको कथा**हरू पर्दछन् भने जटिल र धेरै पात्रविधान भएको कथा **सुनकेस्री रानीको कथा** हो । अति सङ्क्षिप्त कथ्य विषय बोकेको कथामा **बुहारी चरीको कथा** पर्छ भने जटिल तथा विस्तृत कथ्य विषय भएको कथा **सुनकेस्री रानीको कथा** हो । यी कथाहरूले ठूलो पदमा बसेको व्यक्ति तथा राजा-महाराजाहरूले आफ्नै बल, बुद्धि तथा विवेकले काम गर्नुपर्ने, झुट र बेइमानी कार्यले आत्मग्लानी हुने, सासूहरूले पहिलेदेखि नै बुहारीहरूलाई प्रताडित गर्ने गरेको र सामाजिक

लोकमान्यता विपरीत चल्नु भनेको दुःखलाई निम्तो दिनु हो जस्ता महत्त्वपूर्ण सन्देश तथा भावहरू अभिव्यक्त गरेका छन् । लोकसाहित्यको महत्त्वपूर्ण अङ्गमा गाउँखाने कथा पनि पर्छ । जहाँ व्यक्ति र समाज हुन्छ त्यहाँ गाउँखाने कथा हुन्छ भनिन्छ । राईगाउँका पहरीजातिमा यसको प्रचलन छ । यहाँका पहरीहरूले कृषि व्यवसायसँग सम्बन्धित गाउँखाने कथाहरू, घरायसी व्यवहारमा प्रयोग हुने, शारीरिक विषयवस्तु बोकेका, प्रकृतिका विषयसित गाँसिएका र विविध विषयसँग सम्बन्धित गाउँखाने कथाहरू भन्ने, सुन्ने र सुनाउने गरेका छन् । आनुप्रासिकतामा टुङ्गिने, गीतिलयमा पनि भन्न सकिने, संरचना अश्लील भएका तर अर्थसङ्केत श्लील भएका तथा आम ग्रामीण नेपाली समाजमा प्रचलित गाउँखाने कथाहरू राईगाउँका पहरीहरूमा प्रचलित छन् ।

लोकसाहित्यको प्रमुख विधा उखान पनि हो । राईगाउँका पहरीहरूमा यसको प्रचलन पनि धेरै छ । यहाँका पहरीहरूमा सामाजिक दृष्टिले महत्त्वपूर्ण, नीतिचेतना जागृत गर्ने, ज्ञानविज्ञान बढाउने, कृषि व्यवसायसित सम्बन्धित र लोकविश्वासमा आधारित उखानहरूको प्रचलन ज्यादै छ । त्यसैगरी विविध विषयअन्तर्गत इतिहासको जानकारी पाइने, मनोरञ्जन र हास्यव्यङ्ग्यसित सम्बन्धित, प्रकृतिपरक, पशुपक्षीका बारेमा भनिएका, प्रश्नोत्तरका शैली बोकेका, भाषान्तर भएका, अनुप्रासमूलक, अश्लील खालका र तुकबन्दी उखानहरू राईगाउँले पहरीहरूले भन्ने गरेका छन् । माथि उल्लेखित विषयसित सम्बन्धित उखानहरूले राईगाउँका पहरीहरूको लोकभावना व्यक्त गर्नुका साथै उनीहरूको बोलीचाली, रहनसहन, घरव्यवहार, चालचलन आदि कुराहरूको जानकारी दिएका छन् । त्यसैले त भनिन्छ नि लोकसाहित्य लोकको अमूल्य निधि हो । राईगाउँका पहरीहरूमा टुक्काको प्रचलन पनि रहेको छ । आफ्नो छुट्टै भाषाका टुक्काहरू नभए पनि नेपाली भाषा कै टुक्काहरूलाई राईगाउँका पहरीहरूले आफ्नो गाउँले बोलीचाली, चालचलन, रीतिथितीअनुसार अनुसार भन्ने गरेका छन् । राईगाउँका पहरीहरूमा दुई प्रकारका टुक्काहरूको प्रचलन छ । यहाँका पहरीहरूले क्रियापद भएका क्रियापदयुक्त र क्रियापद नभएका क्रियापदमुक्त टुक्काहरू भन्ने गर्छन् ।

यसरी राईगाउँका पहरीहरूले यिनै लोकसाहित्यका प्रमुख विधाहरू लोकगीत, लोककथा, गाउँखाने कथा, उखान र टुक्का मार्फत् आफ्ना मानवीय भावनाहरूको साटासाट गरी मनोरञ्जन र आनन्द लिने गरेका छन् ।

परिच्छेद : छ **उपसंहार**सँग सम्बन्धित छ । पहिलो परिच्छेददेखि पाँचौं परिच्छेदसम्म गरिएको शोधको सार र निष्कर्षहरूलाई यहाँ प्रस्तुत गरिएको छ । छैठौं परिच्छेद पहिलो,

दोस्रो, तेस्रो, चौंथो र पाँचौं परिच्छेदका निष्कर्षको पनि निष्कर्ष हो । त्यसैगरी यस खण्डपछि सन्दर्भसामग्री सूची तथा परिशिष्ट खण्ड समावेश गरिएको छ । परिशिष्टमा २४ वटै लोकगीतहरूको पूर्ण अंश, चार प्रकारको कथाहरूको पूर्ण अंश, क्रियापदयुक्त र क्रियापदमुक्त टुक्काहरू राख्दै मकवानपुर जिल्लाको भौगोलिक नक्सा, राईगाउँ गाविसको भौगोलिक नक्सा र राईगाउँका पहरीहरूको केही फोटाहरू राख्दै यो शोधपत्रलाई सर्वाङ्गपूर्ण परिएको छ ।

## ६.२ निष्कर्षको निष्कर्ष

प्राकृतिक छटाले भरिपूर्ण जलस्रोतको धनी तथा क्षेत्रफल र भूगोलले थोरै भू-भाग ओगटेको सुन्दर देश नेपाल हो । प्राकृतिक दृष्टिले हिमाली, पहाडी र तराई गरी तीन भागमा र प्रशासनिक दृष्टिले पाँच विकास क्षेत्र, चौध अञ्चल र पचहत्तर जिल्लामा विभाजन गरिएको छ । यो मुलुक प्राकृतिक, सांस्कृतिक, धर्मिक दृष्टिले मात्र होइन जातीय तथा भाषिक दृष्टिले पनि सम्पन्न रहेको छ । माध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत नारायणी अञ्चलको मध्यभागमा पर्ने मकवानपुर जिल्लाको सुदूरपूर्वमा अवस्थित गाउँ विकास समिति राईगाउँ हो । भित्री मधेशमा पर्ने यस गाविसमा अन्यत्रबाट बसाइँ सरेर आएका तामाङ, माझी, दमै, मगर, कामी, क्षेत्री, बाहुन लगायतका जातिहरू तथा यहाँका आदि जाति दनुवार राईको बसोबास रहेको छ । यिनै जातजातिमध्ये आदिकालदेखि बसोबास गर्दै आएको एउटा जाति पहरी हो । विभिन्न जातजाति र भाषाभाषी रहेको राईगाउँका विभिन्न जातिहरूको आफ्नै मौलिक धर्म, संस्कृति, भाषा, साहित्य आदि रहेका छन् तर मकवानपुर जिल्लाको राईगाउँमा बस्ने पहरीहरूको आफ्नो छुट्टै मौलिकपन केहीमा छैन । उनीहरूले बोल्ने, लेख्ने, पढ्ने र विचार विनिमय गर्ने भाषा नेपाली हो र यिनीहरूको साहितय यसैमा अन्तरनिहित छ । राईगाउँका पहरीहरूमा प्रचलित लोकसाहित्य लोकगीत, लोककथा, गाउँखाने कथा, उखान र टुक्का हो । यहाँका पहरीहरूले यिनै लोकसाहित्यका माध्यमबाट आफ्ना दुःख-सुख, आँसु-हाँसो, मिलन-विछोड, प्रेम-विरह आदिको प्रकटीकरण गर्ने गरेका छन् । यिनीहरूले गाउने लोकगीत, भन्ने कथाहरू तथा सुन्ने सुनाउने गरेका गाउँखाने कथा, उखान र टुक्काहरूमा उनीहरूको अन्तरमनका भावहरू अभिव्यक्त भएका छन् र मनोरञ्जनको लोकप्रिय साधन पनि यसैलाई बनाएका छन् । नेपालका जुनसुकै भाग र ठाउँमा बस्ने नेपालीहरूको मनोरञ्जन र आनन्दको साधन लोकसाहित्य हो र राईगाउँका पहरीहरूले पनि त्यसैलाई अनुशरण गरेका छन् । त्यसैले यस्ता नागरिकका अमूल्य निधिलाई

व्यवस्थित गरेर राष्ट्रको लोकसाहित्यिक फाँटमा सहयोग पुऱ्याउनु सबैको चासोको विषय हुनुपर्दछ ।

## ६.३ भावी अध्ययन र अध्येताका लागि सम्भावित शीर्षकहरू

राईगाउँमा बसोबास गरेका पहरीजातिको लोकसाहित्यको विभिन्न विधामा अध्ययन र शोध गर्न चाहने शोधकर्ताहरूका लागि सम्भावित शीर्षकहरू यसप्रकार चयन गरिएका छन् :

क) राईगाउँका पहरीहरूमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र अध्ययन

ख) राईगाउँका पहरीहरूमा प्रचलित लोककथाको अध्ययन

ग) राईगाउँका पहरीहरूमा प्रचलित गाउँखाने कथाको अध्ययन

घ) राईगाउँका पहरीहरूमा प्रचलित उखान र टुक्काको अध्ययन ।

# सन्दर्भग्रन्थ सूची

## क) पुस्तकहरू


अधिकारी, हेमाङ्गराज, **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., (२०६१) ।

ओझा, रामनाथ र मधुसूदन गिरी, **लोकसाहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध,** कीर्तिपुर : स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, तेस्रो संस्क. (२०६०) ।

एम्, ह्यान्डर्फ र बोरफ्युम ग्रिस्टोफर, **काष्ट एण्ड किङ्ग अफ नेपाल,** इण्डिया : बम्बै एशिया पब्लिकेशन हाउस, (सन् १९६६) ।

ग्रियर्सन, जर्ज, **द लिङ्ग्विस्टिक सर्भे अफ इण्डिया,** दिल्ली : मोतीलाल बनारसीदास, (सन् १९६७) ।

जिज्ञासु, भीम राना, **सामान्य ज्ञान,** काठमाडौं : आशिष पुस्तक भण्डार, (२०६२) ।

ज्ञवाली, सूर्यविक्रम र अन्य, **नेपाली सङ्क्षिप्त शब्दकोश,** काठमाडौं : ने.रा.प्र.प्र. (२०४८) ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौं : त्रि.वि.वि., पा.वि.के. (२०४१ फागुन १) ।

नेपाली, गोपाल सिंह, **द नेवार्स,** इण्डिया : बम्बै युनाइटेड एशिया पब्लिकेशन (सन् १९६५) ।

पहरी, कान्छाकाजी, **पहरी जातिको चिनारी,** ललितपुर : ने.प.वि.सं. (२०६२) ।

पहरी, राजु, **पहरी भाषाको वर्णमाला,** ललितपुर : ने.प.वि.सं. (२०५९) ।

पाण्डेय, मधुसूदन, **नेपालका जनजातिहरू,** काठमाडौं : पैरवी प्रकाशन, तेस्रो संस्करण (२०६३) ।

पोखरेल, बालकृष्ण (नि.), **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : ने.रा.प्र.प्र. (२०६०), पुनःमुद्रित ।

बिष्ट, डोरबहादुर, **सबै जातको फूलबारी,** ललितपुर : साझा प्रकाशन, छैठौं संस्करण, (२०५२) ।

भट्टराई, ज्ञानेश्वर, **बृहत् ज्ञानकोष,** काठमाडौं : आशिष पुस्तक भण्डार, (२०५६) ।

**मेचीदेखि महाकाली,** शाही सैनिक इतिहास, काठमाडौं : नेपाल सरकार, सञ्चार मन्त्रालय, (२०३१) ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुईटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, प्रथम संस्क. (२०६३) ।

शर्मा, वसन्तकुमार, **नेपाली शब्दसागर,** काठमाडौं : भाभा प्रकाशन पुस्तक भण्डार, दोस्रो संस्क., (२०५८) ।

शर्मा, नगेन्द्र, **नेपाली जनजीवन,** ललितपुर : सा.प्र., दोस्रो संस्क. (२०५२) ।

## ख) शोधग्रन्थ

पोखरेल, पूजन, **बडीखेलका पहरीहरूको एक समाजशास्त्रीय अध्ययन,** कीर्तिपुर : त्रि.वि.वि. क्याम्पस, अ.प्र. स्नातकोत्तर शोधग्रन्थ (२०५६) ।

## ग) पत्रपत्रिका

आँसु, देबेन, *यतै कतै रुमलिएको जाति पहरी,* **गोरखापत्र** दैनिक (२०५२ पुस ८) ।

**जिल्ला वस्तुगत विवरण,** मकवानपुर : शाखा तथ्याङ्क कार्यालय मकवानपुर (२०६२) पृ. ४-६५ ।

**जिल्ला विकास योजना,** मकवानपुर : जि.वि.स. मकवानपुर (२०६५) ।

*नेपालका आदिवासी जनजाति र प्रारम्भिक सामान्यज्ञान,* **अन्तर्राष्ट्रिय मञ्च,** भाग-१२, पृ. ५७ ।

*पहरीजातिबाट शेरबहादुर सभासद्,* **कान्तिपुर दैनिक** (समाचार) (२०६५ असार २१) ।

भण्डारी, महेन्द्र, *रामदल भाकाको लोककाव्य र लोकगीत,* **गरिमा** मासिक, (२०६५-चैत्र) पृ. ६४-४० ।

सुवेदी, रोशन, *पिछडिएको पहरीको उत्थान कहिले ?,* **गोरखापत्र** दैनिक (२०६५ भदौ २६) ।

## घ) सङ्घ-संस्था तथा व्यक्तिगत मौखिक जानकारी

जिल्ला पार्टी कार्यालय, ऐ.ने.क.पा. (माओवादी), मकवानपुर ।

जिल्ला विकास समिति, मकवानपुर, हेटौंडा ।

तामाङ, सुमन, वर्ष १८, राईगाउँ गा.वि.स. वडा नं. ६, भुर्कुसटोल ।

थापा, रामकृष्ण, सूचना अधिकृत, जि.वि.स., मकवानपुर ।

पहरी, कान्छाकाजी, अध्यक्ष, पहरी विकास संघ, बडीखेल ललितपुर ।

पहरी, छत्रबहादुर, वर्ष ५४, राईगाउँ गा.वि.स.-४, शाखाटार ।

पहरी, जगत, वर्ष ३२, राईगाउँ गा.वि.स.-४, शाखाटार ।

पहरी, ज्ञानीमायाँ, वर्ष ६२, राईगाउँ गा.वि.स.-४, शाखाटार ।

पहरी, ठूलीमायाँ, वर्ष ६८, राईगाउँ गा.वि.स.-६, भुर्कुसटोल ।

पहरी, पूर्णिमा, कक्षा-१०, वागमती मा.वि., राईगाउँ-५ ।

पहरी, राजु, सदस्य, पहरी विकास संघ, बडीखेल ललितपुर ।

पहरी, शेरबहादुर, अध्यक्ष, पहरी राष्ट्रिय मुक्ति मोर्चा, काठमाडौं तथा सदस्य संविधान सभा ।

राई, शुक्रमान, सचिव, वर्ष-४८, राइगाउँ गाविस ।

# परिशिष्ट खण्ड

## १. गीतहरू

### १.१ म त बैरागी

केटा : मायाँ तिम्रो रूप झनै राम्रो,
आजभोलि भेट हुन्न नि हाम्रो,
सिन्की ओलै ओल,
म त बैरागी जान्छु, खोलै खोल ।

केटी : बागमतीले गाईवस्तु बगायो
त्यै बोलीले मोहनी लगायो
बसौँ पाटीमा,
देऊ फोटो दाइ तिम्रो, लगाउँ छातीमा ।

केटा : मलाई देखी ज्यान टाढा भाको
मन मेरो झन उतै छ गाको
सिन्की ओलै .........
म त बैरागी ........... ।

केटी : हातै काट्यो काँचको चुराले
लट्ठै पार्‍यो दाइ तिम्रो कुराले
बसौं पाटीमा .....
देऊ फोटो दाइ ........ ।

केटा : खाजा खानु पातलो चिउराको
भर छैन बैनीको कुराको
सिन्की ओलै ..........
म त बैरागी ..........

*गायक-गायिका: जीवन पहरी, वर्ष-३०, मायाँ पहरी-३२,*
*राईगाउँ-४, शाखाटार, माथ्लो गाउँ*

## १.२ जिन्दगी के छ र ?

सेतोमा सेतो, धानको पिढो, पहेँलो बेसार
दुई दिन बाँच्ने, मानिसको चोला, जिन्दगी के छ र ?
लेकैमा फुल्यो, त्यो लाली गुराँस बेसीको प्याउली,
बैरागी ज्यानले, यो गीत गायो, चैतको न्याउली ।

लेकै र बाट, त्यो चरी झऱ्यो, आलीमा टक्रक्क,
अघि त निकै, चुरीफुरी गर्थ्यौं, अहिले पऱ्यौ कक्रक्क ।

*गायकहरू: लाल पहरी, वर्ष-३०, भूपाल पहरी, वर्ष-२८*
*राईगाउँ-४, शाखाटार*

## १.३ एउटी नल्याई भाछैन

सानोमा सानो, मादलु मेरो, खरी त झर्दैन ।
मरेर जान्छ, जीवन हाम्रो, डर मान्नु पर्दैन ॥
धिपिमा धिपि, बत्ती है बल्यो, लाल्टेनी भितर ।
बैरागी ज्यानको, यो मन् बुझाउने, कोही छैन आखिर ॥
सानुमा सानु, कुसुमे रुमाल धोईदिने कोही छैन ।
जसरी पनि यो वर्ष एउटी नल्याई भाछैन ।

*गायक: जगत पहरी, वर्ष-३२,*
*राईगाउँ-४, शाखाटार*

## १.४ बहिनीले दिएको जाली रुमाल

केटा : बहिनीको माला,
बहिनीले दिएको जाली रुमाल ।
अघि लाग्यो बैशाख त पछि लाग्यो जेठ ।
कता गयौ भन्या मायाँ, बल्ल भयो भेट ॥
भोटे दाइको, लेक वनमा चमरीको गोठ ।
बल्ल-बल्ल भेट भयो किन लेग्रो ओठ ?
बहिनीको माला,

बहिनीले दिएको जाली रुमाल ।

केटी : माया एकातिर,

कर्के नजर मतिर, दिल कतातिर ?

आज मौरी कता भुल्यो ? कुन फूलको रसमा ?

मत्ता हात्ती किन पऱ्यो ? अङ्कुशेको बसमा ।

मुख पनि अँध्यारो छ पीर परेर हो कि ?

ठिक पार्ने दुई जिब्रेको घरमा अर्कै छ कि ?

माया एकातिर,

कर्के नजर मतिर, दिल कतातिर ?

*गायक-गायिका : लाल पहरी, वर्ष-३०, शुक्रमाया पहरी, वर्ष-४०, राईगाउँ-४, शाखाटार ।*

## १.५ लर्किएर जाला जोबन

केटा : छ भने छ भन,

छैन भने लर्किएर जाला जोवन ।

हे... हे... हिमालको चिसो पानी, खाईदिऊँ-खाईदिऊँ लाग्छ ।

यति राम्री पातलीलाई, लैजाऊँ-लैजाऊँ लाग्छ ।

हे... हे... आकाशको गड्याङ्-गुडुङ्, बादलुले हो कि ?

जेठीभन्दा कान्छी राम्री, गाजलुले हो कि ?

हे... छ भने छ भन,

छैन भने लर्किएर जाला जोबन ।

केटी : छ भने छ भन,

छैन भने लर्किएर जाला जोवन ।

हे... हे... यो दाजीको कुरा सुन्दा बसुँ-बसुँ लाग्ने ।

जति-जति नजिक गयो, उति टाढा भाग्ने ॥

हे... हे... खोज खबर केही छैन, फत्तुर मात्र लाउने ।

जता-जता राम्री देख्यो, उतै-उतै धाउने ॥

हे... छ भने छ भन,

छैन भने लर्किएर जाला जोबन ।

*स्रोतः जगत पहरी, वर्ष-३२, शुक्रमाया पहरी, वर्ष-४०, शाखाटार, राईगाउँ-४*

### १.६ छोरीको वेदना

सानो सानो, जाली रुमाल, हातमा लिनुहोस् ।
छोरीहरूको, मनको कथा, सबले सुन्नुहोस् ॥
सातै छोरी, भए पनि, छोरा पाउने रहर ।
अबदेखि, बाआमाले, त्यसो नगर ॥
छोरी मात्रै, भए मेरो, अपुताली पर्‍यो नि ।
नभन्नुहोस्, बा-आमाले, नर्क झरेँ नि ॥
दिन-दिन, पुरुषले, नारीहरूलाई नहेप ।
बच्चा पाउने, मेसिन, मात्र नसोच ॥
छोरी धेर नपाउनुहोस्, छोरा पाउने आसमा ।
छोरीले नै, दागबत्ती, दिन्छन् लाशमा ॥

*गायिकाहरू : हीमा पहरी (कक्षा-८), सुनिता पहरी (कक्षा-८),*
*अनिता पहरी (कक्षा-९), गीता पहरी (कक्षा-१०)*
*बागमती माध्यमिक विद्यालय*
*राईगाउँ-५, राईगाउँ ।*

### १.७ चुना चलावे

पहरी भाषाको प्रचीन बालगीत :-

चुना चलावे, चुना रुवाबे
चुकाम ख्वैकारे, बाबू
चुकाम ख्वैकारे
बाबू, कुल्लैई चोगुन मालाला
चोयु ङयाला, कुल्लैई चोगुन

माथिको गीतको नेपाली अर्थ यस्तो छ :-

कल्ले चलायो, कल्ले रुवायो
केल्लाई रोएको, बाबू केलाई रोएको
आमा आउँदैछिन्, दूध ख्वाउनेछिन्
चुप लाग न, बाबु चुप लाग न ।

*स्रोत : ज्ञानीमाया पहरी, वर्ष-६२, राईगाउँ-४, शाखाटार*

### १.८ रामदले बैनी जाऊँ है

ॐ श्री राम नि  श्री राम दम पर्‍यो हजार
बागमती माइ नि, पशुपति माई दम पर्‍यो हजार
सिरीमा सोते नि, बाख्रालाई पोते, दम पर्‍यो हजार
यो सिमे जुहार नि, यो भुमे जुहार दम पर्‍यो हजार

भट्टयाउने : मन्सुली धानको नि भात खान दिउँला
केटा रामदल : रामदले बैनी जाऊँ है
भट्टयाउने : ढिकीमा कुटेको
केटा रामदल : रामदले बैनी जाऊँ है
भट्टयाउने : क्या राम्रो जिउ छ नि यो बैनीको
केटा रामदल : रामदले बैनी जाऊँ है
भट्टयाउने : भगवान्ले कुँदेको
केटा रामदल : रामदले बैनी जाऊँ है ।
भट्टयाउने : अन्नको खेलो नि, यो दाइको मेलो
केटी रामदल : आ हैन रामदले जाऊँ है
भट्टयाउने : आज नै सकौंला
केटी रामदल : आ हैन रामदले जाऊँ है
भट्टयाउने : चोयाको सोली नि, यो दाइको बोली
केटी रामदल : आ हैन रामदले जाऊँ है
भट्टयाउने : मनैमा राखौंला
केटी रामदल : आ हैन रामदले जाऊँ है
भट्टयाउने : अन्नको खेलो नि, यो दाइको मेलो
केटी रामदल : आ हैन रामदले जाऊँ है
भट्टयाउने : आज नै सकौंला
केटी रामदल : आ हैन रामदले जाऊँ है
भट्टयाउने : चोयाको सोली नि, यो दाइको बोली
केटी रामदल : आ हैन रामदले जाऊँ है
भट्टयाउने : मनैमा राखौंला
केटी रामदल : आ हैन रामदले जाऊँ है

*स्रोत : छत्रबहादुर पहरी, जगत पहरी, शुक्रमाया पहरी, ज्ञानीमाया पहरी, पूर्ववत्, राईगाउँ-४, शाखाटार ।*

### १.९ बाँच्नु छ आसमा

छुपुमा छुपु, धान है रोप्नु, हातमा बीउ छउञ्जेल ।
राम्रैमा लाउली, मीठो नै खाउली, यो ज्यान छउञ्जेल ॥
रातै र गुन्यूँ, रातै र चोली, यो घर पोत्नेलाई ।
खाइलाग्दो जिउ, घरैमा थिएँ, के हेछ्र्यौ जोत्नेलाई ॥
छुपुमा छुपु धान है रोप्नु असार मासमा
तिमी कन्ये केटा म कन्ये केटी बाँच्नु छ आसमा ।

*स्रोत : भूपाल पहरी, लाल पहरी, पूर्ववत्,*
*राईगाउँ-४, शाखाटार ।*

### १.१० दाइँ गर्नु लिपेको खलामा

दाइँ गर्नु लिपेको खलामा ....
रातो रूमाल दाजैको गलामा ...... ॥
दाइँ गर्ने मियोमाथि बस्यो कालो कोइली
दाइँ गर्ने दयैंरालाई घिउ नै घिउको चोइली ....।
दाइँ गर्नु लिपेको खलामा ....
रातो रूमाल दाजैको गलामा ...... ॥
मंसिरको महिनामा, पहेँलपुर धान ... ।
कठै प्रभु दयैंरालाई, कस्ले दियो खान .... ।
दाइँ गर्नु लिपेको खलामा ....
रातो रूमाल दाजैको गलामा ...... ॥

*गायिका : शुक्रमाया पहरी पूर्ववत्, अनिता पहरी, वर्ष-१५ (विद्यार्थी)*
*राईगाउँ-४, शाखाटार ।*

### १.११ आयो दशमी ढोलकी बजाई

आयो त दशमी ढोलकी बजाई
गयो त दशमी ऋण बोकाई
कहिले देवी माला मधेशमा
कहिले पहाड, हिमालैमा ......
आयो त दशमी .............
गयो त दशमी ..............
आयो त दशमी हरकी-हरकी
जान्छ त दशमी फरकी-फरकी
आयो त दशमी .............
गयो त दशमी .............. ।

*स्रोतः ज्ञानमाया पहरी पूर्ववत्, शाखाटार, राईगाउँ-४*

### १.१२ देउसी गीत

आहै भनभन भाइ हो ......... देउसी रे
आहै राम्ररी भन ......... देउसी रे
आहै देउसी रे भन ......... देउसी रे
आहै स्वर मिलाईकन ......... देउसी रे
आहै यस वर्षको ......... देउसी रे
आहै तिहारैमा ......... देउसी रे
आहै देउसीरे खेल्न ......... देउसी रे
आहै आएका हामी ......... देउसी रे
आहै रातो माटो ......... देउसी रे
आहै चिप्लो बाटो ......... देउसी रे
आहै लड्दै पड्दै ......... देउसी रे
आहै आएका हामी ......... देउसी रे
आहै घरबेटी आमै ......... देउसी रे
आहै घरबेटी बाबै ......... देउसी रे
आहै यहाँमात्र हैन ......... देउसी रे
आहै चारमुलुक दिशा ......... देउसी रे
आहै भनभन भाइ हो ......... देउसी रे

*स्रोतः छत्रबहादुर पहरी, दीपक पहरी, जगत पहरी, लाल पहरी, पूर्ववत्, राईगाउँ-४, शाखाटार*

### १.१३ आशिष देउसी गीत

आहै यस वर्ष आउँदा ......... देउसी रे
आहै एकतले घर ......... देउसी रे
आहै अर्कोसाल आउँदा ......... देउसी रे
आहै दुईतले घर ......... देउसी रे
आहै यो घरमा ......... देउसी रे
आहै लक्ष्मीले ......... देउसी रे
आहै बास गरुन् ......... देउसी रे
आहै ढुङ्गा छुँदा ......... देउसी रे
आहै माटै होओस् ......... देउसी रे
आहै माटो छुँदा ......... देउसी रे
आहै अन्न होओस् ......... देउसी रे
आहै घरबेटी आमै ......... देउसी रे
आहै देउसेले देको ......... देउसी रे
आहै आशिष लागोस् ......... देउसी रे
आहै भनभन भाइ हो ......... देउसी रे
आहै देउसी रे भन ......... देउसी रे
आहै नमरी बाँचे ......... देउसी रे
आहै कालले साँचे ......... देउसी रे
आहै अर्कोसाल आउँला ......... देउसी रे
आहै देउसेलाई सिधा ......... देउसी रे
आहै आजलाई बिदा ......... देउसी रे

*स्रोत : छत्रबहादुर पहरी, दीपक पहरी, जगत पहरी, लाल पहरी,*
*पूर्ववत्, राईगाउँ-४, शाखाटार ।*

**१.१४ भैली गीत**

भैलिनी आइन् आँगन
गुन्यू चोलो मागन
हे औंसी बारे !.........
गाई तिहार भैलो ......... ॥

हरियो गोबरले लिपेको
लक्ष्मी पूजा गरेको
हे औँसी बारे !.......
गाई तिहार भैलो ......... ॥

हामी त्यसै आएनौँ
बली राजाले पठाए
हे औँसी बारे !.......
गाई तिहार भैलो ......... ॥

छानामाथि घिरौँला
के-के दिन्छन् हेरौँला
हे औँसी बारे !.......
गाई तिहार भैलो ......... ॥

घरबेटी आमै कस्ती छन् ?
लक्ष्मीमाता जस्ती छन्
हे औंसी .............
गाई तिहार .......... ॥

*स्रोत : आरती पहरी (कक्षा-८), नीमा पहरी (कक्षा-९),*
*लुरीमायाँ पहरी (का-८), हिमा पहरी (कक्षा-८)*
*बागमती माध्यमिक विद्यालय*
*राईगाउँ-५, राईगाउँ ।*

### १.१५ मुगलान पारी दिए बाले

सबैका दाजु भाउजू, चेली लिन, आका छन् ।
आफ्नो भने दाजुभाउजू, टाढा भाका छन् ॥
तिजको बेलामा, जान पाइन, माइती घर ।
सम्झी-सम्झी, रुन्छु सधैँ, माइती गाउँघर ॥
तीजको बेलामा सबै जान्छन् माइत ।
आफ्नो माइती, मुगलान पारी, छैन साइत ॥
तीजको बेलामा घरघर गएर ।
मैजस्ता दुःख पाका, जम्मा भएर ॥
तीजको बेलामा, जानुपर्‍यो मेलामा ।
मै छोरीको, आँसु खस्यो, दैला ठेलामा ॥
तीजको बेलामा माइती लिन आएनन्
मुगलान पारी दिए बाले चालै पाएनन् ॥

*स्रोत : पूर्णिमा पहरी (कक्षा-१०), आरती पहरी (कक्षा-८),*
*धनमाया पहरी (कक्षा-९), हीमा पहरी (कक्षा-८)*
*बागमती माध्यमिक विद्यालय, राईगाउँ-५, राईगाउँ ।*

### १.१६ आजैदेखि थालौँ हामी रुख रोपेर

कताबाट आयो दाजु, बाढी पैरो भेल यो ।
कसो गरी सहने हो, दैवी खेल यो ॥
मानिस बढे रुख काटे, जङ्गलजति मासियो ।
पानी पर्‍यो पैरो गयो, जमिन भासियो ॥
कसोगरी बनाउने दाइ, नाङ्गो डाँडो हरियो ।
खेतबारी पैरो गयो, दिग्दार परियो ॥
वातावरण जोगाउने, हराभरा पारेर ।
आजैदेखि थालौँ हामी, रुख रोपेर ॥

*स्रोत : पूर्णिमा पहरी (कक्षा-१०), नीमा पहरी (कक्षा-९),*
*गीता पहरी (कक्षा-१०), अनिता पहरी (कक्षा-९)*
*बागमती माध्यमिक विद्यालय, राईगाउँ-५, राईगाउँ ।*

**१.१७ मेरो माया कहाँ पुग्यो भनी**

मेरो माया, कहाँ पुग्यो भनी ।
रुख चढी हेर्दै छु म पनि ॥
पारी पाखा वन .... ।
सिमलको भुवा झैँ उड्छ मेरो मन ॥
माघको जाडो, सबैलाई हुन्छ ।
माया सम्झी, थरथरी मन रुन्छ ॥
पारी पाखा वन .......... ।
सिमलको भुवा झैँ ............. ॥
पानी पऱ्यो, सालघारी सुसायो ।
हिजोआज, भेट हुनै हरायो ॥
पारी पाखा वन .......... ।
सिमलको भुवा झैँ ............. ॥
घाम छेक्यो, सुरिलो रुखले ।
कहिले पनि, छोडेन दुःखले ॥
पारी पाखा वन .......... ।
सिमलको भुवा झैँ ............. ॥

*स्रोत : जगत पहरी, लाल पहरी, पूर्ववत्, राईगाउँ-४, शाखाटार ।*

**१.१८ सिमसिम पानीमा**

केटा : यो बहिनीको, घर कता पऱ्यो ?
मैले मायाँ, लाउनलाई सुर गऱ्यो ।
सिमसिम पानीमा ......
सम्झी-सम्झी रोउली बैनी जिन्दगानीमा ।
केटी : चिन्नुजान्नु, केही पनि भाछैन ।
अझै राम्रो, मनपेट पाछैन ।
सिमसिम पानीमा ...
सधैँ सम्झी बसौला जिन्दगानीमा ।

केटा : मेरो मायाँ, कहाँ गयौ यतिन्जेल
मैले खोजेँ परानले भेटिन्जेल ॥
सिमसिम पानीमा ......
सम्भी-सम्भी रोउली बैनी जिन्दगानीमा ।

केटी : जेठीसित दाइ तिम्लाई सुख छ
टाउको एउटा दुई नाम्लो कहाँ हुन्छ ?
सिमसिम पानीमा ...
सधैँ सम्भी बसौला जिन्दगानीमा ।

*स्रोत : मङ्गलबहादुर पहरी, वर्ष-४०, लीला पहरी, वर्ष-३५,*
*राईगाउँ-६, भुर्कुसटोल, मकवानपुर ।*

## १.१९ तिमी जस्तो म हैन घुमन्ते

केटा : घाँस काट्नु, कलिलो भोर्ला ।
लाउँ है माया, जे पर्ला उही टर्ला ॥

केटी : यतिञ्जेल, काँ गाथ्यौ पापी ।
दुःखी ज्यानको, सम्भनै नराखी ॥

केटा : विवशतामा, ज्यान टाढा भाको ।
कर्मको फल फर्कनै नपाको ॥

केटी : गैरी खेतमा, धान फल्यो तीस गेडा ।
जाउँ-जाउँ भन्छौ, कहाँ जानु निस्केर ॥

केटा : चिसो पानी, हरियो खुर्सानी ।
लाउँ न माया, सम्भनी-बिर्सनी ॥

केटी : यो मायाले, के गऱ्यो के गऱ्यो ।
रातको निद्रा, दिनैको भोक टाऱ्यो ॥

केटा : लाग्यो माया, पिरती गाँसेर ।
दिन्छ्यौ मन, अरूलाई हाँसेर ॥

केटी : ल्वाङ्ग सुपारी, हालेर गोजीमा ।
हाम्लाई हो कि, अर्कैको खोजीमा ।

केटा : तिम्रो जीवन जाने भो सुकेर ।
ज्यान सुकायौ दशतिर डुलेर ॥
केटी : यो केटा त, जाली छ भन्थे ।
तिमी जस्तो म हैन घुमन्ते ॥
*स्रोत : लाल पहरी, शुक्रमाया पहरी, पूर्ववत्, राईगाउँ-४, शाखाटार ।*

**१.२० माइती मेरो एक नम्बर**

केटा : तिनै र शहर नेपाललैमा, मैनाले खाने दूधको तर ...
दौडेर आको तिम्रो दर्शन पाको, मैनाले खाने दूधको तर...
यस्तो जङ्गलमा एक्लै बस्ने बहिनी
कहाँ तिम्रो माइती, कहाँ हो घ ...... र........ ?
केटी : सालको पातको, पन्चानब्बे हातको, डाँडामाथि एक्लो वर
घर सोध्छौ भने, फिर्के मुलाबारी, माइती मेरो एक नम्बर
ए दाजु सलाम, फिर्के मुलाबारी माइती मेरो एक नम्ब....र ।
*स्रोत : जगत पहरी, शुक्रमाया पहरी, पूर्ववत्, राईगाउँ-४, शाखाटार ।*

**१.२१ म चाहिँ के कम छु र**

कुखुराको भाले, टाउको झालेमाले
कुरा गर्छ्यौ छाले, छाले भए पनि
ल्याउन भन्थे बाले ।
राजाको हात्ती, फुकेछ राति
राति-राति धाउने तिम्रो, भन को छ साथी ?
ए बैनी जाली, भन को छ साथी ?
हातभरि चुरा, धेरै गर्थ्यौ कुरा
अरू ताक्दै हिंड्थ्यौ, मचाहिँ के कम छु र ?
सुन्यौ बैनी जाली, मचाहिँ के कम छु र ?
एउटा घर पूर्व, एउटा घर पश्चिम
पश्चिमको घरमा, दुईचार महिना बस्यौँ
बस्नुमात्र हैन बैनी, ल्वात्तै घुँडा धस्यौँ ।
*स्रोत : जगत पहरी, लाल पहरी, पूर्ववत्, राईगाउँ-४, शाखाटार ।*

### १.२२ नक्कले छातीमा

नेपालमा भर्ने माना र पाथी,
भो मधेशमा भर्ने सेर
ल्याउन तुलो दाइ तौलेर हेरौँ
कस्को रैछ माया धे ..... र...... ।

घाँस जाऊँ-जाऊँ पानी भर्न जाऊँ,
सल्लेरीको वनमा ।
जोगिनी हुन जान्छु म त दाइ,
बैराग चल्यो, मन ........ मा .......... ।

गाईको घिउ, भैँसीको घिउ,
चौँरी गाईको, घिउ बेग्लै ।
सपनीमा पनि हजुर ज्यानकै काखमा,
विपनीमा म एक ........ लै ......... ।

सिरिमा सिरी, बतासै चल्यो
सिरिसको पाटीमा
सुनको जन्तर कमाई ल्याउँछु भन्थ्यौ
नक्कले छा.... ती.... मा ।

*स्रोत : शुक्रमाया पहरी, पूर्ववत्,*
*शाखाटार, राईगाउँ-४ ।*

### १.२३ रक्षा गर कठै रक्षा गरन

हाम्रा न गाउँका सिमे र भुमे
रक्षा गर कठै रक्षा गरन ।
हाम्रा न गाउँका देवी देउराली
रक्षा गर कठै रक्षा गरन ।

यतिबेला हाम्रा दाजु, पुग्न लागे होलान्
कठै पुग्न लागे होलान्
यतिबेला हाम्रा दाजुका, जन्ती पर्से होलान्
कठै जन्ती पर्से होलान्
यतिबेला हाम्रा दाजु भत्तेर खाँदै होलान्
कठै भत्तेर खाँदै होलान्
यतिबेला हाम्रा दाजु, जग्गे बसे होलान्
कठै जग्गे बसे होलान्
यतिबेला हाम्रा दाजु, दुलही ल्याउँदै होलान्
कठै दुलही ल्याउँदै होलान् '

हाम्रा दाजुको, निम्तो छ, हामीलाई
दिदीबहिनी, हिंड जौं, रत्यौली खेल्नलाई

*स्रोत : धनमायाँ पहरी, देवी पहरी, ज्ञानीमाया पहरी, पूर्ववत्*
*राईगाउँ-४, शाखाटार, मकवानपुर ।*

## १.२४ कति आयौ लुच्चा ?

दुलही पक्ष : कति बाट्यौ नाम्लादाम्ला, कति बाट्यौ कुचा ?
कति आयौ बुढापाका, कति आयौ फुच्चा ?
दुलाहा पक्ष : धेरै बाट्यौं नाम्लादाम्ला, थोरै बाट्यौं कुचा ।
धेरै आयौं बुढापाका, थोरै आयौं फुच्चा ॥

दुलही पक्ष : कति आयौ पढालेखा, कति आयौ फुच्चा ?
कति आयौ टाठाबाठा, कति आयौ लुच्चा ??
दुलाहा पक्ष : धेरै आयौं पढालेखा, थोरै आयौ फुच्चा ।
राम्रै आयौं टाठाबाठा, किन आउने लुच्चा ?
दुलही पक्ष : लेक फुल्ने लालीगुराँस, बेसी फुल्ने जाई
गोठालाजति जम्मै यहाँ आए, उहाँ कल्ले हेर्छ गाई ?

| | | |
|---|---|---|
| दुलाहा पक्ष | : | लेक फुल्ने लालीगुराँस, बेसी फुल्ने जाई<br>गोठालाजति जम्मै यहाँ आए, तिम्रा बाउले हेर्छन् गाई । |
| दुलाही पक्ष | : | आकाशमा उड्ने चरी त कुन हो, भैँभैँमा उड्ने रूपी<br>मेरो सिलोकको जवाफ नदिए, उखेल्छु तिम्रो टुपी । |
| दुलाहा पक्ष | : | आकाशमा उड्ने गरुड र चील हो, भैँभैँमा उड्ने रूपी<br>तिम्रा सिलोकको जवाफ त्यही हो, केको उखेल्छौ टुपी ? |

*स्रोत छत्रबहादुर पहरी, रुद्र पहरी, लाल पहरी, पूर्ववत्,*
*शाखाटार, राईगाउँ-४, मकवानपुर ।*

## २. कथाहरू

### २.१ पहरीजातिको कथा

एकादेशमा एउटा राजा थिए रे ! उनले एकजना मीठो भान्सा तयार गर्ने मान्छे राखेका थिए रे ! ती भान्सेले मीठो पाक्यो कि पाकेन भनेर सधैँ भान्साका परिकारहरू चाख्ने गर्थे रे ! एकदिन भान्सा चाखेको बेला त्यहाँ बस्ने एक बाहुनले देखेछन् रे ! बाहुन भान्से राख्नुपर्नेमा त्यसो नगरी अर्को भान्से राखेकाले राजासँग बाहुनलाई भित्रभित्रै रिस उठी राखेको थियो रे ! राजा एक्लै भएको बेला त्यस बाहुनले भान्सेले खाना जुठो गर्ने गरेको र सो जुठो खाना ख्वाउने गरेको साथै फोहरी पनि भएको कुरा राजालाई सुनाएछ रे ! राजाले लौ देखा त, यदि कुरा झुठो भए बाहुनलाई ठूलो दण्ड दिने र सही भए पुरस्कार दिने बताएछन् रे ! एकदिन बाहुनले भान्सेले भान्साका परिकार चाखिरहेको बेलामा राजालाई देखाएछ  नभन्दै भान्सेले परिकार चाख्दै गरेको देखेर राजाले रिसले राँको हुँदै तथानाम गाली गर्दै, फोहरी-फोहरी भन्दै चार भञ्ज्याङ्ग कटाएछन् रे ! त्यस दिनदेखि बाहुनहरू राजारजौटाका भान्से भएका रे ! साथै चार भञ्ज्याङ्ग कटाएका तिनै भान्सेलाई फोहरी-फोहरी भन्दाभन्दै पहरी हुन गएको रे ! र उनैका सन्तान पहरीहरू हुन् रे ! बाहुनहरूले आफ्नो काम खोसेको र रोजगारी गुमेकाले उनीहरूले (बाहुन) पकाएका पहरीका पुर्खाहरूले नखाएका रे !

*स्रोत : ज्ञानीमायाँ पहरी, वर्ष-६२, छत्रहादुर पहरी, वर्ष-५४, राईगाउँ-४, शाखाटार ।*

## २.२ पहरी ससुरा र मगरज्वाइँको कथा

धेरै पहिलेदेखि यस भेगका जङ्गलहरूमा सिकार खेल्ने सिकारीहरूको समूह पहरी र मगर थरका व्यक्तिहरू थिए रे ! त्यस मध्येको एउटा ससुरा र अर्को ज्वाइँ नाताको रहेछन् रे ! ससुरा पहरी र ज्वाइँ मगर थरका व्यक्ति रहेछन् रे ! ससुरा-ज्वाइँको सिकार खेल्ने त्यस समूहमा पहरी र मगरथरका अन्य व्यक्तिहरू पनि रहेछन् रे ! आफ्नी छोरी भागेर मगर थरको केटासँग पोइल गएकाले त्यस दिनदेखि मगर थरसँग ससुरालाई रिस उठेको थियो रे ! तर पनि सिकार खेल्ने समूहमा ज्वाइँलाई पनि नलगी नहुने बाध्यता भयो रे ! वनमा सिकार मारेपछि सबैलाई बराबरी भाग लाउनु पर्थ्यो रे ! त्यसरी सिकार भाग लाउने बेला पहरी ससुराले आफ्ना साथीहरूलाई सधैँ एउटा वाक्य भन्ने गर्थ्यो रे !

"चे जा चे जा मगर चेर्वा
तो मा तो मा पहरी चेर्वा"

मगर सिकारीहरू र स्वयम् मगर ज्वाइँ पनि पहरी ससुराले त्यो भन्दा राम्रै भनेको होला भनेर मख्ख पर्थे रे ! उनीहरूको समूह सधैँ सिकार खेल्न जाने र पहरी ससुराले जहिले पनि आफ्ना मगर ज्वाइँ र उनका साथीहरूमाझ त्यही वाक्य दोहऱ्याउँथे रे ! एकदिन मगर ज्वाइँले यो के भनेको होला ? आज म आफ्नी स्वास्नीलाई सोध्छु भनेछ रे ! बेलुका सिकार लिएर घर पुगेपछि खाना खाई राति सुत्ने बेलामा ससुराले भनेको उक्त वाक्यसहित सबै कुरा आफ्नी श्रीमतीलाई सुनाएछ रे ! कुरा सुनेपछि श्रीमतीले अँध्यारो मुख पारेर थोरै-थोरै र नराम्रो भाग मगरहरूलाई लाउनु र धेरै-धेरै र राम्रो मात्र पहरीहरूलाई लाउनु भनेको नि हाम्रा बाले भनिछ रे ! आफ्नो लोग्नेलाई पहरी भाषा सिकाउँदै सिपालु बनाइछ रे ! श्रीमतीले, साथै उसले आफ्नो सोझो मगर लोग्नेलाई सम्झाउँदै भनिछ रे- अबदेखि जहिले पनि हाम्रा बा नजिकैको माग तिमीले समात्नू । एकदिन फेरि ज्वाइँ-ससुराको उक्त टोली सिकार खेल्न गएछन् । वनमा सिकार मारेर भाग लाउने बेला ज्वाइँतिर हेर्दै ससुराले आफ्ना पहरी साथीलाई सोही वाक्य भनेछ रे ! ज्वाइँको पालो ससुराको नजिकैको भाग समेत छ रे ! त्यसपछि सबै मगर साथीहरूलाई उक्त वाक्यको अर्थ बताएछ रे ! पहरी ससुरा छक्क परेछ रे ! आफ्नो ज्वाइँ त पहरी भाषामा सबै कुरो गर्न जाने देखेर त्यसदिनदेखि सबैले राम्रा-नराम्रा बराबरी मासुको भाग लाउन थालेछन् रे ! सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला, भन्नेबेला फेरि मुखमा आइजाला ........... ।

*प्रस्तोता : ठूलीमाया पहरी, वर्ष-६१, भुर्कुसटोल, राईगाउँ-६*

## २.३ बुहारी चरीको कथा

एकादेशमा एउटा परिवार थियो रे ! त्यस परिवारका ४ सदस्य थिए रे ! छोरा, बुहारी, सासू र ससुरा । घरमा सासूको हैकम चल्थ्यो रे ! सधैँ कुनै न कुनै निहुँ पारेर ऊ आफ्नी बुहारीलाई हकार्थी अरे ! बुहारी सासूदेखि असाध्यै डराउँथी अरे ! एकदिन सासूले बुहारीलाई ढिकीमा चामल कुट्न अह्राइछ रे ! साथै चामल फुक्दै कुट्नू भरे म मेलाबाट फर्किंदा चामलको एक गेडो पनि नास नगर्नू र भुस पनि केलाएको हुनपर्छ भनेर आफू मेला गइछ अरे ! आफ्ना श्रीमान् पनि सधैँ काममा जाने र बेलुकी पख आउँदा मीठो खाजा बुहारीले आफ्नो लोग्नेलाई ख्वाउँथी रे ! त्यसदिन सासूले अह्राएको काम नै नभ्याउने देखेपछि बुहारी हतार-हतार गरेर फुक्दै चामल कुट्दै थिई रे ! तर बेलुकी साँझसम्म पनि कुट्न नसकेपछि सासूको गाली खाने डरले मान्द्रो काटेर त्यसको पखेंटा बनाई आफू चरा भइछ र सधैँका लागि त्यस घरबाट उडिछ अरे ! लोग्नेलाई आफूले खान ख्वाउन नपाई उड्नुपरेकाले त्यस चराले सधैँ एउटा गीत गाउन थाली रे !

गीत

आकु-फाकु स्या भो नोइ बी
याथो-नोइवी छोन कोम लारो

यसको नेपाली अर्थ

कोउनीको जाँड बना,
चामलको जाँड बना,
तिम्रो लोग्ने आयो,
चामलको जाँड बना ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला, भन्नेबेला फेरि मुखमा आइजाला ........... ।

*प्रस्तोता : ज्ञानीमायाँ पहरी, वर्ष-६२*
*शाखाटार, राईगाउँ-४*

## २.४ सुनकेस्री रानीको कथा

एकादेशमा एकजना राजा थिए रे ! उनका तीन भाइ छोरा र एक छोरी थिइन् रे ! छोरीका सबै रौं सुनका रहेछन् रे ! त्यसैले उनलाई सुनकेस्री रानी भन्थे रे ! एकदिन

सुनकेस्री रानी खोलामा नुहाउन जाँदा एउटा सुनको रौं हराएछ रे ! रौंको खोजी जतातते भयो कसैले भेट्टाउन सकेनछन् । त्यसपछि सुनकेस्री रानीकी आमाले त्यो सुनको रौँ जसले भेट्छ यो छोरीको विवाह त्यसैसँग गरिदिने बाचा गरिछन् रे ! फेरि रौँ खोजतलास भयो, त्यतिखेर सुनकेस्रीका माइला दाजुले सो रौँ फेला पारेछ रे ! आमाले पहिले वाचा गरेकाले सुनकेस्रीको विवाह आफ्नै माइला दाजुसँग हुने भएछ रे !

दरबारमा धुमधामसँग सुनकेस्री र माइलादाइको विवाहको तरखर हुन थाल्यो रे ! सुनकेस्री रानीलाई यो कुरा मन नपरेकाले विरहले छट्पटाउन थालिन् रे ! त्यत्तिकैमा एउटा काग आएर सुनकेस्री रानी तिमी किन यसरी रोएकी, दुःख नमान मसँग एउटा कदमको गेडा छ त्यो लिएर जाऊ साथै आफ्नो साथमा अलिकति तील, चामल र बलियो धागो पनि लैजाऊ । कदमको गेडा माटोमा रोप, यो तुरुन्तै उम्रन्छ, उम्रिने वित्तिकै तिमीले भन्नु बढ, बढ् रे ! कदमका रुख आकाश छोऊ । यति तिमीले भन्ने बित्तिकै रुख ठूलो हुन्छ, तिमी त्यसैमा चढ्नु अनि कसैले तिमीलाई झार्न सक्दैन । कागले भने जस्तै सुनकेस्री रानीले कदमको बीउ लिएर खोला छेऊको जमिनतिर गईन् र त्यसलाई गाडिन्, गाड्ने बित्तिकै बीउ रुख भएर उम्रियो र उनी त्यसमा चढेर बढ बढ रे ! कदमका रुख आकाश छोऊ भनिन् रे ! नभन्दै कदमको सुरिलो रुखले आकाश छोएछ । उनी त्यसमै ढुक्कसँग बसिन् रे !

यता दरबारमा बिहेको लगन आइसकेको थियो रे ! सबैजना सुनकेस्री रानी खोज्न थाले रे ! कसैले फेला पार्न सकेनन् । अन्त्यमा उनकै बाबुले फेला पारेछन् रे ! आकाश छुने रुखको टुप्पामा बसेकी आफ्नी छोरीलाई देखेर बाबुले भनेछन् रे, ओर्ल न ओर्ल सुनकेस्री रानी बिहेको लगन बित्नै लाग्यो क्या ......... ।

सुनकेस्रीले भनिन् रे, ओर्लने थिएँ बाबा हजूर ससुरा नाता पर्ने भो ।

छोरीको जवाफ सुनेर वैरागिएका राजाले छोरीको ससुरा हुनुभन्दा मर्न नै जाति भनेर पहराबाट हामफाली मरेछन् रे !

त्यसपछि आमा पुगेर बोलाइछन् रे ! ओर्ल न ओर्ल सुनकेस्री रानी लगन बित्नै लाग्यो रे !

सुनकेस्रीले आमालाई जवाफ दिइन् रे, ओर्लन त ओर्लने थिएँ आमा सासू नाता पर्ने भो ।

छोरीको जवाफले विरक्त बनेकी रानीले पनि आफ्नो छोरीको सासू हुनुभन्दा मर्नुजाति भनेर छाँगाबाट हाम फालेर ज्यान त्यागिन रे !

त्यसपछि जेठो दाइ पुगेर बोलाउँदै भनेछन् रे, ओर्ल न ओर्ल सुनकेस्री रानी लगन बित्ने भो ।

सुनकेस्री रानीले भनिन् रे, ओर्लन त ओर्लने थिएँ दाजु जेठाजु नाता पर्ने भो ।

बहिनीको जवाफ सुनेपछि बहिनीको जेठाजु हुनुभन्दा त मर्न जाति भनी जेठो दाइले पनि ज्यान फालेछन् रे !

त्यसपछि झोकिँदै रिसाउँदै माइलादाइ पुगेछन् रे ! ओर्लने भए ओर्ली नत्र रुख ढाल्छु भनेछन् रे !

उनले दाजुलाई रुँदै जवाफ दिइछन् रे ! ओर्लन त ओर्लने थिएँ दाजु, स्वामी नाता पर्ने भो ।

बहिनीको जवाफ सुनेपछि विरक्त लागेर माइला दाजुले पनि बहिनीको लोग्ने हुनुभन्दा मर्नु नै बेस भनेर पहराबाट हामफाली मरेछ रे !

अन्त्यमा कान्छो भाइ आएर रुँदै भनेछ, दिदी म पनि तिमीसँगै आउँछु । सुनकेस्रीले भनिन् रे ! नआऊ तिमीलाई भोक लाग्छ, तिर्खा लाग्छ, निद्रा लाग्छ, आफ्नै घर फर्केर जाऊ । तर कान्छो भाइले मान्दै मानेन रे ! त्यसपछि आफूसँग भएको धागो सुनकेस्रीले भुइँमा खसालिन् रे ! त्यही धागोमा समातेर भाई रुखमा पुगेछ र सुनकेस्रीले मायाँ गर्दै भाइलाई गालामा म्वाइ खाएर काखमा राखिन् रे !

एकदुई दिनपछि भाइले दिदी मलाई भोक लौग्यो भनेछ । सुनकेस्रीले आफूसँग भएको तिल, चामल खान दिइन् रे ! “यो तिलचामल खाऊ तर भुइँमा एक गेडो पनि नझार ।” भाइले नझारुँ भने पनि सानो भएकाले नपोखिकन खानै जानेन । खाँदाखाँदै आधा तिलचामल तल भुइँमा खस्यो । केहीबेर पछि भुइँमा जतातत‍ै गाईभैँसी चरेको देखियो रे ! भाइले यत्राविधि गाईभैँसी कहाँबाट आए भनी सोधेछन् रे ! दिदीले अघि तिमीले तिलचामल भुइँमा झारेर खायौ, झरेका तिलचामल मध्ये तिलजति भैँसी र चामलजति गाई भए । ए उसो भए ती सबै गाईभैँसी हाम्रौ रहेछन् । अब ती गाईभैँसी म हेर्छु तिमीचाहिँ घरमा काम गर दुबै मिली पालेर बसौँ । भाइले भनेको कुरा दिदीलाई पनि मनासिव लाग्यो र उनीहरू गाईभैँसी पालेर बस्न थाले रे !

भाइ सधैँ गाईभैँसी हेर्ने गर्थ्यो । दिदी घरमा कामधन्दा सघाउँथिन् र गाईभैँसीका घाँस जम्मा गर्थिन् रे ! दिदीभाइ साह्रै राम्ररी मिलेर बसेका थिए रे ! गाईभैँसी चराउन जाँदा भाइले दिदीलाई भात पकाएर राख र गोठका दाम्ला मिलाई राख्नु भनेर जान्थ्यो रे र दिदी

सधैँ त्यसै गर्थिन् रे ! एकदिन अर्कै देशको राजकुमार सिकार खेल्न त्यसै वनमा आएछ रे ! सिकार खेल्दै जाँदा साह्रै राम्री एउटी केटीलाई देखेछ र केटी भए ठाउँ पुगेछ र नाम सोधेछ रे ! केटीको आफूले देखेको पहिलाको अनुहार नदेखेपछि ऊ एकछिन अलमलमा परेछ । तैपनि नजिकै अम्खोरामा रहेको पानी खान केटीसँग मागेछ रे र सोही पानीले केटीको मुखमा छेपेछ र केटी आफूले देखेकै हो भन्ने कुरा पत्ता लगाएपछि तिनीलाई त्यहाँबाट लगेछ रे !

उता भाइ बेलुका गोठालो गरी फर्कदाँ घरमा अलपत्र चिजबिज देखेछ, भात पनि नपकाएको, दाम्लाहरू पनि जतातते छरिएको देखेपछि आत्तिँदै दिदी-दिदी भनी कराएछ । वरपर सबैसँग दिदीको बारेमा सोधखोज गऱ्यो कतै नदेखेपछि ऊ धुरुधुरु रुन थाल्यो ।

ऊ रोएको देखेर गोठकी एउटी बूढी गाईले सम्झाउँदै भनिछ । तिम्री दिदी भएको ठाउँमा म पुऱ्याउँछु आउ मेरो ढाडमा चढ । भाइ बूढी गाईको ढाडमा चढ्यो । दुबै सुनकेस्रीको खोजीमा निस्के । घना जङ्गलको बाटो भएकाले बीच-बीचमा बाघहरू भेटिन्थ्यो रे ! जब केटा र बूढी गाईमाथि बाघ झम्टन पुग्थ्यो तब बूढी गाईले एउटा सर्त राख्थी रे ! तिमी मेरो आँगको रौँ गन अनि मात्र हामीलाई खाऊ बाघ जब बूढी गाईको रौँ गन्न थाल्यो तब उसले आँग जिरिङ्ग कमाउँथी रे ! अनि हार खाएर रौँ गन्न नसकेर बाघले छाडि दिन्थ्यो रे ! त्यसो गर्दै हिंड्दा हिंड्दा धेरै दिनपछि बूढी गाई र केटा सुनकेस्री भएको ठाउँमा पुग्यो रे ! गाईको ढाडबाट तल झरेर केटा अलमलमा परेछ । दिदीलाई कसरी बोलाउने । कुनै उपाय नभेट्टाएपछि पिँढीमा झोक्रिएर बसेछ ।

त्यत्तिकैमा झ्यालबाट आफ्नी दिदीले कपाल कोर्ने काइँयो भुइँमा झरेछ । यसरी नै काइँयो कौसीबाट तल झर्दा पहिला-पहिला भाइले टिपेर दिने गर्थ्यो आज पनि ऊ भएको भए मलाई दिन्थ्यो नि । तल बसेको भाइले दिदीले गुनगुनाएको सुनेछ र भुइँमा झरेको काइँयो टिपेर दिदीको कोठामा पुगेछ । भाईलाई काइँयो बोकेर आफ्नो अघिल्तिर उभिएको देख्दा खुसीले रमाउँदै भनिछन् कसरी यहाँ आइपुग्यौ ? भाइले भएभरका सबैकुरा बूढीगाईको सहयोग, बाटामा बाघले दिएको दुःख आदि सबै दिदीलाई सुनायो र दिदीसँग धेरैदिनपछि भेटेकोले अङ्कमाल गरेछ यसरी दिदीभाइ फेरी सँगै बस्न थाले रे ! सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला, भन्नेबेला फेरि मुखमा आइजाला ......... ।

*स्रोतः ज्ञानीमायाँ पहरी, वर्ष-६२, राईगाउँ-४, शाखाटार,*

## ३. राईगाउँका पहरीजातिमा प्रचलित क्रियापदयुक्त र क्रियापदमुक्त टुक्काहरू

### ३.१ क्रियापदयुक्त टुक्का

अँगालो मार्नु
आँखाको कसिङ्गर हुनु
आँखा तर्नु
आगोमा घिउ हाल्नु
आँसु पुछ्नु
इज्जत फाल्नु
उम्रँदैमा तीन पात हुनु
करङ भाँच्नु
काख रित्तिनु
कान भर्नु
कान थुन्नु
कान पक्रनु
कानमा तेल हाल्नु
खुट्टा तान्नु
खप्पर खुट्नु
गाँस टिप्नु
गोरु ब्याउनु
घर भाड्नु
चित्त दुख्नु
चिसो पस्नु
च्याँखे थाप्नु
छाक टार्नु
जहाज डुब्नु
जिब्रो टोक्नु
जुँगाको रेखी बस्नु
जुनी फेर्नु
जोइटिङ्ग्रे हुनु
ज्याद दिनु
झिंगा धपाउनु
टाउकोमा टेक्नु
टाट पल्टनु
टाप ठोक्नु
टाउको फोर्नु
टुप्पाबाट पलाउनु
टुपी समात्नु
ताली पिट्नु
तोरीको फूल देख्नु
थुक निल्नु
दिउँसै रात पार्नु
दिन फर्किनु
धोती फुस्किनु
नङ् फुल्नु
नाकमा गुँ लगाउनु
नाक फुलाउनु
निहुँ झिक्नु
पाउ मल्नु
पाखुरा निमोठ्नु
पानी बार्नु
पेट पोल्नु
पैँचो तिर्नु
पोथी बास्नु
बज्र पर्नु
बाजी थाप्नु
बाउको बिहे देख्नु
बाटो ढुक्नु
बाटो तताउनु

बिंडो थाम्नु
बुद्धिमा किरा पर्नु
भाग्य सप्रिनु
भुँडी बोक्नु
भात लाग्नु
मन डढ्नु
मन डुलाउनु
मन पग्लनु
मन फाट्नु
मन मिल्नु
मति बिग्रनु
मात लाग्नु
माया मार्नु
मुख टाल्नु
मुख लाउनु
मुटु हल्लनु
मुन्टो बटार्नु
रात बिताउनु
लाज पचाउनु
लात मार्नु
सुइँको पाउनु
स्वाङ् पार्नु
स्वाङ रच्नु
सौता हाल्नु
हिस्स पर्नु


*स्रोत : शेरबहादुर पहरी, छत्रबहादुर पहरी, ज्ञानीमाया पहरी, ठूलीमाया पहरी, पूर्ववत् ।*

**३.२ क्रियापदमुक्त**


असारको पन्ध्र
आँखाको तारो
आँखाको नानी
आकाशे खेती
उनिउँको फूल
एक कान दुई कान मैदान
किताबी किरो
कुवाको भ्यागुतो
कुहिराको काग
गोरु बेचेको साइनो
घिरौला जत्रो नाक
चैते बाँदर
छेपाराको उखान
डाँडाको घाम
दुबै हातमा लड्डु
न्याउरी मारी पछुतो
परालको आगो
पानीमाथिको ओभानो
पानीमुनिको माछा
फरियाको नाता
बलिको बोको
बाँदरका हातमा नरिबल
भालुको कन्चर
भुसको थैली
रुद्रघण्टी नभएको
वीरबलको खिचडी
सुनमाथि सुगन्ध
हग्नु न मुत्नु
हाँसको चाल न बकुल्लाको चाल
हातको मयल

*स्रोत : पूर्ववत् ।*

## ४. मकवानपुर जिल्लाको भौगोलिक नक्सा



५. राईगाउँ गाविसको भौगोलिक नक्सा



## ६. फोटोमा पहरीहरू

### ६.१ राईगाउँ गाविस वडा नं. ४, शाखाटारको पहरी बस्ती



६.२ लोककथा, लोकगीत, गाउँखाने कथा, उखान र टुक्काको जानकारी दिई सहयोग गर्नुहुने राईगाउँ-४, शाखाटार निवासी वर्ष ६२ र ४० का ज्ञानीमाया पहरी तथा शुक्रमाया पहरी जसलाई गोलो घेराभित्र राखिएको छः



६.३ आफ्नो जातीय पेसामा माछा मार्ने जाली लिई उभिएका वर्ष ३२ का जगत पहरी जसले दोहोरी गीत लगायतमा सहयोग गरेका थिए ।



६.४ शोधकर्तालाई सहयोग गर्नुहुने राईगाउँ-४, शाखाटार निवासी पहरी समाजका अग्रज वर्ष ५४ का छत्रबहादुर पहरी, टोपीमा बायाँबाट लगायत अन्य पहरी महानुभावहरू ।



६.५ स्थानीय बागमती मा.वि. मा अध्ययनरत पहरी छात्र-छात्राहरू, गोलो घेरामा रहेका आरती पहरी, धनमाया पहरी र पूर्णिमा पहरी जसले तीजगीतको जानकारी गराएका थिए ।



६.६ समानुपातिकबाट ए.ने.क.पा. (माओवादी) का तर्फबाट पहरीजातिको प्रतिनिधित्व गर्दै संविधान सभाका सदस्य बनेका पहरी समाजका एकमात्र सभासद् शेरबहादुर पहरी, जसले यस शोधपत्र तयारीमा विशेष सहयोग गरेका थिए ।

